"समृद्ध गेरुवा गाउँपालिका निर्माणको आधार : कृषि, पर्यटन र पूर्वाधार"

# गेरुवा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

पशुपतिनगर, बर्दिया, लुम्बिनी प्रदेश, नेपाल

# मध्यमकालीन खर्च संरचना

(आर्थिक वर्ष २०८२/८३ - २०८४/८५)

## अन्तिम प्रतिवेदन

# विषयसूची


परिच्छेद - १: परिचय १

१.१ पृष्ठभूमि १

१.२ अवधारणा तथा उद्देश्य १

१.३ कानूनी तथा संस्थागत व्यवस्था २

१.३.१ संस्थागत व्यवस्था २

१.३.२ स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति ३

१.३.३ मध्यमकालीन खर्च संरचना कार्यदल ३

१.३.४ विषयगत योजना तर्जुमा समितिहरू ३

१.३.५ बजेट तथा कार्यक्रम तर्जुमा समिति ४

१.४ तर्जुमा प्रक्रिया ४

१.४.१ कार्य तालिका तथा जिम्मेवारी निर्धारण ५

परिच्छेद - २: मध्यमकालीन खर्च संरचना ६

२.१ पृष्ठभूमि ६

२.२ सोच, लक्ष्य, उद्देश्य तथा रणनीति ६

२.३ मध्यमकालीन आर्थिक खाका ७

२.४ मध्यमकालीन नतिजा खाका ८

२.५ मध्यमकालीन बजेट खाका १०

२.६ कार्यक्रम तथा आयोजनाको साङ्केतीकरण तथा बजेट विनियोजन र प्रक्षेपणको बाँडफाँट ११

२.६.१ रणनीतिक स्तम्भको आधारमा तीन आर्थिक वर्षको अनुमान तथा प्रक्षेपण ११

२.६.२ प्राथमिकताक्रमको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण १२

२.६.३ दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण १२

२.६.४ लैङ्गिक संकेतको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण १४

२.६.५ जलवायु परिवर्तन संकेतका आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण १४

२.६.६ स्थानीय गौरवका आयोजनाको तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण १५

परिच्छेद - ३: आर्थिक क्षेत्र १६

३.१ कृषि, मत्स्य, पशुपंक्षी तथा जडीबुटी १६

३.१.१ पृष्ठभूमि १६

३.१.२ समस्या तथा चुनौती १६

३.१.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य १६

३.१.४ रणनीति १६

३.२ जडीबुटी १७

३.२.१ रणनीति १७

३.३ पशुपंक्षी विकास तथा मत्स्यपालन १७

३.३.१ पृष्ठभूमि १७

३.३.२ समस्या तथा चुनौती १७

३.३.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य १८

३.३.४ रणनीति १८

३.४ कार्यक्रमको संक्षिप्त विवरण १८

३.५ जोखिम पक्ष तथा अनुमान २०

| | | |
|---|---|---|
| **३.६** | **उद्योग, वाणिज्य, खानी, खनिज तथा आपूर्ति** | **२०** |
| ३.६.१ | पृष्ठभूमि | २० |
| ३.६.२ | समस्या तथा चुनौती | २० |
| ३.६.३ | दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य | २१ |
| ३.६.४ | रणनीति | २१ |
| ३.६.५ | कार्यक्रमको संक्षिप्त विवरण | २१ |
| ३.६.६ | जोखिम पक्ष तथा अनुमान | २२ |
| **३.७** | **पर्यटन** | **२२** |
| ३.७.१ | पृष्ठभूमि | २२ |
| ३.७.२ | समस्या तथा चुनौती | २२ |
| ३.७.३ | दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य | २२ |
| ३.७.४ | रणनीति | २३ |
| ३.७.५ | कार्यक्रमको संक्षिप्त विवरण | २३ |
| ३.७.६ | जोखिम पक्ष तथा अनुमान | २३ |
| **३.८** | **भूमि व्यवस्थापन (भू-उपयोग)** | **२४** |
| ३.८.१ | पृष्ठभूमि | २४ |
| ३.८.२ | समस्या तथा चुनौती | २४ |
| ३.८.३ | दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य | २४ |
| ३.८.४ | रणनीति | २४ |
| ३.८.५ | कार्यक्रमको संक्षिप्त विवरण | २४ |
| ३.८.६ | जोखिम पक्ष तथा अनुमान | २५ |
| **३.९** | **सहकारी** | **२५** |
| ३.९.१ | पृष्ठभूमि | २५ |
| ३.९.२ | समस्या तथा चुनौती | २५ |
| ३.९.३ | दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य | २६ |
| ३.९.४ | रणनीति | २६ |
| ३.९.५ | कार्यक्रमको संक्षिप्त विवरण | २६ |
| ३.९.६ | जोखिम पक्ष तथा अनुमान | २७ |
| **३.१०** | **बैङ्क तथा वित्तीय क्षेत्र** | **२७** |
| ३.१०.१ | पृष्ठभूमि | २७ |
| ३.१०.२ | समस्या तथा चुनौती | २७ |
| ३.१०.३ | दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य | २८ |
| ३.१०.४ | रणनीति | २८ |
| ३.१०.५ | कार्यक्रमको संक्षिप्त विवरण | २८ |
| ३.१०.६ | जोखिम पक्ष तथा अनुमान | २९ |
| **३.११** | **गरिबी निवारण** | **२९** |
| ३.११.१ | पृष्ठभूमि | २९ |
| ३.११.२ | समस्या तथा चुनौती | २९ |
| ३.११.३ | दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य | ३० |
| ३.११.४ | रणनीति | ३० |
| ३.११.५ | कार्यक्रमको संक्षिप्त विवरण | ३० |
| ३.११.६ | जोखिम पक्ष तथा अनुमान | ३१ |

परिच्छेद - ४: सामाजिक क्षेत्र ३७
४.१ शिक्षा, विज्ञान तथा प्रविधि ३७
४.१.१ पृष्ठभूमि ३७
४.१.२ समस्या तथा चुनौती ३७
४.१.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य ३७
४.१.४ रणनीति ३७
४.१.५ कार्यक्रमको संक्षिप्त विवरण ३८
४.१.६ जोखिम पक्ष तथा अनुमान ३९
४.२ स्वास्थ्य ४०
४.२.१ पृष्ठभूमी ४०
४.२.२ समस्या तथा चुनौती ४०
४.२.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य ४०
४.२.४ रणनीति ४०
४.२.५ कार्यक्रमको संक्षिप्त विवरण ४१
४.२.६ जोखिम पक्ष तथा अनुमान ४२
४.३ संस्कृति, भाषा, कला तथा साहित्य ४२
४.३.१ पृष्ठभूमि ४२
४.३.२ समस्या तथा चुनौती ४२
४.३.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य ४३
४.३.४ रणनीति ४३
४.३.५ कार्यक्रमको संक्षिप्त विवरण ४३
४.३.६ जोखिम पक्ष तथा अनुमान ४४
४.४ लैङ्गिक समानता, जेष्ठ नागरिक, अपाङ्गता तथा सामाजिक समावेशीकरण ४४
४.४.१ पृष्ठभूमि ४४
४.४.२ समस्या तथा चुनौती ४४
४.४.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य ४५
४.४.४ रणनीति ४५
४.४.५ कार्यक्रमको संक्षिप्त विवरण ४५
४.४.६ जोखिम पक्ष तथा अनुमान ४६
४.५ बालबालिका ४६
४.५.१ पृष्ठभूमि ४६
४.५.२ समस्या तथा चुनौती ४७
४.५.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य ४७
४.५.४ रणनीति ४७
४.५.५ कार्यक्रमको संक्षिप्त विवरण ४७
४.५.६ जोखिम पक्ष तथा अनुमान ४८
४.६ युवा, मानव संसाधन, श्रम तथा रोजगार ४८
४.६.१ पृष्ठभूमि ४८
४.६.२ समस्या तथा चुनौती ४८
४.६.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य ४८
४.६.४ रणनीति ४९
४.६.५ कार्यक्रमको संक्षिप्त विवरण ४९

४.६.६ जोखिम पक्ष तथा अनुमान ५०
**४.७ खेलकुद तथा मनोरञ्जन ५१**
४.७.१ पृष्ठभूमि ५१
४.७.२ समस्या तथा चुनौती ५१
४.७.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य ५१
४.७.४ रणनीति ५१
४.७.५ कार्यक्रमको संक्षिप्त विवरण ५२
४.७.६ जोखिम पक्ष तथा अनुमान ५३
**४.८ सामाजिक सुरक्षा ५३**
४.८.१ पृष्ठभूमि ५३
४.८.२ समस्या तथा चुनौती ५३
४.८.३ दीर्घकालनीन सोच, लक्ष्य तथा उद्देश्य ५३
४.८.४ रणनीति ५४
४.८.५ कार्यक्रमको संक्षिप्त विवरण ५४
४.८.६ जोखिम पक्ष तथा अनुमान ५४
**४.९ शान्ति सुरक्षा ५४**
४.९.१ पृष्ठभूमि ५४
४.९.२ समस्या तथा चुनौती ५४
४.९.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य ५५
४.९.४ रणनीति ५५
४.९.५ कार्यक्रमको संक्षिप्त विवरण ५५
४.९.६ जोखिम पक्ष तथा अनुमान ५६
**४.१० शवदाहस्थल तथा समाधीस्थल व्यवस्थापन ५६**
४.१०.१ पृष्ठभूमि ५६
४.१०.२ समस्या तथा चुनौती ५६
४.१०.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य ५६
४.१०.४ रणनीति ५७
४.१०.५ कार्यक्रमको संक्षिप्त विवरण ५७
४.१०.६ जोखिम पक्ष तथा अनुमान ५८
**परिच्छेद - ५: पूर्वाधार विकास ६५**
**५.१ खानेपानी तथा सरसफाई ६५**
५.१.१ पृष्ठभूमि ६५
५.१.२ समस्या तथा चुनौती ६५
५.१.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य ६५
५.१.४ रणनीति ६५
५.१.५ कार्यक्रमको संक्षिप्त विवरण ६६
५.१.६ जोखिम पक्ष तथा अनुमान ६६
**५.२ सिँचाई ६७**
५.२.१ पृष्ठभूमि ६७
५.२.२ समस्या तथा चुनौती ६७
५.२.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य ६७
५.२.४ रणनीति ६७

५.२.५ कार्यक्रमको संक्षिप्त विवरण ६८

५.२.६ जोखिम पक्ष तथा अनुमान ६८

**५.३ ऊर्जा ६९**

५.३.१ पृष्ठभूमि ६९

५.३.२ समस्या तथा चुनौती ६९

५.३.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य ६९

५.३.४ रणनीति ६९

५.३.५ कार्यक्रमको संक्षिप्त विवरण ७०

५.३.६ जोखिम पक्ष तथा अनुमान ७१

**५.४ सडक तथा यातायात ७१**

५.४.१ पृष्ठभूमि ७१

५.४.२ समस्या तथा चुनौती ७१

५.४.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य ७१

५.४.४ रणनीति ७२

५.४.५ कार्यक्रमको संक्षिप्त विवरण ७२

५.४.६ जोखिम पक्ष तथा अनुमान ७३

**५.५ आवास, भवन तथा बस्ती विकास ७३**

५.५.१ पृष्ठभूमी ७३

५.५.२ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य ७३

५.५.३ रणनीति ७३

५.५.४ कार्यक्रमको संक्षिप्त विवरण ७४

५.५.५ जोखिम पक्ष तथा अनुमान ७५

**५.६ सूचना तथा सञ्चार ७५**

५.६.१ पृष्ठभूमी ७५

५.६.२ समस्या तथा चुनौती ७५

५.६.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य ७५

५.६.४ रणनीति ७६

५.६.५ कार्यक्रमको संक्षिप्त विवरण ७६

५.६.६ जोखिम पक्ष तथा अनुमान ७७

**परिच्छेद - ६: वातावरण तथा विपद् व्यवस्थापन ८०**

**६.१ वन तथा भू-संरक्षण ८०**

६.१.१ पृष्ठभूमी ८०

६.१.२ समस्या तथा चुनौती ८०

६.१.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य ८०

६.१.४ रणनीति ८०

६.१.५ कार्यक्रमको संक्षिप्त विवरण ८१

६.१.६ जोखिम पक्ष तथा अनुमान ८१

**६.२ जलाधार व्यवस्थापन ८२**

६.२.१ पृष्ठभूमी ८२

६.२.२ समस्या तथा चुनौती ८२

६.२.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य ८२

६.२.४ रणनीति ८२

६.२.५ कार्यक्रमको संक्षिप्त विवरण ८३
६.२.६ जोखिम पक्ष तथा अनुमान ८३
**६.३ विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन ८४**
६.३.१ पृष्ठभूमी ८४
६.३.२ समस्या तथा चुनौती ८४
६.३.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य ८४
६.३.४ रणनीति ८४
६.३.५ कार्यक्रमको विस्तृत विवरण ८५
६.३.६ जोखिम पक्ष तथा अनुमान ८६
**६.४ वातावरण संरक्षण ८६**
६.४.१ पृष्ठभूमी ८६
६.४.२ समस्या तथा चुनौती ८६
६.४.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य ८६
६.४.४ रणनीति ८७
६.४.५ कार्यक्रमको विस्तृत विवरण ८७
६.४.६ जोखिम पक्ष तथा अनुमान ८८
**परिच्छेद - ७: संस्थागत विकास सेवा प्रवाह तथा सुशासन ९०**
**७.१ सुशासन तथा सेवा प्रवाह ९०**
७.१.१ पृष्ठभूमि ९०
७.१.२ समस्या तथा चुनौती ९०
७.१.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य ९०
७.१.४ रणनीति ९०
७.१.५ कार्यक्रमको संक्षिप्त विवरण ९१
७.१.६ जोखिम पक्ष तथा अनुमान ९१
**७.२ मानव अधिकार तथा सामाजिक न्याय ९१**
७.२.१ पृष्ठभूमि ९१
७.२.२ समस्या तथा चुनौती ९२
७.२.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य ९२
७.२.४ रणनीति ९२
७.२.५ कार्यक्रमको संक्षिप्त विवरण ९२
७.२.६ जोखिम पक्ष तथा अनुमान ९३
**७.३ तथ्याङ्क, व्यवस्थापन, राजश्व परिचालन, वित्तीय अनुशासन तथा लेखा व्यवस्थापन ९३**
७.३.१ पृष्ठभूमि ९३
७.३.२ समस्या तथा चुनौती ९३
७.३.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य ९३
७.३.४ रणनीति ९४
७.३.५ कार्यक्रमको संक्षिप्त विवरण ९४
७.३.६ जोखिम पक्ष तथा अनुमान ९४

# तालिम सूची


| | | |
|---|---|---|
| **तालिका नं. १:** | मध्यमकालीन समष्टिगत आर्थिक लक्ष्य | ७ |
| **तालिका नं. २:** | समष्टिगत मध्यमकालीन नतिजा खाका | ८ |
| **तालिका नं. ३:** | त्रिवर्षीय बजेट विनियोजन तथा प्रक्षेपण | १० |
| **तालिका नं. ४:** | रणनीतिक स्तम्भको आधारमा तीन आर्थिक वर्षको अनुमान तथा प्रक्षेपण | ११ |
| **तालिका नं. ५:** | प्राथमिकताक्रमको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रू हजारमा) | १२ |
| **तालिका नं. ६:** | दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण | १२ |
| **तालिका नं. ७:** | लैङ्गिक संकेतको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण | १४ |
| **तालिका नं. ८:** | जलवायु परिवर्तन संकेतका आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण | १४ |

# परिच्छेद - १: परिचय

## १.१ पृष्ठभूमि

मध्यमकालीन खर्च संरचना आवधिक योजना र सार्वजनिक खर्च व्यवस्थापनको महत्वपूर्ण औजार हो। मध्यमकालीन खर्च संरचनाले आवधिक योजनाको सोच, लक्ष्य, उद्देश्य र वार्षिक बजेट बिच तादाम्यता कायम गराउने हुँदा यसलाई योजना र बजेट बिचको सेतुको रुपमा समेत परिभाषित गरिन्छ। यसले प्राथमिकता प्राप्त कार्यक्रम/आयोजनमा स्रोत विनियोजनको सुनिश्चितता गर्दछ। कार्यान्वयन ईकाइलाई जिम्मेवार र जवाफदेही बनाउने हुँदा वित्तीय अनुशासन कायम गर्न मद्दत गर्छ। सीमित स्रोत साधनको विवेकपूर्ण र कुशल विनियोजन, मितव्ययी र पारदर्शी खर्च प्रणालीको स्थापना, सामाजिक-आर्थिक पूर्वाधारको निर्माण मार्फत सेवाको गुणस्तरमा सुधार गरी आर्थिक स्थायित्व तथा वित्तीय सुशासन कायम राख्न मध्यमकालीन खर्च संरचना अत्यन्तै महत्वपूर्ण हुन्छ।

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा नेपाल सरकार, प्रदेश र स्थानीय तहले चालु, पूँजीगत र वित्तीय व्यवस्था सहितको सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने कानूनी दायित्व उल्लेख रहेको छ। उल्लिखित कानूनी दायित्व पूरा गर्न तथा गेरुवा गाउँपालिकाले आफ्नो आर्थिक प्रणालीलाई मितव्ययी, पारदर्शी बनाउँदै विकासका आयोजनालाई वस्तुगत आधारमा प्राथमिकिकरण गर्न यो मध्यमकालीन खर्च संरचना तयार गरेको हो।

यो मध्यमकालीन खर्च संरचना तर्जुमा गर्दा राष्ट्रिय तथा प्रादेशिक दीर्घकालीन र आवधिक योजना, दिगो विकासका लक्ष्य तथा गेरुवा गाउँपालिकाले तर्जुमा गरेको आवधिक योजना समेतलाई मध्यनजर गरिएको छ। गेरुवा गाउँपालिकाको मध्यमकालीन खर्च संरचना तयार गर्दा नेपालको संविधान, २०७२ द्वारा निर्दिष्ट कार्यक्षेत्र, स्थानीय सरकार संचालन ऐन, २०७४, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ तथा स्थानीय तहको मध्यमकालीन खर्च संरचना तर्जुमा दिग्दर्शन, २०७८ लाई मार्ग निर्देशक दस्तावेजको रुपमा लिइएको छ।

## १.२ अवधारणा तथा उद्देश्य

सीमित स्रोत र साधनको विवेकपूर्ण र कुशल विनियोजन, मितव्ययी र पारदर्शी खर्च, सामाजिक-आर्थिक पूर्वाधारको निर्माण मार्फत सेवाको गुणस्तरमा सुधार गरी आर्थिक स्थायित्व तथा वित्तीय सुशासन कायम राख्न मध्यमकालीन खर्च संरचना तर्जुमा अत्यन्तै महत्वपूर्ण हुन्छ। यसले स्थानीय आर्थिक खाका अनुसार समष्टिगत र विषय क्षेत्रगत नतिजा प्राप्त हुने गरी स्रोत तथा खर्चको अनुमान तथा प्रक्षेपण गर्न मद्दत गर्छ। मध्यमकालीन खर्च संरचना तयार गर्दा स्रोत अनुमान तर्फ आन्तरिक राजश्व, संघीय र प्रादेशिक सरकारबाट विभिन्न शिर्षकमा प्राप्त हुने राजश्व बाँडफाँट र अनुदानको आँकलन गरिएको छ। समष्टिगत स्रोतको आँकलन गरी विषय क्षेत्रगत नीति, कार्यक्रम र प्राथमिकताको आधारमा खर्चको अनुमान सहितको त्रिवर्षीय बजेट खाका समेत निर्माण गरिएको छ। कार्यक्रम/आयोजनालाई नतिजा तथा प्रतिफलमा आधारित बनाउनका लागि मध्यमकालीन नतिजा खाका समेत समावेश गरिएको छ। समष्टिगत आर्थिक स्थायित्व, वित्तीय सुशासन

र नतिजामूलक विकास व्यवस्थापन मार्फत विकासको प्रतिफल सबै गाउँपालिकाबासीलाई समतामूलक तवरले वितरण गर्न सार्वजनिक स्रोतको अनुमान, विनियोजन र कार्यान्वयनलाई वस्तुगत र वैज्ञानिक बनाउने प्रयास गरिएको छ । यसमा चालु आर्थिक वर्षको यथार्थ विनियोजन र आगामी दुई आर्थिक वर्षको स्रोत अनुमान समावेश गरिएको छ ।

### उद्देश्यहरू

मध्यमकालीन खर्च संरचना तर्जुमाको उद्देश्य आवधिक योजनाको सोच, लक्ष्य, उद्देश्य र वार्षिक बजेटबिच तादाम्यता कायम गरी सीमित स्रोत साधनको महत्तम उपयोग गर्नु, स्थानीय सरकारको विनियोजन कुशलता, कार्यान्वयनमा दक्षता तथा वित्तीय अनुशासन प्रभावकारी बनाउँदै आर्थिक स्थायित्व तथा वित्तीय सुशासन कायम गर्नु हो । यसका अन्य उद्देश्य देहाय अनुसार रहेका छन् :-

१. पालिकाको आन्तरिक स्रोत, संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण आदिको वास्तविक अनुमान सहित यथार्थमा आधारित बजेट खाका तर्जुमा गर्नु ।
२. प्राथमिकता प्राप्त क्षेत्रमा स्रोत सुनिश्चित गर्नु ।
३. मध्यावधि मुल्याङ्कनद्वारा कार्यान्वयन कुशलता र नतिजा प्राप्ति उन्मुखताको विश्लेषण गर्नु ।
४. तर्जुमा, कार्यान्वयन र अनुगमन मूल्याङ्कन गर्ने सबै निकायलाई जिम्मेवार र जवाफदेही बनाउनु ।

## १.३ कानूनी तथा संस्थागत व्यवस्था

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत, विषय क्षेत्रगत मध्यमकालीन तथा दीर्घकालीन योजना बनाई लागू गर्नुपर्ने व्यवस्था रहेको छ । त्यसैगरी अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १६ मा स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्नुपर्ने व्यवस्था रहेको छ । सोही ऐनको दफा १७ मा यस्तो विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेको छ । दफा १७ को उपदफा (२) मा मध्यमकालीन खर्च संरचना तयार गर्दा देहाय अनुसारको विवरण खुलाउनु पर्ने व्यवस्था रहेको छ :

१. प्रस्तावित योजनाको उद्देश्य,
२. प्रस्तावित योजनाको लागि सम्भाव्यता अध्ययन गर्न र खर्च छुट्याउन आवश्यकताको पुष्ट्याइँ,
३. प्रस्तावित योजना कार्यान्वयन हुन सक्ने आर्थिक वर्ष र त्यसपछि दुई आर्थिक वर्षमा प्राप्त हुन सक्ने प्रतिफल र उपलब्धि,
४. प्रस्तावित योजना लागू गर्न आवश्यक पर्ने खर्चको विवरण,
५. खर्च व्यहोर्ने स्रोत र खर्च गरिएको रकमबाट प्राप्त हुन सक्ने प्रतिफल र उपलब्धिको प्रक्षेपण,
६. प्रस्तावित योजनाको मध्यम अवधिको खर्चको रणनीति र त्यसको वार्षिक खर्चसँग तादाम्यता,
७. सञ्चालित योजना भए गत आर्थिक वर्षमा छुट्याइएको खर्च अनुसार लक्ष्य हासिल भए नभएको,

यसैगरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ७ मा राष्ट्रिय स्रोत अनुमान समितिले संघ, प्रदेश र स्थानीय तहको कुल राष्ट्रिय स्रोत अनुमान गर्नुपर्ने व्यवस्था रहेको छ । स्थानीय तहको समेत स्रोत अनुमानका आधारमा मात्र कुल राष्ट्रिय स्रोत अनुमान गर्न सकिने हुँदा सबै नगरपालिका तथा गाउँपालिकाले मध्यमकालीन खर्च संरचना बनाउनु आवश्यक छ ।

### १.३.१ संस्थागत व्यवस्था

मध्यमकालीन खर्च संरचना आवधिक योजना र वार्षिक बजेटबिच तादाम्यता कायम गर्ने औजार भएकोले वार्षिक बजेट निर्माणमा यसको महत्वपूर्ण भूमिका रहन्छ । यसका लागि स्थानीय तहमा देहाय बमोजिमको संस्थागत व्यवस्था रहेको छ :-

### १.३.२ स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिमको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले मध्यमकालीन खर्च संरचना तयारी कार्यदललाई देहायका कार्य मार्फत सहयोग गर्दछ :-

(क) पालिकाको आगामी तीन वर्षको कुल स्रोत र खर्चको प्रक्षेपण गर्न,

(ख) प्रक्षेपण गरिएको कुल स्रोत र खर्चको आधारमा विषय क्षेत्र र उपक्षेत्रगत खर्चको बजेट सीमा निर्धारण गर्न,

(ग) कार्यक्रम तथा आयोजनाहरु छनौट गरी प्राथमिकताका आधारमा बजेट तथा कार्यक्रम तर्जुमा मार्गदर्शन तयार गर्न,

(घ) बजेट सीमा स्वीकृतिका लागि कार्यपालिका समक्ष पेश गर्न,

(ङ) पालिकाको मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धी समग्र कार्यको निर्देशन गर्न ।

### १.३.३ मध्यमकालीन खर्च संरचना कार्यदल

गाउँपालिकामा मध्यमकालीन खर्च संरचना तयारीका लागि देहाय बमोजिमको एक कार्य दल रहन्छ । सो कार्यदलले प्रत्येक क्रियाकलापमा एकाइगत लागत आँकलन, शाखाहरूको विषयगत रूपमा एकीकृत बजेट मस्यौदा तयारी तथा समन्वय र सहजीकरण गर्दछ ।

(क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक

(ख) विषयगत शाखा प्रमुखहरू - सदस्य

(ग) योजना शाखा प्रमुख - सदस्य सचिव

मध्यमकालीन खर्च संरचना तयारी गर्दा कार्यदलले आवश्यकता अनुसार विषय विज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

### १.३.४ विषयगत योजना तर्जुमा समितिहरू

कार्यपालिकाबाट प्राप्त स्रोत सीमा तथा मार्गदर्शन भित्र रही विषयगत शाखाहरूबाट प्राथमिकता निर्धारण भई बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश भएका कार्यक्रम तथा आयोजनालाई विषयगत रूपमा छलफल, विश्लेषण र पुन : प्राथमिकिकरण गरी पेश गर्ने कार्य विषयगत समितिले गर्दछन् । यसका अलावा मध्यमकालीन खर्च संरचना तयारी प्रक्रियामा विषयगत समितिले देहाय बमोजिमका कार्यहरू सम्पादन गरी मध्यमकालीन खर्च संरचना तयारी कार्यदललाई देहायका कार्य मार्फत सहयोग गर्दछ :

१. गाउँपालिकाको त्रिवर्षीय खर्च प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना र आगामी आर्थिक वर्षको बजेट उपर छलफल र विश्लेषण गर्न ।

२. कार्यक्रम तथा आयोजनाहरुको प्राथमिकीकरणको आधार तयार गर्न ।

३. प्राथिमकता निर्धारण गरिएका कार्यक्रम तथा आयोजनाहरुलाई बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गर्न ।

(क) विषयगत रूपमा कार्यक्रम तथा आयोजनाको प्राथमिकीकरणका निर्धारित आधार, प्रक्रिया एवम् प्राप्त बजेट सीमा र मार्गदर्शन अनुसार बजेट, कार्यक्रम तथा आयोजना प्रस्ताव भए नभएको यकिन गर्न ।

(ख) कार्यदलबाट प्रस्तावित कार्यक्रम तथा आयोजनाको त्रिवर्षीय खर्च प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना र आगामी आर्थिक वर्षको बजेट उपर छलफल र विश्लेषण गर्न ।

(ग) विषय क्षेत्रगत रूपमा तयार भएको मध्यमकालीन खर्च संरचनाको मस्यौदालाई अन्तिम रुप दिई बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गर्न ।

## १.३.५ बजेट तथा कार्यक्रम तर्जुमा समिति

विषयगत समितिबाट प्रस्ताव भएका विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचना र बजेटको एकीकृत मस्यौदा तयारी सम्बन्धी कार्य स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७ बमोजिमको बजेट तथा कार्यक्रम तर्जुमा समितिले गर्नुपर्दछ । मध्यमकालीन खर्च संरचना तयारी कार्यदललाई देहायका कार्य मार्फत सहयोग गर्दछ ।

(क) मध्यमकालीन खर्च संरचनाको मस्यौदा उपर छलफल गरी स्वीकृत बजेट सीमा तथा मार्गदर्शन अनुरुप भए नभएको एकिन गर्न,

(ख) पालिकाको आवधिक योजनाको लक्ष्य, उद्देश्य, प्राथमिकता एवम् चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम, दिगो विकास लक्ष्य र विषय क्षेत्रगत सन्तुलन कायम हुने गरी स्रोत विनियोजन तथा प्रक्षेपण भए नभएको एकीन गर्न,

(ग) गत वर्षहरुको उपलब्धि, आय र खर्चको प्रवृत्ति समेतको विश्लेषण गरी पालिकाको आर्थिक खाका तयार गर्न,

(घ) आवधिक योजनाको लक्ष्य, उद्देश्य, प्राथमिकता तथा रणनीति र चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम, दिगो विकास लक्ष्यको स्थानीयकरण श्रोत पुस्तिका लगायतका आधारमा तय भएको त्रिवर्षिय खर्च तथा स्रोत अनुमानको आधारमा समष्टिगत मध्यमकालीन बजेट खाका तर्जुमा गर्न,

(ङ) आवधिक योजना तथा विषय क्षेत्रगत योजनाको लक्ष्य र उपलब्धि सूचकलाई आधार मानी विषय उपक्षेत्रगत रुपमा तयार भएको नतिजा खाकाको आधारमा समष्टिगत मध्यमकालीन नतिजा खाका तयार गर्न,

(च) मध्यमकालीन खर्च संरचना दस्तावेजलाई स्वीकृतिका लागि आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रमसँगै कार्यपालिकामा पेश गर्न ।

## १.४ तर्जुमा प्रक्रिया

### १.४.१ कार्य तालिका तथा जिम्मेवारी निर्धारण

वार्षिक बजेट तथा कार्यक्रम र मध्यमकालीन खर्च संरचना तर्जुमा गर्दा देहाय बमोजिमको कार्यतालिकाको अवलम्बन गरिएको छ :

| क्रियाकलाप | समयसीमा | जिम्मेवारी |
|---|---|---|
| कार्यपालिकाका सदस्य र विषयगत महाशाखा/शाखा प्रमुखलाई अभिमूखीकरण | फागुन मसान्त | कार्यदल |
| योजना तथा कार्यक्रमको समीक्षा एवम् स्थानीय आर्थिक खाका तयारी | चैत्र १५ गतेभित्र | कार्यपालिका |
| त्रिवर्षीय खर्चको प्रक्षेपण सहित बजेटको आकार र स्रोत आँकलन | बैशाख ५ गतेभित्र | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति |
| बजेट सीमा निर्धारण तथा स्रोत बाँडफाँट | बैशाख ७ गतेभित्र | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति |
| बजेट सीमा र मार्गदर्शन स्वीकृति तथा सम्प्रेषण | बैशाख १५गते भित्र | प्रमुख प्रशासकीय अधिकृत |
| विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको प्रारम्भिक मस्यौदा तयारी | जेठ ५ गते भित्र | कार्यदल/विषयगत समिति |
| विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचना विषयगत समितिमा छलफल | जेठ २५ गतेभित्र | कार्यदल/विषयगत समिति |
| मध्यमकालीन खर्च संरचनाको अन्तिम मस्यौदा तयारी | असार ५ गतेभित्र | बजेट तथा कार्यक्रम तर्जुमा समिति |
| मध्यमकालीन खर्च संरचनालाई कार्यपालिकाबाट स्वीकृत गरी सभामा पेश | असार १० गतेभित्र | कार्यपालिका |
| मध्यमकालीन खर्च संरचना र बजेटमा प्रविष्टि | असार मसान्तभित्र | योजना शाखा |

यसैबिच देहायका चरणहरु पुरा गरी गेरुवा गाउँपालिकाको मध्यमकालीन खर्च संरचना तयारी गरिएको छ ।

**चालु आवधिक योजना र वार्षिक विकास कार्यक्रमको समीक्षा**

↓

**त्रिवर्षीय खर्चको प्रक्षेपणसहित बजेटको आकार र स्रोत आँकलन**

↓

**बजेट सीमा निर्धारण तथा बाँडफाँट**

↓

**बजेट सीमा र मार्गदर्शन स्वीकृति तथा सम्प्रेषण**

↓

**विषय उपक्षेत्रगत मध्यमकालीन खर्च संरचनाको प्रारम्भिक मस्यौदा तयारी**

↓

**विषयगत समितिमा मध्यमकालीन खर्च संरचनाको मस्यौदामाथि छलफल**

↓

**मध्यमकालीन खर्च संरचनाको अन्तिम मस्यौदा तयारी**

↓

**मध्यमकालीन खर्च संरचनाको स्वीकृति**

# परिच्छेद - २: मध्यमकालीन खर्च संरचना

## २.१ पृष्ठभूमि

स्थानीय सरकारले तर्जुमा गरेको आवधिक योजना, कुशलतापूर्वक विनियोजन गरिएको सार्वजनिक खर्च र प्रभावकारी कार्यान्वयनले राष्ट्रिय र प्रादेशिक स्तरमा तय गरिएका दीर्घकालीन र आवधिक योजनाको सोच, लक्ष्य तथा उद्देश्य प्राप्तिमा सघाउ पुर्‍याउँछ। सोह्रौं आवधिक योजना (२०८१/८२-२०८५/८६) तथा **लुम्बिनी प्रदेशको दोस्रो आवधिक योजना (२०८१/८२- २०८५/८६)** ले तय गरेका सोचहरु क्रमश: **"सुशासन, सामाजिक न्याय र समृद्धि"** तथा **"समृद्ध लुम्बिनी: आर्थिक विकास, सुशासन, समता र समुन्नती"** को सोचलाई यथार्थमा परिणत गराउन गरुवा गाउँपालिकाले **" समृद्ध गेरुवा गाउँपालिका निर्माणको आधारः कृषि, पर्यटन र पूर्वाधार"** को सोच सहित आवधिक योजना तर्जुमा गरेको छ। त्यसैगरी उपलब्ध स्रोतको कुशल, मितव्ययी र प्रभावकारी व्यवस्थापनबाट आवधिक योजनाले पहिचान गरेको प्रमुख कार्यक्रम र सूचक हासिल गर्न मध्यमकालीन खर्च संरचना (२०८२/८३- २०८४/८५) तयार गरिएको छ।

गेरुवा गाउँपालिकाले चालु आर्थिक वर्षबाट कार्यान्वयन गर्ने गरी तयार गरेको मध्यमकालीन खर्च संरचनामा राष्ट्रिय र प्रादेशिक आवधिक योजना, दिगो विकासका लक्ष्य तथा गाउँपालिकाले तर्जुमा गरेको आवधिक योजनाको समष्टिगत र क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य तथा रणनीतिको आधारमा उपलब्धि सूचक निर्माण गरिएको छ। यसैगरी आन्तरिक र बाह्य स्रोत अनुमानको आधारमा आगामी तीन आर्थिक वर्षको समष्टिगत आर्थिक खाका, बजेट खाका, नतिजा खाका निर्माण गरेको छ। आवधिक योजनाको रणनीतिक स्तम्भ, आयोजना/कार्यक्रमको प्राथमिकता क्रम, दिगो विकासको लक्ष्य, लैङ्गिक तथा जलवायु संकेत, स्थानीय गौरवका आयोजना तथा विषय क्षेत्रगत आयोजना/कार्यक्रमको आधारमा आगामी तीन आर्थिक वर्षको बजेट अनुमान र प्रक्षेपण गरिएको छ।

## २.२ सोच, लक्ष्य, उद्देश्य तथा रणनीति

| दीर्घकालीन सोच |
|---|
| **" समृद्ध गेरुवा गाउँपालिका निर्माणको आधारः कृषि, पर्यटन र पूर्वाधार"** |
| **लक्ष्य** |
| कृषिमा व्यवसायीकरण, पर्यटनमा विविधिकरण, गुणस्तरीय प्राविधिक शिक्षा, स्वास्थ्य सेवामा सहज पहुँच, उद्यमशिलता र रोजगारी वृद्धि, समतामूलक न्याँयपूर्ण समाज, दीगो र प्रयोगमैत्री पूर्वाधार, जैविक विविधताको संरक्षण, सर्वसुलभ सेवा प्रवाह सहितको सभ्य र समृद्ध गाउँपालिकाको निर्माणको आधारशिला तयार गर्ने। |
| **उद्देश्यहरू** |
| ✓ कृषि तथा पशुपंक्षीपालनको यान्त्रिकरण, व्यवसायीकरण तथा मूल्य श्रृङखलामा बजारीकरण मार्फत आय आर्जनमा वृद्धि गरी रोजगारीका अवसरहरु सिर्जना गर्नु,<br>✓ पर्यटकीय क्षेत्रको विकास तथा सम्वर्द्धन गरी पालिकालाई आकर्षक गन्तव्यको रुपमा विकास गर्नु,<br>✓ गुणस्तरीय व्यवसायीक तथा प्राविधिक शिक्षा तथा स्वास्थ्य क्षेत्रमा सहज पहुँच विस्तार गर्दै समतामूलक समाजको निर्माण गर्नु<br>✓ गाउँपालिकामा जनशक्तिको आकर्षण बढाई विकास आधारशिला तयार पार्नु<br>✓ पुर्वाधार विकासलाई दीगो र गुणस्तरीय तथा वातावरणमैत्री बनाउनु<br>✓ पर्यावरणमैत्री पालिका निर्माणका लागि जैविक विविधताको संरक्षण गर्नु<br>✓ गाउँपालिकाको सेवा प्रवाह प्रणालीलाई सहज र सुलभ बनाउनु। |

**प्रमुख रणनीतिहरु**

- आर्थिक क्षेत्रका मूल स्तम्भहरू जस्तै कृषि, उद्योग र पर्यटन क्षेत्रको समुचित विकास गर्न ती क्षेत्रहरूलाई वैज्ञानिक र व्यवसायिक बनाई यसमा संलग्न मानव स्रोतलाई सक्षम र प्रतिस्पर्धी तुल्याउने ।
- हरेक क्षेत्रको विकासमा अपरिहार्य आधारको रूपमा रहेका आधारभूत भौतिक पूर्वाधार जस्तै सडक, उर्जा, सिँचाई, खानेपानी आदिको विकासलाई उच्च प्राथमिकता दिने ।
- सम्पूर्ण क्षेत्रको दीर्घकालीन विकासलाई प्रत्यक्ष प्रभाव पार्ने शिक्षा र स्वास्थ्य क्षेत्रको संस्थागत विकास गरी मानव स्रोत निर्माण, अध्ययन र अनुसन्धान तर्फ केन्द्रित नीति तथा कार्यक्रमलाई महत्वका साथ कार्यान्वयन गर्ने ।
- सामाजिक न्याय स्थापित गरी समावेशीकरण र पछाडि परेका वर्गलाई मूल प्रवाहीकरण गर्न सहभागितामूलक विकास पद्धति अबलम्बन गरी राज्यको नजरमा कोही पछि नपर्ने नीति कार्यान्वयन गर्ने ।
- विकास निर्माणका हरेक क्रियाकलापमा वातावरण संरक्षण र प्रवर्द्धन हुने क्रियाकलाप समेत गर्न सोको सुनिश्चितता गर्ने ।
- जनमूखी असल शासन स्थापित गर्न संघीय र लोकतान्त्रिक सफल राज्यहरूमा अवलम्बन गरिएका असल अभ्यासहरूलाई हाम्रो विशिष्टिकृत परिस्थिति अनुरूप अनुशरण गर्ने ।

## २.३ मध्यमकालीन आर्थिक खाका

गाउँपालिका क्षेत्रभित्र उपलब्ध मानवीय, प्राकृतिक, आर्थिक, साँस्कृतिक स्रोतको उच्चतम सदुपयोग मार्फत उत्पादनमूखी व्यवसायिक कृषि, उद्योग र पर्यटनको विकास गरी आर्थिक समृद्धि हासिल गर्ने तथा सोको न्यायोचित र समतामूलक वितरण गरी समन्यायिक समाजको निर्माण सहितको आवधिक योजना कार्यान्वयन गर्न आगामी तीन आर्थिक वर्ष निम्नानुसारको स्रोत संकलनको लक्ष्य सहित तयार गरिएका आर्थिक खाका तालिका नं. १ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १:** मध्यमकालीन समष्टिगत आर्थिक लक्ष्य

| क्र.सं. | सूचक | एकाई | गत आ.व.को उपलब्धि | चालु आ.व.को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| १. | वार्षिक उत्पादन | रू. लाखमा | | | | | |
| १.१ | कृषि | रू. लाखमा | | | | | |
| १.२ | गैर कृषि (उद्योग र सेवा) | रू. लाखमा | | | | | |
| २. | औषत पारिवारिक आय | रू. लाखमा | | | | | |
| ३. | उद्योग, व्यापार र व्यवसाय | संख्या | | | | | |
| ४ | औपचारिक क्षेत्रमा रोजगारी सिर्जना | कार्यदिन | | | | | |
| ५ | आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेका परिवार | प्रतिशत | | | | | |

## २.४ मध्यमकालीन नतिजा खाका

संघीय सरकारको सौह्रौं आवधिक योजना, लुम्बिनी प्रदेशको दोस्रो पञ्चवर्षीय योजना, गेरुवा गाउँपालिकाको पार्श्वचित्र तथा आवधिक योजना जस्ता आधारभूत र मार्गनिर्देशक दस्तावेजलाई आधार मानी यस गाउँपालिकाको मध्यमकालीन नतिजा सूचक तयार गरिएको छ। यस अन्तर्गत गत आर्थिक वर्षको वास्तविक उपलब्धि चालु आ.व. को अनुमानित उपलब्धि सहित आगामी तीन आर्थिक वर्षको गन्तव्य तय गरिएको छ।

**तालिका नं. २:** समष्टिगत मध्यमकालीन नतिजा खाका

| क्र. सं. | लक्ष्य, गन्तव्य र सूचक | एकाई | गत आ.व.को वास्तविक उपलब्धि | चालु चा.व.को अनुमानित उपलब्धि | आ.व. २०८२/८३ को लक्ष्य | आ.व. २०८३/८४ को लक्ष्य | आ.व. २०८४/८५ को लक्ष्य |
|---|---|---|---|---|---|---|---|
| १ | आर्थिक वृद्धिदर (औसत) | प्रतिशत | ३.५* | ३.७ | ३.९ | ४.२ | ४.५ |
| २ | प्रति व्यक्ति कुल राष्ट्रिय आय | अमेरिकी डलर | १४५६* | १४७६* | १४५८६* | १४९६* | १५०० |
| ३ | गरिबीको रेखामुनि रहेको जनसंख्या (निरपेक्ष गरिबी) | प्रतिशत | २०.३* | १८.३* | १७.५* | १६.०* | १५ |
| ४ | श्रम सहभागिता दर (१५ वर्ष माथि) | प्रतिशत | ३८.५* | ३९.५* | ४०.५* | ४२.५* | ४३ |
| ५ | बेरोजगारी दर | प्रतिशत | | | | | |
| ६ | रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा | प्रतिशत | ३६.५* | ३७.५* | ३८.५* | ३९.५* | ४० |
| ७ | विद्युतमा पहुँचप्राप्त परिवार | प्रतिशत | ९६.७* | ९६.९* | ९७.३* | ९७.७* | ९८ |
| ९ | ३० मिनेटसम्मको दुरीमा यातायात पहुँच भएको परिवार | प्रतिशत | ८५* | ८६* | ८७* | ८८* | ८९ |
| १० | इन्टरनेट प्रयोगकर्ता कुल परिवार | प्रतिशत | | | | | |
| ११ | अपेक्षित आयु ( जन्महुँदाको) | वर्ष | ७०.५* | ७०.५* | ७०.७* | ७०.९* | ७१ |
| १२ | मातृ मृत्युदर (प्रतिहजार जीवितजन्ममा) | संख्या | १५०* | १४५* | १४०* | १३५* | १३० |
| १३ | पाँचवर्ष मुनिको बाल मृत्युदर (प्रतिलाख जीवितजन्ममा) | संख्या | ३३* | ३१* | २९* | २७* | २६ |
| १४ | ४ वर्ष मुनिका कम तौल भएका बालबालिका | प्रतिशत | | | | | |
| १५ | साक्षरता दर (५ वर्ष माथि) | प्रतिशत | ७६.३* | ७७.३* | ७८६.३* | ७९.३* | ८० |
| १६ | माध्यमिक तह (९-१२) मा खुद भर्नादर | प्रतिशत | | | | | |

| क्र. सं. | लक्ष्य, गन्तव्य र सूचक | एकाई | गत आ.व.को वास्तविक उपलब्धि | चालु चा.व.को अनुमानित उपलब्धि | आ.व. २०८२/८३ को लक्ष्य | आ.व. २०८३/८४ को लक्ष्य | आ.व. २०८४/८५ को लक्ष्य |
|---|---|---|---|---|---|---|---|
| १७ | उच्च शिक्षामा कुल भर्नादर | प्रतिशत | | | | | |
| १८ | उच्च मध्यम स्तरको खानेपानी सुविधा पुगेको घरधुरी | प्रतिशत | २५.८* | २५.९* | २६.८* | २५.९* | २७ |
| १९ | आधारभूत सामाजिक सुरक्षामा आबद्ध जनसंख्या | प्रतिशत | ३२* | ३३* | ३५* | ३७* | ४० |
| २० | लैङ्गिक विकास सूचकांक | सूचकांक | ०.८८५* | ०.८८५* | ०.८८६* | ०.८८७* | ०.८८७ |
| २१ | मनव विकास सूचकांक | सूचकांक | ०.६०१* | ०.६०२* | ०.६०३* | ०.६०४* | ०.६०७ |
| २२ | आधारभूतखाद्य सुरक्षाको स्थितिमा रहेका घरपरिवार | प्रतिशत | | | | | |
| २३ | जीवनकालमा शारीरिक वा मानसिक वा यौन हिंसा पिडित महिला | प्रतिशत | | | | | |
| २४ | आफ्नै स्वामित्वको आवासमा बसोवास गर्ने परिवार | प्रतिशत | | | | | |
| २५ | सिंचित क्षेत्रफल | प्रतिशत | | | | | |
| २६ | पक्की सडकमा पहुँच भएको घरपरिवार | प्रतिशत | | | | | |
| २७ | लैङ्गिक असमानता सूचक | सूचकांक | | | | | |

*स्रोत: सोह्रौं योजना*

## २.५ मध्यमकालीन बजेट खाका

गेरुवा गाउँपालिकाको आन्तरिक स्रोत, तहगत सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण लगायतका स्रोत समेटी पालिकाले आगामी तीन आर्थिक वर्षमा प्राप्त हुने रकमलाई तलको तालिका नं. ३ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ३:** त्रिवर्षीय बजेट विनियोजन तथा प्रक्षेपण

| विवरण | आ.व. २०८०/८१ को यथार्थ | चालुआ.व. २०८१/८२ को विनियोजित बजेट | मध्यमकालीन बजेट अनुमान र प्रक्षेपण | | |
|---|---|---|---|---|---|
| | | | ०८२/८३ को प्रक्षेपण | ०८३/८४ को प्रक्षेपण | ०८४/८५ को प्रक्षेपण |
| बजेट अनुमान | **५६०७३११००** | **५३०८८७५००** | ५८३९७६२५० | ६४२३७३८७५ | ७०६६११२६२.५ |
| चालु खर्च | ३६९४०२१०० | ३८७४०९५०० | ४२६१५०४५० | ४६८७६५४९५ | ५१५६४२०४४.५ |
| पुंजीगत खर्च | १९१३२९००० | १४३४७८००० | १५७८२५८०० | १७३६०८३८० | १९०९६९२१८ |
| आय अनुमान | **५६०७३११८०** | ५३०८८७५०० | ५८३९७६२५० | ६४२३७३८७५ | ७०६६११२६२.५ |
| आन्तरिक आय | **११००००००** | **१११०००००** | १२२१०००० | १३४३१००० | १४७७४१०० |
| राजस्व बाँडफाँट बाट प्राप्त रकम | **९९८४२१८०** | **१०४८८४०००** | ११५३७२४०० | १२६९०९६४० | १३९६००६०४ |
| क. नेपाल सरकार | ९३०६७७०० | ९८८००००० | १०८६८०००० | ११९५४८००० | १३१५०२८०० |
| ख. प्रदेश सरकार | ४७७४४८० | ४०८४००० | ४४९२४०० | ४९४१६४० | ५४३५८०४ |
| रोयल्टी बाँडफाँट | २०००००० | २०००००० | २२००००० | २४२०००० | २६६२००० |
| क. वन रोयल्टी | ० | ० | ० | ० | ० |
| नेपाल सरकार वित्तीय हस्तान्तरण | **३५२७०००००** | **३५२९१०५००** | ३८८२०१५५० | ४२७०२१७०५ | ४६९७२३८७५.५ |
| क. वित्तीय समानीकरण अनुदान | ११५२००००० | ११५७००००० | १२७२७०००० | १३९९९७००० | १५३९९६७०० |
| ख. सशर्त अनुदान (चालु) | १९३६००००० | १९३४१०५०० | २१२७५१५५० | २३४०२६७०५ | २५७४२९३७५.५ |
| ग. सशर्त अनुदान (पुंजीगत) | १७४००००० | १६३०००००० | १७९३००००० | १९७२३०००० | २१६९५३००० |
| घ. विशेष अनुदान | ११५००००० | १७५००००० | १९२५०००० | २११७५००० | २३२९२५०० |
| ङ. समपुरक अनुदान | १५०००००० | १०००००००० | ११००००००० | १२१००००० | १३३१०००० |

| विवरण | आ.व. २०८०/८१ को यथार्थ | चालुआ.व. २०८१/८२ को विनियोजित बजेट | मध्यमकालीन बजेट अनुमान र प्रक्षेपण | | |
|---|---|---|---|---|---|
| | | | ०८२/८३ को प्रक्षेपण | ०८३/८४ को प्रक्षेपण | ०८४/८५ को प्रक्षेपण |
| प्रदेश सरकार वित्तीय हस्तान्तरण | **२४९८९०००** | **२१९९३०००** | २४१९२३०० | २६६११५३० | २९२७२६८३ |
| क. वित्तीय समानीकरण अनुदान | ८४३९००० | ७९९३००० | ८७९२३०० | ९६७१५३० | १०६३८६८३ |
| ख. सशर्त अनुदान (चालु, पुंजीगत) | ६५५०००० | ७०००००० | ७७००००० | ८४७०००० | ९३१७००० |
| ग. विशेष अनुदान | ० | ० | ० | ० | ० |
| घ. समपुरक अनुदान | १०००००००० | ७०००००० | ७७००००० | ८४७०००० | ९३१७००० |
| बैङ्क मौज्दात | **७२२०००००** | **४००००००००** | ४४०००००० | ४८४००००० | ५३२४०००० |

## २.६ कार्यक्रम तथा आयोजनाको साङ्केतीकरण तथा बजेट विनियोजन र प्रक्षेपणको बाँडफाँट

आगामी तीन वर्षको लागि विभिन्न आयामबाट गरिएको बजेट अनुमान र प्रक्षेपणको तुलनात्मक विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

### २.६.१ रणनीतिक स्तम्भको आधारमा तीन आर्थिक वर्षको अनुमान तथा प्रक्षेपण

रणनीतिक स्तम्भ बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान र प्रक्षेपण तालिका नं. ४ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४:** रणनीतिक स्तम्भको आधारमा तीन आर्थिक वर्षको अनुमान तथा प्रक्षेपण

| रणनीतिक संकेत | रणनीतिक स्तम्भ | गत आ.व. २०८०/८१ को यथार्थ | | चालु आ.व. २०८१/८२ को विनियोजन | | आगामी आ.व. २०८२/८३ को प्रक्षेपण | | आ.व. २०८३/८४ को खर्च प्रक्षेपण | | आ.व. २०८४/८५ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | आर्थिक विकास | १०००००००० | ४.८८ | १४६३५०० | १.०५ | १,६०९,८५० | १.०५ | १६०,९८५ | १.०५ | १६,०९८.५० | १.०५ |
| २ | सामाजिक विकास | ४२०००००० | २०.४९ | ५६३३१००० | ४०.३१ | ६१,९६४,१०० | ४०.३१ | ६,१९६,४१० | ४०.३१ | ६१९,६४१.०० | ४०.३१ |
| ३ | पूर्वाधार विकास | १४३९५०००० | ७०.२४ | ७३५५०००० | ५२.६३ | ८०,९०५,००० | ५२.६३ | ८,०९०,५०० | ५२.६३ | ८०९,०५०.०० | ५२.६३ |
| ४ | वन वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र | ५०००००० | २.४४ | ३०००००० | २.१५ | ३,३००,००० | २.१५ | ३३०,००० | २.१५ | ३३,०००.०० | २.१५ |
| ५ | शुसासन तथा संस्थागत विकास | ४०००००० | १.९५ | ५४००००० | ३.८६ | ५,९४०,००० | ३.८६ | ५९४,००० | ३.८६ | ५९,४००.०० | ३.८६ |
| **कुल जम्मा** | | २०४९५०००० | १०० | १३९७४४५०० | १०० | १५३,७१८,९५० | १०० | १५,३७१,८९५ | १०० | १,५३७,१८९.५० | १०० |

## २.६.२ प्राथमिकताक्रमको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

आयोजना प्राथमिकिकरण तथा साङ्केतिकरणको आधारमा गाउँपालिकाले छनौट गरेका आयोजनाको प्राथमिकताक्रम अनुसार बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. ५ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ५:** प्राथमिकताक्रमको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रू हजारमा)

| प्राथमिकता क्रम | आयोजना संख्या | गत आ.व. २०७९/८० को यथार्थ | | चालु आ.व. २०८०/८१ को विनियोजन | | आ.व. २०८१/८२ को प्रक्षेपण | | आ.व. २०८२/८३ को प्रक्षेपण | | आ.व.२०८३/८४ को प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| पहिलो | | | | | | | | | | | |
| दोस्रो | | | | | | | | | | | |
| **कुल जम्मा** | | | | | | | | | | | |

## २.६.३ दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

क्षेत्र र उपक्षेत्रमा विनियोजित बजेटले दिगो विकास लक्ष्य प्राप्तिमा गर्ने योगदानलाई लक्ष्यगत तवरबाट देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ६:** दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

| संकेत नं. | दिगो विकास लक्ष्य | गत आ.व. २०८०/८१ को यथार्थ | | चालु आ.व. २०८१/८२ को विनियोजन | | आगामी आ.व. २०८२/८३ को प्रक्षेपण | | आ.व. २०८३/८४ को खर्च प्रक्षेपण | | आ.व. २०८४/८५ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | गरिबीको अन्त्य | | | ४७०८१४ | ०.१५ | ५०८४७९ | ०.१५ | ५४९१५७ | ०.१५ | ५९३०९० | ०.१५ |
| २ | शून्य भोकमरी | | | ३८८२१ | ०.०१ | ४१९२६ | ०.०१ | ४५२८० | ०.०१ | ४८९०३ | ०.०१ |
| ३ | स्वस्थ जीवन | | | ३६०२१००० | ११.५६ | ३८९०२६८० | ११.५६ | ४२०१४८९४ | ११.५६ | ४५३७६०८६ | ११.५६ |
| ४ | गुणस्तरीय शिक्षा | | | ६१७६६८०० | १९.८२ | ६६७०८१४४ | १९.८२ | ७२०४४७९६ | १९.८२ | ७७८०८३७९ | १९.८२ |
| ५ | लैङ्गिक समानता | | | ४४०००००० | १.४१ | ४७५२००० | १.४१ | ५१३२१६० | १.४१ | ५५४२७३३ | १.४१ |

| संकेत नं. | दिगो विकास लक्ष्य | गत आ.व. २०८०/८१ को यथार्थ | | चालु आ.व. २०८१/८२ को विनियोजन | | आगामी आ.व. २०८२/८३ को प्रक्षेपण | | आ.व. २०८३/८४ को खर्च प्रक्षेपण | | आ.व. २०८४/८५ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | स्वच्छ पानी र सरसफाई | | | ६८७०००० | २.२० | ७४१९६०० | २.२० | ८०१३१६८ | २.२० | ८६५४२२१ | २.२० |
| ७ | दिगो र आधुनिक उर्जामा पहुँच | | | ९०५०००० | २.९० | ९७७४००० | २.९० | १०५५५९२० | २.९० | ११४००३९४ | २.९० |
| ८ | समावेशी र दिगो आर्थिक वृद्धि र मर्यादित काम | | | ६०५३३२ | ०.१९ | ६५३७५९ | ०.१९ | ७०६०५९ | ०.१९ | ७६२५४४ | ०.१९ |
| ९ | उद्योग, नवीन खोज र पूर्वाधार | | | ९२६५०२०० | २९.७३ | १०००६२२१६ | २९.७३ | १०८०६७१९३ | २९.७३ | ११६७१२५६९ | २९.७३ |
| १० | असमानता न्यूनीकरण | | | ३३६२९५५ | १.०८ | ३६३१९९१ | १.०८ | ३९२२५५१ | १.०८ | ४२३६३५५ | १.०८ |
| ११ | दिगो शहर र बस्तीहरु | | | १४५५०००० | ४.६७ | १५७१४००० | ४.६७ | १६९७११२० | ४.६७ | १८३२८८१० | ४.६७ |
| १२ | दिगो उपभोग र उत्पादन | | | ७४७१२५४३ | २३.९७ | ८०६८९५४६ | २३.९७ | ८७१४४७१० | २३.९७ | ९४११६२८७ | २३.९७ |
| १३ | जलवायु परिवर्तन अनुकूलन | | | ११५०००० | ०.३७ | १२४२००० | ०.३७ | १३४१३६० | ०.३७ | १४४८६६९ | ०.३७ |
| १४ | सामुद्रिक स्रोतको उपयोग | | | ० | ०.०० | ० | ०.०० | ० | ०.०० | ० | ०.०० |
| १५ | भूसतह स्रोतको उपयोग | | | ० | ०.०० | ० | ०.०० | ० | ०.०० | ० | ०.०० |
| १६ | शान्ति, न्याय र सबल संस्था | | | २९५९४० | ०.०९ | ३१९६१५ | ०.०९ | ३४५१८४ | ०.०९ | ३७२७९९ | ०.०९ |
| १७ | दिगो विकासका लागि साझेदारी | | | ५७१७०२४ | १.८३ | ६१७४३८६ | १.८३ | ६६६८३३७ | १.८३ | ७२०१८०४ | १.८३ |
| | **कुल जम्मा** | | | ३११६६१४२८ | १०० | ३३६५९४३४३ | १०० | ३६३५२१८९० | १०० | ३९२६०३६४१ | १०० |

## २.६.४ लैङ्गिक संकेतको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

छनौट गरिएका आयोजना/कार्यक्रमको कार्यान्वयनबाट लैङ्गिक समानता कायम गर्न पुऱ्याउने योगदानको आधारमा आगामी तीन आर्थिक वर्षको लागि गरिएको बजेट अनुमान तथा प्रक्षेपण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ७:** लैङ्गिक संकेतको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

| संकेत नं. | लैंगिक संकेत | गत आ.व. २०८०/८१ को यथार्थ | | चालु आ.व.२०८१/८२ को संशोधित अनुमान | | आ.व. २०८२/८३ को विनियोजन | | आ.व. २०८३/८४ को प्रक्षेपण | | आ.व. २०८४/८५ को प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | प्रत्यक्ष लाभ | | | ६३७०६५०० | १२ | ६८८०३०२० | १२ | ७४३०७२६२ | १२ | ८०२५१८४३ | १२ |
| २ | अप्रत्यक्ष लाभ | | | ९०२५०८७५ | १७ | ९७४७०९४५ | १७ | १०५२६८६२१ | १७ | ११३६९०११० | १७ |
| ३ | तटस्थ | | | ३७६९३०१२५ | ७१ | ४०७०८४५३५ | ७१ | ४३९६५१२९८ | ७१ | ४७४८२३४०२ | ७१ |
| | जम्मा | | | ५३०८८७५०० | १०० | ५७३३५८५०० | १०० | ६१९२२७१८० | १०० | ६६८७६५३५४ | १०० |

## २.६.५ जलवायु परिवर्तन संकेतका आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

जलवायु परिवर्तनबाट सिर्जित असर र प्रभाव न्यूनीकरण तथा परिवर्तन अनुकूलका समायोजनामा सघाउने विशेषतायुक्त आयोजना/कार्यकमको आगामी तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तलको तालिका प्रस्तुत गरिएको छ ।

**तालिका नं. ८:** जलवायु परिवर्तन संकेतका आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

| संकेत नं. | जलवायु परिवर्तन संकेत | गत आ.व. २०८०/८१ को यथार्थ | | चालु आ.व.२०८१/८२ को संशोधित अनुमान | | आ.व. २०८२/८३ को विनियोजन | | आ.व. २०८३/८४ को प्रक्षेपण | | आ.व. २०८४/८५ को प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| | प्रत्यक्ष लाभ | | | ९०२५०८७५ | १७ | ९७४७०९४५ | १७ | १०५२६८६२१ | १७ | ११३६९०११० | १७ |
| | अप्रत्यक्ष लाभ | | | ३०७२२४५९६ | ५७.८७ | ३३१८०२५६४ | ५७.८७ | ३५८३४६७६९ | ५७.८७ | ३८७०१४५११ | ५७.८७ |
| | तटस्थ | | | १३३४१२०२९ | २५.१३ | १४४०८४९९१ | २५.१३ | १५५६११७९० | २५.१३ | १६८०६०७३४ | २५.१३ |

## २.६.६ स्थानीय गौरवका आयोजनाको तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

| क्र.स | उपक्षेत्र | कार्यक्रम तथा आयोजना | गत आ.व.को यथार्थ | चालु आ.व.को सशोधित अनुमान | आगामी आ.व.को विनियोजन | आ.व. २०..../.... को खर्च प्रक्षेपण | आ.व. २०..../.... को खर्च प्रक्षेपण |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

# परिच्छेद - ३: आर्थिक क्षेत्र

## ३.१ कृषि, मत्स्य, पशुपंक्षी तथा जडीबुटी

### ३.१.१ पृष्ठभूमि

तराईको समथर भू-भाग रहेको यो गाउँपालिकामा मलिलो जमिनको प्रधानता रहेकोले यहाँको समृद्धिको प्रमुख संवाहक नै कृषि क्षेत्र हो । यस पालिकाका सबै वडामा खेतीपाती हुन सक्ने र भैरहेका प्रसस्त कृषि क्षेत्रहरू छन् । यो पालिका समुद्र सतहबाट १४५ मिटर देखि १८० मिटरको उचाईमा रहेको छ । गाउँपालिकाको आवधिक योजना बाट प्राप्त तथ्याङ्क अनुसार यहाँको ७८.४१ वर्ग कि.मि अर्थात ७०.५३ प्रतिशत भू-भाग कृषि क्षेत्रले ओगटेको छ । यहाँ उत्पादन हुने प्रमुख खाद्यान्न बालीहरू धान, मकै, गहुँ, हुन् भने फलफूल बालीहरू मेवा, आँप, केरा, लिची, भूइँकटहर, अम्बा, कागती, रुखकटहर आदि हुन् । त्यसैगरी दलहन बालीहरू मसुरो, मुङ्ग, रहर, बोडी, मास, केराउ, सिमी आदि, तेलहन बालीहरू तोरी, तील, रायो, सस्यूँ आदि रहेका छन् भने यहाँ प्रशस्त मात्रामा मौसमी तथा बेमौसमी तरकारी बालीहरु उत्पादन हुने गर्दछ । यहाँका अधिकांश जनसंख्या कृषि पेशामा संलग्न रहेकाले गाउँपालिकाको दीर्घकालीन विकास र समृद्धिका लागि यो क्षेत्रलाई वैज्ञानिकीकरण र व्यवसायिकीकरण गर्न सकिने प्रबल सम्भावना रहेको छ ।

### ३.१.२ समस्या तथा चुनौती

परम्परागत तथा निर्वाहमूखी कृषि प्रणाली, पर्याप्त सिँचाईको अभाव, बीउ विजन, मलखाद र शीत भण्डारणको उचित प्रबन्ध नहुनु, कृषिको व्यवसायिकरण र कृषि उपजको बजारीकरण, खाद्यान्नमा आत्मनिर्भर हुने अवस्था हुँदा पनि खाद्यान्न आयात गरिनु, कृषि सडकहरुको अभाव, आवश्यकता अनुसार पशु तथा कृषिको घुम्ती शिविर संचालन गर्न नसक्नु, रैथाने जातका बालीनालीहरू लोप हुने जोखिम रहनु जस्ता समस्या र चुनौती रहेका छन् ।

### ३.१.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| व्यवसायिक कृषि तथा पशुपालनबाट रोजगार उन्मुख दीगो अर्थतन्त्र निर्माण |
| **लक्ष्य** |
| कृषि तथा पशुपालन क्षेत्रको आधुनिकीरण तथा यान्त्रिकरणका माध्यमबाट रोजगारी सृजना गरी गरिबी न्यूनीकरण गर्ने । |
| **उद्देश्यहरू** |
| ✓ परम्परागत कृषि प्रणालीलाई आधुनिकीकरण, यान्त्रिकीकरण एवं व्यवसायीकरण गर्दै खाद्यान्न, तरकारी, फलफुलको उत्पादकत्व वृद्धि र व्यवस्थित बजारीकरणबाट आर्थिक समृद्धि हासिल गर्नु । |

### ३.१.४ रणनीति

१. कृषि प्रणालीलाई आधुनिकीकरण गर्दै उत्पादकत्व वृद्धि गर्ने ।

२. उच्च, प्रतिफलमूखी सघन खेती प्रणालीको अवलम्बन गर्ने ।
३. अत्यावश्यकीय कृषि सामाग्रीको पहुँच र उपलब्धता सुनिश्चित गर्ने ।
४. खाद्यान्न तथा मल भण्डारण तथा विषादीको प्रयोग सम्बन्धी कृषक ज्ञान अभिवृद्धि गर्ने ।

## ३.२ जडीबुटी

नेपालमा भौगोलिक तथा जैविक विविधताका कारण वनजंगल क्षेत्रमा विभिन्न प्रकारका जडीबुटीहरू पाइन्छन् । गाउँपालिकाको आवधिक योजनाबाट प्राप्त तथ्याङ्क अनुसार गाउँपालिकामा झाडी बुट्यान सहितको वनजंगल क्षेत्रले कूल भू-भागको करिब ९.४४ प्रतिशत भू-भाग ओगटेका कारण विभिन्न प्रकारका जडीबुटीहरू पाइन्छन् । यहाँ विशेष गरी गुर्जो, बोजो, हर्रो, बर्रो, अमला, गुजरगानो, निम, तितेपाती, तुलसी, लेमन ग्रास, बेल, भलायो, कुरिलो, लजाउने काँडा, सर्पगन्धा आदि जस्ता जडीबुटीहरू पाइन्छन् । तथापि यस्ता जडीबुटीहरुको व्यवसायिक उत्पादन हुन सकेको छैन । यस्ता जडीबुटीहरुको पहिचान गरी व्यावसायिक उत्पादन, प्रशोधन र बजार प्रवर्द्धन गर्न सकेमा स्थानीयबासीको आयआर्जनमा समेत टेवा पुऱ्याउँन सकिन्छ ।

### ३.२.१ रणनीति

१. गाउँपालिकामा पाइने बहुमुल्य जडीबुटीको पहिचान र संरक्षण गर्ने ।
२. कृषकलाई व्यवसायिक जडीबुटी उत्पादनका लागि प्रोत्साहन गर्ने ।
३. कृषि र जडीबुटी उत्पादनलाई एकीकृत गरी व्यवसायिकता प्रवर्द्धन गर्ने ।

## ३.३ पशुपंक्षी विकास तथा मत्स्यपालन

### ३.३.१ पृष्ठभूमि

नेपालका अन्य स्थानहरुमा जस्तै यस गाउँपालिकाका अधिकांश घरपरिवारहरूले पशुपंक्षी पाल्ने गरेका छन् । गाउँपालिकाको आवधिक योजना बाट प्राप्त तथ्याङ्क अनुसार कुल घरधुरीहरु मध्ये ८०.६ प्रतिशत ले पशुपालन गर्ने गरेका छन । यसमा पनि ४१ प्रतिशतले गाई, ४४ प्रतिशतले भैसी, ७८ प्रतिशतले बाखा, ८३ प्रतिशतले कुखुरा, हाँस पाल्ने गरेको पाइन्छ । गाउँपालिकाबासीले गाई, भैंसी, बाखा, सुगुर, बंगुर, कुखुरा, हाँस, परेवा, टर्की, बट्टाई, लगायतका पशुपंक्षी पाल्ने र बिक्री गर्ने गरेका छन् । उष्ण क्षेत्रमा उपयुक्त हुने जातका पशुपंक्षीहरूको यहाँ व्यावसायिक उत्पादनको राम्रो सम्भावना रहेको हुनाले कृषि तथा पशु फर्महरू मार्फत पशुपंक्षीहरूको व्यवसायिक उत्पादन समेत हुँदै आएको छ। तथापि पशुपंक्षीपालनमा आधुनिकीकरण र व्यवसायीकरण हुन नसकेकाले यिनीहरुको बिक्री वितरणबाट प्राप्त हुने आम्दानी भने न्यून रहेको छ। अर्कोतर्फ, यस गाउँपालिकामा माछापालनबाट आर्थिक आम्दानीको राम्रो सम्भावना भएता पनि केही फाट्टफुट्ट बाहेक ठूलोस्तरको व्यवसायिक व्यवस्थित माछापालन भने हुन सकेको छैन् । गाउँपालिकामा भूमिगत जलस्रोतको पर्याप्त उपलब्धता भएकोले स्थानीय जलवायू अनुकूलका माछा पालन गर्न उपयूक्त देखिन्छ ।

### ३.३.२ समस्या तथा चुनौती

पशुपंक्षीपालन कार्यलाई व्यवसायिक बनाउन नसकिनु, बजारको माग अनुसारको उत्पादन र आपूर्ति संयन्त्रको व्यवस्था नहुनु, पशुपंक्षी तथा मत्स्यपालन व्यवसायको आधुनिकीकरण हुन नसक्नु, पशुपंक्षी, मत्स्यपालन सेवा केन्द्र तथा दक्ष प्राविधिकहरूको अभाव, पशुपंक्षी उपचार पर्याप्तता नहुनु, स्थानीय प्रजातीका पशुपंक्षी तथा माछा संरक्षणका लागि पर्याप्त अध्ययन अनुसन्धान नहुनु जस्ता समस्या र चुनौतीको विद्यमानता रहेको छ ।

### ३.३.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| व्यवसायिक पशुपालनबाट रोजगार उन्मूख दिगो अर्थतन्त्र निर्माण |
| **लक्ष्य** |
| पशुपालन क्षेत्रको आधुनिकीरण तथा यान्त्रिकरणका माध्यमबाट रोजगारी सृजना गरी गरिबी न्यूनीकरण गर्ने । |
| **उद्देश्यहरू** |
| ✓ पशुपालन व्यवसायको आधुनिकीकरण, विविधिकरण तथा व्यवसायीकरण गर्दै कृषकहरुको दिगो आयश्रोतको रुपमा स्थापित भई गरिबी न्यूनीकरण गर्नु । |

### ३.३.४ रणनीति

१. पशुपंक्षी पालन व्यवसायलाई आधुनिक, व्यवस्थित तथा प्रविधिमैत्री बनाउने ।
२. पशुपंक्षीजन्य उत्पादनको निर्यात गर्ने ।
३. माछापालनमा इच्छुक कृषक पहिचान गर्ने ।
४. माछाका भूरामा अनुदान दिने ।
५. माछाको स्थानीय माग पूरा गरी निर्यात गर्ने ।

## ३.४ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | एक वडा एक तरकारी तथा फलफूल खेती पकेट | बाली विशेष पकेट क्षेत्र पहिचान | ०८२/८३-०८४/८५ | २०० | एक वडा एक तरकारी तथा फलफूल खेती पकेट क्षेत्र विस्तार भएको हुने |
| २. | कृषि प्रणालीको यान्त्रिकरणका लागि कृषि सामग्री खरिदमा अनुदान | कृषि कार्यलाई प्रोत्साहन | ०८२/८३-०८३/८४ | १५० | कृषि प्रणालीको यान्त्रिकरणका लागि कृषि सामग्री खरिदमा अनुदान प्रदान गरिएको हुने |
| ३. | कृषि जन्य वस्तुको भण्डारणका लागि संकलन केन्द्र तथा चिस्यान केन्द्रको स्थापना | कृषि उपज भण्डारण व्यवस्थापन | ०८२/८३-०८३/८४ | ४५० | कृषि जन्य वस्तुको भण्डारणका लागि संकलन केन्द्र तथा चिस्यान केन्द्रको स्थापना भएको हुने |
| ४. | कृषक सामाजिक सुरक्षा कार्यक्रम | कृषकलाई प्रोत्साहन | साल बसाली | १०० | कृषक सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन भएको हुने |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ५. | करार खेती कार्यक्रम | कृषि कार्यलाई प्रोत्साहन | साल बसाली | १५० | करार खेती कार्यक्रम सञ्चालन भएको हुने |
| ६. | मूल्य श्रृङखलामा आधारित कृषि विकास कार्यक्रम | उच्च मूल्यका बाली पहिचान | साल बसाली | १५० | मूल्य श्रृङखलामा आधारित कृषि विकास कार्यक्रम सञ्चालन भएको हुने |
| ७. | कम्पोष्ट तथा जैविक मल उत्पादन उद्योगको स्थापना | कृषि कार्यमा सहजिकरण | ०८२/८३-०८४/८५ | २५० | कम्पोष्ट तथा जैविक मल उत्पादन उद्योगको स्थापना भएको हुने |
| ८. | गाउँपालिकामा पाइने सबै प्रकारका जडीबुटीको ब्रोसर तथा प्रोफाइल तयार | जडीबुटी उत्पादन | ०८२/८३-०८२/८३ | २०० | गाउँपालिकामा पाइने सबै प्रकारका जडीबुटीको ब्रोसर तथा प्रोफाइल तयार भएको हुने |
| ९. | गाउँपालिकास्तरीय Herborium निर्माण | Herborium निर्माण | ०८१/८२-०८२/८३ | ३०० | गाउँपालिकास्तरीय Herborium निर्माण भएको हुने |
| १०. | जडीबुटी सम्बन्धी जनचेतना सञ्चार | जडीबुटी प्रवर्द्धन | ०८२/८३-०८२/८३ | २०० | जडीबुटी सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन भएको हुने |
| ११. | स्थानीय जडीबुटी पहिचान तथा उपयोगिता र संरक्षण बारे जनचेतना | जडीबुटीको पहिचान | ०८२/८३-०८२/८३ | ३०० | स्थानीय जडीबुटी पहिचान तथा उपयोगिता र संरक्षण बारे जनचेतनामूलक कार्यक्रम सम्पन्न भएको हुने |
| १२. | पशुपालन पकेट क्षेत्र विकास कार्यक्रम | पशुपालनलाई प्रोत्साहन | साल बसाली | २०० | पशुपालन पकेट क्षेत्र विकास कार्यक्रम सञ्चालन भएको हुने |
| १३ | उन्नत नस्लका पशुपंक्षीको खरिद तथा पशुपंक्षी पालनका लागि आवश्यक प्रविधिको खरिदमा अनुदानको व्यवस्था | पशुपालनमा सहजीकरण | ०८२/८३-०८३/८४ | ३०० | उन्नत नस्लका पशुपंक्षीको खरिद तथा पशुपंक्षी पालनका लागि आवश्यक प्रविधिको खरिदमा अनुदानको व्यवस्था भएको हुने |
| १४ | पशु धनको सुरक्षा ( पशु स्वास्थ्य बिमा, खोप, महामारीजन्य रोग आदि), संरक्षण र संवर्द्धन र नस्ल सुधारका लागि अनुदान | पशुपालनलाई प्रोत्साहन | ०८२/८३-०८३/८४ | ३०० | पशु धनको सुरक्षा ( पशु स्वास्थ्य बिमा, खोप, महामारीजन्य रोग आदि), संरक्षण र संवर्द्धन र नस्ल सुधारका लागि अनुदान दिइएको हुने |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १५ | मत्स्य पकेट क्षेत्र | माछापालन गर्ने कृषकलाई प्रोत्साहन | ०८२/८३-०८२/८३ | २०० | मत्स्य पकेट क्षेत्र विस्तार भएको हुने |
| १६ | पशुजन्य उत्पादनको बजार प्रवर्द्धनका लागि मूल्य श्रृङखलामा आधारित कार्यक्रम | मूल्य निर्धारण | ०८२/८३-०८३/८४ | ३०० | पशु जन्य उत्पादनको बजार प्रवर्द्धनका लागि मूल्य श्रृङखलामा आधारित कार्यक्रम सञ्चालन भएको हुने |

## ३.५ जोखिम पक्ष तथा अनुमान

उल्लिखित क्रियाकलाप प्राथमिकता र उचित लगानीका साथ संचालन नभएमा उपलब्धि हासिल नहुने जोखिम रहन्छ। गाउँपालिका क्षेत्रमा पशुपंक्षी तथा माछापालक कृषकको तथ्याङ्क उपलब्ध, प्राविधिक सेवाको विस्तार र सहज पहुँच स्थापना, संकलन तथा बिक्री वितरण केन्द्रको स्थापना पशुपंक्षी तथा माछापालक कृषकलाई सहुलियत दरको ऋण तथा अनुदान उपलब्ध भएमा व्यवसायिक उत्पादन फस्टाउने सम्भावना रहन्छ। उपयुक्त लगानी, कृषक अभिमूखीकरण, बजारको पहिचान, माग र आपूर्तिबिच सम्बन्ध कायम गराउन नसकेमा उपलब्धि हासिल नहुने जोखिम रहन्छ।

## ३.६ उद्योग, वाणिज्य, खानी, खनिज तथा आपूर्ति

### ३.६.१ पृष्ठभूमि

गाउँपालिकामा मुख्यतया कृषि पेशामा संलग्न घरपरिवारको संख्या बढी भएकोले विशेषगरी कृषिमा आधारित साना तथा मध्यम किसिमका उद्योग र अन्य घरेलु उद्योगहरू यहाँ सञ्चालनमा रहेका छन् तथापि ठूलो स्तरका उपभोक्ता बजारहरूको निकटता रहेकोले यहाँ व्यावसायिक रूपमा गाई, भैसी, बंगुर, माछा, कुखुरा, बाखा आदि पालन भइरहेको छ। गाउँपालिकाको आवधिक योजना २०७८ बाट प्राप्त तथ्याङ्क अनुसार यहाँ कृषि जन्य उत्पादनसंग सम्वन्धीत साना तथा घरेलु उद्योगहरु करिव १५० भन्दा बढी रहेका छन् भने विहानी र शान्ति बजार यहाँका प्रमूख व्यापारिक केन्द्र हुन जहाँ खुद्रा व्यावसायीको बाहुल्यता रहेको छ। विशेषत: यहाँ प्रशस्त कृषि उत्पादन हुने हुँदा कृषिमा आधारित उद्योगहरूको राम्रो सम्भावना देखिन्छ।

### ३.६.२ समस्या तथा चुनौती

आर्थिक पूर्वाधारको कमी, बैङ्क तथा वित्तीय औद्योगिक कर्जा परिचानको कमजोर अवस्था, संगठित निजी क्षेत्रको अनुपस्थिती, युवा जनशक्ति विदेश पलायन हुनु, निजी क्षेत्रको लगानी आर्कषण गर्न नसकिनु, वित्तीय सुरक्षाको पर्याप्त प्रत्याभूति नहुनु, उद्योग विकासको लागि सडक, यातायात, विद्युत् तथा अन्य भौतिक पूर्वाधारको विकास गर्नु, अद्यौगिक सीप विकास केन्द्र नहुनु लगायतका समस्या तथा चुनौती यस पालिकामा समेत रहेका छन्।

## ३.६.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| आत्मनिर्भर उद्योग, व्यवस्थित व्यवसाय: रोजगारीको दिगो स्रोत |
| **लक्ष्य** |
| स्थानीय उत्पादनमा आधारित उद्योगको प्रवर्द्धन तथा व्यवस्थित व्यवसायको विस्तारबाट रोजगार उन्मुख ग्रामीण अर्थतन्त्रको आधार तयार पार्ने । |
| **उद्देश्यहरू** |
| ✓ औपचारिक तथा अनौपचारिक रुपमा सञ्चालित उद्योग तथा व्यवसायलाई सार्वजनिक, सहकारी तथा निजी क्षेत्रको सहकार्यमा विस्तार गरी रोजगारीका अवसर सिर्जना गर्नु । |

## ३.६.४ रणनीति

१. स्थानीय कच्चा पदार्थमा आधारित उद्योग स्थापनामा जोड दिने ।

२. गाउँपालिका भित्र अनौपचारिक रुपमा सञ्चालित व्यवसायलाई गाउँपालिकाको दायरामा ल्याई व्यवस्थित गर्ने ।

३. स्थानीय कृषि उद्योगबाट उत्पादित सामग्रीको ब्रान्डिङ गर्ने ।

४. स्थानीय बजार प्रवर्द्धन कार्ययोजना निर्माण गरी कार्यान्वयन गर्ने ।

## ३.६.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | औद्योगिक तथा व्यवसायिक सम्बन्धी नीति तर्जुमा | कानूनको निर्माण | ०८२/८३-०८३/८४ | २५० | औद्योगिक तथा व्यवसायिक सम्बन्धी नीति तर्जुमा भएको हुने |
| २ | वडा नं. २ मा उद्योग ग्रामको स्थापना | औद्योगिक क्षेत्रको विस्तार | ०८२/८३–०८२/८३ | २५० | वडा नं. २ मा उद्योग ग्रामको स्थापना भएको हुने |
| ३ | सामुदायिक वन उपभोक्ता समूह सँगको सहकार्यमा वनमा आधारित उद्यमको विकास | वनमा आधारित उद्योग प्रवर्द्धन | ०८२/८३–०८४/८५ | ४५० | सामुदायिक वन उपभोक्ता समूहसँगको सहकार्यमा वनमा आधारित उद्यमको विकास भएको हुने |
| ४ | भूमि बैङ्कको स्थापना गरी यस मार्फत दीर्घकालीन कृषि र उद्योग व्यवसाय सञ्चालन गर्न जग्गा भाडामा उपलब्ध हुने प्रणालीको विकास | उद्योग स्थापना | ०८२/८३–०८२/८३ | ४५० | भूमी बैङ्कको स्थापना गरी यस मार्फत दीर्घकालीन कृषि र उद्योग व्यवसाय सञ्चालन गर्न जग्गा भाडामा उपलब्ध हुने प्रणालीको विकास भएको हुने |
| ५ | आयातित पेय पदार्थलाई प्रतिस्थापन गर्ने गरी स्थानीय उत्पादनको वृद्धि तथा ब्राण्डिङ | स्थानीय उत्पादनमा आधारित उद्योग स्थापना | ०८२/८३–०८३/८४ | ४५० | आयातित पेय पदार्थलाई प्रतिस्थापन गर्ने गरी स्थानीय उत्पादनको वृद्धि तथा ब्राण्डिङ भएको हुने |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ६ | गाउँपालिका भित्र अनौपचारिक रुपमा संचालित उद्योग तथा व्यवसायीहरुको अभिलेखीकरण | उद्योगी पहिचान | ०८२/८३-०८२/८३ | ३०० | गाउँपालिका भित्र अनौपचारिक रुपमा संचालित उद्योग तथा व्यवसायीहरुको अभिलेखीकरण भएको हुने |

### ३.६.६ जोखिम पक्ष तथा अनुमान

भौतिक, आर्थिक, वित्तीय, प्राविधिक, मानवीय र पर्यावरणीय पूर्वाधारको पर्याप्त विकास हुन नसकेमा यो क्षेत्रको उद्देश्य प्राप्त नहुने जोखिम रहन्छ ।

## ३.७ पर्यटन

### ३.७.१ पृष्ठभूमि

गेरुवा गाउँपालिका भौगोलिक, सामाजिक तथा साँस्कृतिक हिसाबले प्रसिद्ध रहेको छ । यहाँ बाट बर्दिया राष्ट्रिय निकुञ्ज नजिकै पर्ने भएकाले यहाँ निकुञ्ज भित्र विभिन्न प्रकारका जीवजन्तुहरुको दृश्यअवलोकनका लागी उपयुक्त स्थलहरु रहेका छन् । भने थारु समुदायको बाहुल्यता रहेको यस पालिकामा थारु संस्कृति, भाषा, भेषभुषा को विकास र अध्ययन अनुसन्धानका लागि पनि प्रसस्त सम्भावना रहेको छ । यसका साथै कृषि पर्यटन र जल पर्यटन (गेरुवा/बुढीकुलो) लगायतको पर्यापर्यटनको सम्भावना रहेको छ । यसका साथै वडा न.१ स्थित इन्टेक, मध्यवर्ती सामुदायिक होम स्टे यहाँका पर्यटकीय पूर्वाधारहरु हुन भने विशेष गरी यस क्षेत्रलाई ऐतिहासिक, धार्मिक पर्यटन, पर्यापर्यटन र कृषि पर्यटन तथा जल पर्यटनका हिसाबले विकास गर्न सकिन्छ

### ३.७.२ समस्या तथा चुनौती

गाउँपालिकाका प्राकृतिक, धार्मिक, ऐतिहासिक र पुरातात्विक महत्वका स्थलहरूका बारेमा पर्याप्त प्रचारप्रसार नगरिनु, पर्यटन विकासमा निजी क्षेत्रलाई पर्याप्त मात्रामा आर्कषण गर्न नसकिनु, पर्यटक पथ प्रदर्शक तथा व्यावसायिक ट्राभल एजेन्सीहरूको पर्याप्तता नहुनु, गुणस्तरीय आधारभूत भौतिक पूर्वाधारको अभाव, सुरक्षा र आपतकालिन उद्धारको भरपर्दो व्यवस्थाको कमी, मनोरञ्जनात्मक सुविधाको कमी, आतिथ्यता सत्कार सम्बन्धी ज्ञान र सीपको कमी लगायतका समस्या र चुनौती यो गाउँपालिकामा समेत विद्यमान रहेका छन् ।

### ३.७.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| गेरुवा गाउँपालिका : कृषि, संस्कृति तथा पर्यापर्यटनको संगम |
| **लक्ष्य** |
| स्थानीय पहिचानमा आधारित कृषि, संस्कृति तथा जल जस्ता सांस्कृतिक तथा प्राकृतिक पूँजीको उच्चतम उपभोग गरी गाउँपालिकालाई आकर्षक गन्तव्यका रुपमा विकास गर्ने । |

| उद्देश्यहरू |
|---|
| ✓ पर्यटकीय पूर्वाधारको विकास तथा सम्बर्द्धन गर्दै गाउँपालिकालाई पर्यटकीय केन्द्रका रुपमा विकास गर्नु । |

## ३.७.४ रणनीति

१. गाउँपालिकाका मुख्य पर्यटकीय आर्कषणका क्षेत्रको विकासका लागि पुर्वाधार तयार गर्ने ।
२. पर्यटन सूचना व्यवस्थापन तथा सूचना केन्द्रलाई पूर्वाधार सम्पन्न बनाउने ।
३. बसोबासको र सुरक्षाको आवश्यक प्रबन्ध गर्ने ।
४. गाउँपालिकाका पर्यटकीय स्थलहरुको प्रचार प्रसार गर्ने ।

## ३.७.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | गाउँपालिका पर्यटन नीति तर्जुमा | कानूनी दस्तावेज तय | ०८२/८३-०८४/८५ | ५०० | गाउँपालिका पर्यटन नीति तर्जुमा भएको हुने |
| २ | वडा नं. १ स्थित इन्टेकलाई पर्यटकीय केन्द्रका रुपमा विकास | पर्यटन प्रवर्द्धन | ०८२/८३-०८३/८४ | ४०० | वडा नं. १ स्थित इन्टेकलाई पर्यटकीय केन्द्रका रुपमा विकास भएको हुने |
| ३ | बुढीकुलो तथा गेरुवा खोलालाई पर्यापर्यटनको रुपमा विकास | पर्यटक आवागमनमा वृद्धि | ०८२/८३-०८४/८५ | ६०० | बुढीकुलो तथा गेरुवा खोलालाई पर्यापर्यटनको रुपमा विकास भएको हुने |
| ४ | सम्भावित क्षेत्रमा साँस्कृतिक होमस्टे सञ्चालन गर्न आवश्यक पूर्वाधार तयार | पर्यटन प्रवर्द्धन | ०८३/८४-०८३/८४ | ८०० | सम्भावित क्षेत्रमा साँस्कृतिक होमस्टे सञ्चालन गर्न आवश्यक पूर्वाधार तयार भएको हुने |
| ५ | कृषि पकेट क्षेत्रहरुलाई कृषि पर्यटन केन्द्रका रुपमा विकास | कृषिमा आधारित पर्यटन प्रवर्द्धन | ०८३/८४-०८४/८५ | ३०० | कृषि पकेट क्षेत्रहरुलाई कृषि पर्यटन केन्द्रका रुपमा विकास भएको हुने |
| ६ | पालिकास्तरीय होटल निर्माण | पर्यटक बसाईंमा सहजता | ०८२/८३-०८३/८४ | ८०० | पालिकास्तरीय होटल निर्माण भएको हुने |

## ३.७.६ जोखिम पक्ष तथा अनुमान

आधारभूत मानवीय सीप र कौशल तथा भौतिक पूर्वाधारको अभावमा पर्यटकीय क्षेत्रले विकासको गति नलिने जोखिम रहन्छ ।

## ३.८ भूमि व्यवस्थापन (भू-उपयोग)

### ३.८.१ पृष्ठभूमि

यो गाउँपालिका समुन्द्री सतहबाट १४५ मिटर देखि १८० मिटरको उचाईमा रहेको छ । यहाँको अधिकांश भू-भाग समथर तराईको भूमि पर्ने हुँदा गाउँपालिका क्षेत्रमा बालुवा र पाँगो मिश्रित अत्यन्त उर्वर माटो पाइन्छ । गाउँपालिकाको आवधिक योजना २०७८/७९ बाट प्राप्त तथ्याङ्क अनुसार यहाँको कुल ७८.४१ वर्ग कि.मि. क्षेत्रफल मध्ये खेतीयोग्य जमिनले सबैभन्दा बढी अर्थात ७०.५३ प्रतिशत जमिन ओगटेको छ । यसैगरी वनजंगलले ८.२८ प्रतिशत जमिन ओगटेको छ भने आवास क्षेत्रले १०.९७ प्रतिशत ओगटेको छ। जल क्षेत्रले ४.०७ प्रतिशत भू-भाग ओगटेको छ । व्यवस्थित र वैज्ञानिक भू-उपयोग योजना निर्माण गरी कार्यान्वयन गर्न सके भूमिको पूर्ण सदुपयोग मार्फत यस गाउँपालिकाको दीर्घकालीन समृद्धि हासिल गर्न सकिन्छ ।

### ३.८.२ समस्या तथा चुनौती

परम्परागत खेती प्रणाली, जमिनको प्रकृति अनुसार त्यसको वर्गीकरण गरी सदुपयोग गर्न नसक्नु, उपलब्ध कृषियोग्य क्षेत्रलाई वैज्ञानिक तवरले सदुपयोग गर्न नसक्नु, सार्वजनिक जग्गाको अतिक्रमण, नदी कटान, जमिनको बहुउपयोग सम्बन्धी सोचको अभाव जस्ता समस्या तथा चुनौतीको विद्यमानता यस गाउँपालिकामा समेत रहेको छ

### ३.८.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| भू-स्रोतको पूर्णत वैज्ञानिक सदुपयोग मार्फत आर्थिक समृद्धि |
| **लक्ष्य** |
| वैज्ञानिक भू-उपयोग योजना लागू गरी भूमिलाई आर्थिक विकासको आधार बनाउने । |
| **उद्देश्य** |
| ✓ सम्पूर्ण खेतीयोग्य जमिनको वैज्ञानिक रुपमा पूर्ण सदुपयोग गर्नु । |

### ३.८.४ रणनीति

१. राष्ट्रिय र प्रादेशिक भू-उपयोग नीति अनुरुप स्थानीय भू-उपयोग योजना र कृषि नीति निर्माण गर्ने ।
२. खेती गर्न इच्छुक तर आफ्नो जमिन नभएका कृषकहरुको लगत संकलन गरी भूमिको व्यवस्था गर्ने ।
३. जग्गा बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गर्न खेती योग्य जमिनको दिगो प्रयोग विस्तार गर्ने ।
४. जग्गा चक्लाबन्दी गर्ने ।

### ३.८.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | पालिका भू-उपयोग योजना निर्माण | भूमिको सदुपयोग | ०८२/८३-०८४/८५ | ९०० | पालिका भू-उपयोग योजना निर्माण भएको हुने |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| २ | सिंचित, असिंचित, बाँझो तथा खेती भएको जमिनको अध्यावधिक तथ्याङ्क प्रणाली निर्माण | जमिन बाँझो राख्ने प्रवृतिलाई निरुत्साहित | ०८२/८३-०८४/८५ | ४०० | सिंचित, असिंचित, बाँझो तथा खेती भएको जमिनको अध्यावधिक तथ्याङ्क प्रणाली निर्माण भएको हुने |
| ३ | नक्शापास सम्बन्धी कागजहरुको Digitization | नक्शा Digitization | ०८२/८३-०८४/८५ | ३०० | नक्शापास सम्बन्धी कागजहरुको Digitization भएको हुने |
| ४ | भूमि बैङ्क स्थापना | भूमि व्यवस्थापन | ०८२/८३-०८३/८४ | ४०० | एक भूमि बैङ्क स्थापना भएको हुने |
| ५ | जग्गा चक्लाबन्दी गर्न इच्छुक कृषकको लगत संकलन | जमिनको पूर्ण सदुपयोग | ०८२/८३-०८२/८३ | ४०० | जग्गा चक्लाबन्दी गर्न इच्छुक कृषकको लगत संकलन भएको हुने |
| ७ | खेतीयोग्य क्षेत्र बाँझो रहन नदिन कार्ययोजना निर्माण | जमिनको वैज्ञानिक रुपमा सदुपयोग | ०८२/८३-०८२/८३ | ३०० | खेतीयोग्य क्षेत्र बाँझो रहन नदिन कार्ययोजना निर्माण भएको हुने |
| ८ | दिगो र वैज्ञानिक भू-उपयोग योजना अनुरुप भूमिको वर्गीकरण | आर्थिक विकासको आधार | ०८२/८३-०८३/८४ | ३०० | दिगो र वैज्ञानिक भू-उपयोग योजना अनुरुप भूमिको वर्गीकरण भएको हुने |
| ९ | चक्लाबन्दी तथा सामूहिक खेती गर्ने कृषकलाई अनुदान | अनुदान वितरण | ०८२/८३-०८४/८५ | २०० | चक्लाबन्दी तथा सामूहिक खेती गर्ने कृषकलाई अनुदान वितरण गरिएको हुने |
| १० | जग्गा चक्लाबन्दी गर्ने कृषक समूह गठन | कृषकलाई प्रोत्साहन | ०८२/८३-०८२/८३ | ३०० | जग्गा चक्लाबन्दी गर्ने कृषक समूह गठन भएको हुने |

### ३.८.६ जोखिम पक्ष तथा अनुमान

भू-उपयोग योजना र भूमि बैङ्क निर्माण हुने, सिँचाई सुविधा पुगेका र नपुगेका कृषियोग्य भूमिको तथ्याङ्क उपलब्ध हुने, जमिनको चक्लाबन्दी गरी प्रयोगहीन उर्वर जमिनमा करार खेती हुनेछ । उल्लिखित कार्यलाई व्यवस्थित तवरबाट गर्न नसकिएमा उपलब्धि हासिल नहुने जोखिम रहन्छ ।

## ३.९ सहकारी

### ३.९.१ पृष्ठभूमि

पूँजीको संकलन र उचित सदुपयोग मार्फत आय आर्जन गर्न सहकारीको महत्वपूर्ण भूमिका हुन्छ । राष्ट्रिय अर्थतन्त्रको प्रमुख खम्बा मध्ये एक महत्वपूर्ण खम्बाको रुपमा रहेको सहकारी क्षेत्रको ग्रामीण अर्थतन्त्र सुदृढिकरणमा मुख्य सहयोगी भूमिका हुन्छ । गाउँपालिकाको आवधिक योजना २०७८/७९बाट प्राप्त तथ्याङ्क

अनुसार यस पालिकामा हाल विधिवत रुपमा दर्ता भइ सञ्चालनमा रहेका सहकारी संस्थाहरु जम्मा २५ वटा रहेका छन् । यी संस्थाहरुमा अधिकांश बचत तथा ऋण सहकारीहरु रहेका छन् ।

### ३.९.२ समस्या तथा चुनौती

शहर केन्द्रित सहकारी, सहकारीको संख्यात्मक वृद्धि भएतापनि गुणात्मक विकास हुन नसक्नु, सामाजिक पूँजी निर्माण भन्दा ऋण परिचालनमा जोड, फितलो नियमन, पारदर्शिता र आर्थिक अनुशासनमा कमी लगायतका समस्या तथा चुनौतीको विद्यमानता यस गाउँपालिकामा समेत रहेको छ ।

### ३.९.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| सामुहिकता र सहकार्य मार्फत सबल अर्थतन्त्र निर्माण |
| **लक्ष्य** |
| सहकारीको संस्थागत विकास मार्फत आम बचतकर्ताको जीवनस्तर उकास्ने । |
| **उद्देश्यहरू** |
| ✓ सहकारी संस्थाको संस्थागत विकास, क्षमता अभिवृद्धि र कुशल व्यवस्थापन र विस्तार गर्नु ।<br>✓ सहकारी क्षेत्रलाई उत्पादनशील क्षेत्रमा लाग्न उपयुक्त वातावरण निर्माण गर्नु । |

### ३.९.४ रणनीति

१. सहकारी शिक्षाको माध्यामबाट जनचेतना अभिवृद्धि गर्ने ।
२. सहकारी नीति परिमार्जन तथा निर्माण गरी नगर अर्थतन्त्रमैत्री बनाउने ।
३. सहकारीलाई व्यवसायिकरणका अभ्याससँग एकीकृत गर्ने ।

### ३.९.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | सहकारी संस्थासँगको सहकार्यमा कृषि व्यवसायीकरण कार्यक्रम | सहकारी शिक्षा प्रवर्द्धन | साल बसाली | ३०० | स्थानीय सञ्चार माध्यम मार्फत सहकारी शिक्षा सञ्चार कार्यक्रम सञ्चालन भएको हुने |
| २ | अल्पसंख्यक, सिमान्तकृत, युवा, एकल महिला आदिको आर्थिक सबलीकरणका लागि सहकारी मार्फत व्यवसाय सञ्चालनमा प्रोत्साहन | संस्थागत आबद्धता | ०८२/८३-०८४/८५ | ६०० | कोपोमिसमा सहकारीलाई आबद्धता गराई तथ्याङ्क प्रणाली निर्माण र कोपोमिस सम्बन्धी तालिम प्रदान गरिएको हुने |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ३ | सहकारीले स्थानीय अर्थतन्त्रमा पारेको प्रभाव अध्ययन | प्रभाव न्यूनीकरण | ०८२/८३-०८२/८३ | ३०० | सहकारीको स्थानीय अर्थतन्त्रमा पारेको प्रभाव अध्ययन भएको हुने |
| ४ | उत्पादनशील क्षेत्रमा सहकारी लगानी अभिवृद्धिका लागि सम्भाव्यता अध्ययन | सम्भाव्यता अध्ययन | ०८२/८३-०८२/८३ | ३०० | उत्पादनशील क्षेत्रमा सहकारी लगानी अभिवृद्धिका लागि सम्भाव्यता अध्ययन गरिएको हुने |
| ५ | अति विपन्न नागरिक घरधुरीलाई सहकारीमा प्रवेश गराउन बीउ पूँजी वितरण | सहकारीमा सबै वर्गका नागरिकको पहुँच वृद्धि | ०८२/८३-०८४/८५ | ६०० | अति विपन्न नागरिक घरधुरीलाई सहकारीमा प्रवेश गराउन बीउ पूँजी वितरण भएको हुने |
| ६ | उत्कृष्ट सहकारी पुरस्कार प्रदान | प्रोत्साहनमूलक कार्यक्रम | साल बसाली | ३०० | उत्कृष्ट सहकारी पुरस्कार वितरण भएको हुने |
| ७ | सहकारी खेती, सहकारी उद्योग तथा सेवा क्षेत्रमा लगानी गर्न चाहने उद्यमीलाई विशेष तालिम | क्षमता विकास | ०८२/८३-०८३/८४ | ३०० | सहकारी खेती, सहकारी उद्योग तथा सेवा क्षेत्रमा लगानी गर्न चाहने करिब १५० उद्यमीलाई विशेष तालिम प्राप्त भएको हुने |
| ८ | सहकारीमा आधारित उद्योग तथा सेवा क्षेत्रको सम्भाव्यता अध्ययन | सहकारीमा आधारित उद्योग तथा सेवा क्षेत्रको प्रवर्द्धन | ०८३/८४-०८३/८४ | ४०० | सहकारीमा आधारित उद्योग तथा सेवा क्षेत्रको सम्भाव्यता अध्ययन भएको हुने |

### ३.९.६ जोखिम पक्ष तथा अनुमान

सहकारीको मूल मर्म र भावना अनुसार सहकारीका सदस्य र सञ्चालकलाई अभिमूखीकरण, सहकारीको माध्यमबाट सामाजिक सद्भावको निर्माण, रचनात्मक र प्रतिस्पर्धात्मक भावनाको विकास, सहकारी मार्फत औद्योगिकरण, गरिबी निवारण, लक्षित वर्गको स्तरोन्नतिमा टेवा पुऱ्याउने कार्यक्रममा विस्तार गर्न सकेमा उपलब्धि हासिल हुन सक्छ। पर्याप्त लगानी, विस्तृत ज्ञान र सूचनाको सम्प्रेषण गर्न नसकेमा उपलब्धि हासिल नहुने जोखिम रहन्छ।

## ३.१० बैङ्क तथा वित्तीय क्षेत्र

### ३.१०.१ पृष्ठभूमि

स्थानीय स्तरमा व्यापक रुपमा पूँजी प्रवाह भैरहने वातावरणका लागि बैङ्किङ तथा वित्तीय संस्थाहरुको महत्वपूर्ण भूमिका रहन्छ। कुनैपनि स्थानको अर्थतन्त्र सबल हुन कृषि, पर्यटन र उद्योग क्षेत्र चलायमान हुनुपर्ने भएकोले ती क्षेत्रको क्रमिक विकाससँगै बैङ्क तथा वित्तीय संस्थाको विकास स्वतः हुन जान्छ। यस गाउँपालिकाको आवधिक योजना २०७८/७९ बाट प्राप्त तथ्याङ्क अनुसार पालिकामा नेपाल एन आइ एम बी

बैङ्क र शान्ति बजारमा भार्गव विकास बैंक सहित २५ वटा सहकारी संस्थाहरु तथा विभिन्न वित्तिय संस्थामार्फत वित्तिय कारोबार भइरहेको छ

## ३.१०.२ समस्या तथा चुनौती

बजार केन्द्रित बैङ्क तथा वित्तीय संस्था, न्यून बचत तथा पूँजी परिचालन, न्यून आर्थिक क्रियाकलाप, सहकारी संस्थालाई न्यून आय र सीपयुक्त नागरिकको सशक्तिकरणको लागि परिचालन गर्न नसक्नु जस्ता समस्या र चुनौती यस पालिकामा समेत रहेका छन् ।

## ३.१०.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| सतप्रतिशत वित्तिय पहुँच सहितको समृद्ध गाउँपालिका |
| **लक्ष्य** |
| प्रत्येक घरधुरीमा बैङ्क तथा वित्तीय संस्थाहरूको सहज पहुँच स्थापित गर्ने । |
| **उद्देश्यहरू** |
| ✓ बैङ्क तथा वित्तीय संस्था तर्फ आम सर्वसाधारणलाई आर्कषण गर्नु ।<br>✓ सहज कर्जा प्रवाह र बचत परिचालनमार्फत उत्पादनशील क्षेत्रमा लगानी अभिवृद्धि गरी आर्थिक वृद्धि हासिल गर्नु । |

## ३.१०.४ रणनीति

१. ग्रामीण समुदायमा बैङ्किङ पहुँच विस्तार गर्ने ।
२. वित्तीय पहुँच नपुगेका घरपरिवारमा बैङ्क तथा वित्तीय संस्थाको पहुँच पुऱ्याउने ।
३. व्यवसायिक, उत्पादनमूलक साना तथा मझौला उद्योगमा ऋण प्रवाह अभिवृद्धि गर्ने ।

## ३.१०.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | बैङ्क खाता नभएका घरधुरीको लगत संकलन | वित्तीय पहुँचको आँकलन | ०८२/८३-०८२/८३ | ३०० | बैङ्क खाता नभएका घरधुरीको लगत संकलन भएको हुने |
| २ | घुम्ती बैङ्किङ सेवा अभियान सञ्चालन | सहज बैङ्किङ सेवा | ०८२/८३-०८४/८५ | ३०० | घुम्ती बैङ्किङ सेवा अभियान सञ्चालन भएको हुने |
| ३ | आर्थिक रुपमा पछाडि परेका समुदाय लक्षित बिमा प्याकेज कार्यक्रम | बैङ्किङ सेवामा सबैको सहज पहुँच | साल बसाली | २०० | आर्थिक रुपमा पछाडि परेका समुदाय लक्षित बिमा प्याकेज कार्यक्रम सञ्चालन भएको हुने |
| ४ | वडा केन्द्रहरुमा बैङ्किङ सेवाको पहुँच अभिवृद्धि गर्न मोबाइल, इन्टरनेट | सहज बैङ्किङ सेवा | ०८२/८३-०८२/८३ | २०० | वडा केन्द्रहरुमा बैङ्किङ सेवाको पहुँच अभिवृद्धि गर्न मोबाइल, इन्टरनेट र |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| | र शाखा रहित बैङ्किङ सेवा | | | | शाखा रहित बैङ्किङ सेवा उपलब्ध भएको हुने |
| ५ | उद्यमी तथा बैङ्कहरू बिच अन्तरक्रिया सहजिकरण | उद्योग र वित्तीय संस्थाबिच असल सम्बन्ध | साल बसाली | ३०० | उद्यमी तथा बैङ्कहरू बिच अन्तरक्रिया सहजिकरण भएको हुने |
| ६ | युवा र महिला उद्यमीलाई मझौला उद्योगतर्फ विशेष व्याज अनुदान | उद्यमीलाई प्रोत्साहन | ०८२/८३-०८३/८४ | ४५० | युवा र महिला उद्यमीलाई मझौला उद्योगतर्फ विशेष व्याज अनुदान प्रदान गरिएको हुने |
| ७ | कर्जा सेवा केन्द्र स्थापना | सहज ऋण प्रवाह | ०८२/८३-०८४/८५ | ३०० | पलिकामा एक कर्जा सेवा केन्द्र स्थापना भएको हुने |
| ८ | बैङ्कबाट भौगोलिक दुरी टाढा भएकाहरुका लागि Virtual Banking सुविधा | सहज बैङ्किङ पहुँच | ०८२/८३-८४/८५ | ३०० | बैङ्कबाट भौगोलिक दुरी टाढा भएकाहरुका लागि Virtual Banking सुविधा उपलब्ध भएको हुने |

### ३.१०.६ जोखिम पक्ष तथा अनुमान

तहगत सरकारको वित्तीय साक्षरता, पहुँच र सहुलियत सम्बन्धी नीतिलाई स्थानीय बैङ्क तथा वित्तीय संस्थाले अंगिकार गरी कर्जा परिचालन, क्षेत्रगत ऋणको ब्याजमा सहुलियत, उत्पादनमूलक क्षेत्रमा कर्जा प्रवाह र लक्षित वर्गको बैङ्किङ सेवामा पहुँच विस्तार गर्न सकेमा उल्लिखित नीति रणनीति हासिल हुने सो अनुसार कार्य गर्न नसकेमा उद्देश्य प्राप्तिमा जोखिम हुने देखिन्छ ।

## ३.११ गरिबी निवारण

### ३.११.१ पृष्ठभूमि

वि.सं. २०१३ साल देखि हालसम्म विकास योजनाहरूमा सबैभन्दा बढी देखापर्ने पेचिलो मुद्धाको रुपमा गरिबी निवारण रहेको छ । जति विकासका योजनाहरू निर्माण भएता पनि गरिबी निवारण गर्न सकिएको अवस्था छैन् । दिगो विकास लक्ष्यको पहिलो लक्ष्य नै सन् २०३० सम्म सबै प्रकारको गरिबीको अन्त्य गर्ने भन्ने छ भने राष्ट्रिय लक्ष्य शुन्यमा झार्न नसकिए पनि कुल जनसंख्याको ५ प्रतिशतमा सीमित गर्ने रहेको छ । नेपाल सरकारले गरिबी निवारण गर्न लिएको लक्ष्य तथा उद्देश्य अनुरुप गाउँपालिकाले बेरोजगार तथा युवाहरुको वास्तविक बस्तुस्थिति अद्यावधिक गरी कार्ययोजना बनाएर बेरोजगार तथा युवाहरुलाई रोजगारमुलक कार्यक्रममा समावेश गर्नुपर्ने आवश्यकता देखिन्छ ।

### ३.११.२ समस्या तथा चुनौती

वास्तविक गरीबको पहिचान हुन नसक्नु, सरकारको मूल कार्यक्रमहरुमा गरीब परिवारको वास्तविक पहुँच पुग्न नसक्नु, कृषि उद्योग, पर्यटन र अन्य व्यवसाय प्राय निर्वाहमूखी हुनु, युवाहरु अवसर नपाएर विदेश पलायन हुनु, श्रमको सम्मान गर्ने संस्कृतिको अभाव लगायतका समस्या र चुनौती व्याप्त रहेका छन् ।

## ३.११.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
| --- |
| ज्ञान, सिप र उद्यमशिलताको विकास गरी गरिबी न्यूनीकरण |
| **लक्ष्य** |
| आगामी पाँच वर्षमा हालको गरिबीलाई पचास प्रतिशत कम गर्ने । |
| **उद्देश्यहरू** |
| निरपेक्ष र बहुआयमिक गरिबीमा रहेका जनताको गरिबी निवारण गरी जीवनस्तर उकास्नु । |

## ३.११.४ रणनीति

१. गरिबी सम्बन्धी सूचना र तथ्याङ्क चुस्त दुरुस्त राख्ने ।

२. सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गर्ने ।

३. विपन्न लक्षित सीपमूलक तथा रोजगार कार्यक्रम सञ्चालन गर्ने ।

## ३.११.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
| --- | --- | --- | --- | --- | --- |
| १. | गरीब परिवार पहिचान सूचना संकलन | कारण सहित अद्यावधिक तथ्याङ्कको उपलब्धता | ०८३/८४-०८३/८४ | ३०० | गरीब परिवार पहिचान सूचना संकलन भएको हुने |
| २. | बेरोजगारहरूको सूचना तथा तथ्याङ्क संकलन | बेरोजगारको तथ्याङ्क अद्यावधिक | ०८२/८३-०८३/८४ | ३०० | बेरोजगारहरूको सूचना तथा तथ्याङ्क संकलन भएको हुने |
| ३. | गरीब लक्षित पोषण तथा खाद्य सूरक्षा कार्यक्रम | पोषण तथा खाद्य सुरक्षा | साल बसाली | ३०० | गरीब लक्षित पोषण तथा खाद्य सूरक्षा कार्यक्रम आयोजना भएको हुने |
| ४. | विपन्न परिवार स्वास्थ्य बीमा कार्यक्रम | स्वास्थ्यमा सुलभ पहुँच | साल बसाली | ३०० | विपन्न परिवार स्वास्थ्य बीमा कार्यक्रम संचालन भएको हुने |
| ५. | विपन्न नागरिक आवास कार्यक्रम | आवासको सुनिश्चितता | साल बसाली | ७००० | करिब ५० वटा विपन्न नागरिक आवास निर्माण भएको हुने |
| ६. | बेसहारा आश्रयस्थान निर्माण | बेसहाराका लागि आवासको व्यवस्था | ०८२/८३-०८४/८५ | ३५० | कम्तीमा १ बेसहारा आश्रयस्थान निर्माण भएको हुने |

| क.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ७. | दक्ष कृषि श्रमिक श्रोतकेन्द्र स्थापना | श्रमको व्यवस्था | ०८२/८३-०८४/८५ | ३५० | पालिकामा १ दक्ष कृषि श्रमिक श्रोत केन्द्र स्थापना भएको हुने |
| ९. | आवश्यकतामा आधारित तालिम सञ्चालन | सीप र स्वरोजगारीलाई प्रोत्साहन | ०८२/८३-०८४/८५ | ३०० | करिब २५० स्थानीयलाई तालिम सञ्चालन भएको हुने |
| १०. | रोजगार सूचना प्रणाली र बैङ्कको स्थापना | रोजगारदाता र रोजगारको सहज सर्म्पक | ०८२/८३-०८३/८४ | ३५० | रोजगार सूचना प्रणाली र बैङ्कको स्थापना भएको हुने |
| ११. | विपन्न लक्षित विशेष भूमि बैङ्क स्थापना | भूमिको व्यवस्था | ०८२/८३-०८३/८४ | ३०० | कम्तीमा १ विपन्न लक्षित विशेष भूमि बैङ्क स्थापना भएको हुने |
| १२. | अति विपन्न परिवार लक्षित उद्यमी अनुदान | विपन्नलाई प्रोत्साहन | ०८२/८३-८३/८४ | ६०० | अति विपन्न ५० परिवार उद्यमीले अनुदान प्राप्त गरेका हुने |

### ३.११.६ जोखिम पक्ष तथा अनुमान

पालिका क्षेत्रमा बसोबास गर्ने गरीब, घरपरिवार विहिन, बेरोजगारको लगत संकलन, गरिबीको कारण र सम्बोधनका उपायको पहिचान, लक्षित वर्ग कार्यक्रम सञ्चालन, जोखिमयुक्त क्षेत्रमा रहेका बस्ती स्थानान्तरण, विभिन्न तहका सरकार र क्षेत्रले सञ्चालन गर्ने कार्यक्रमबिच समन्वय, सीप विकास, उद्यमशीलता विकास, मनोसामाजिक रुपान्तरणका कार्यक्रम प्राथमिकता र पर्याप्त स्रोत विनियोजनका साथ कार्यान्वयन गरिएमा गरिबी निवारणका उद्देश्य प्राप्ति हुन्छ भने कोभिड-१९ जस्ता महामारी, बाढी पहिरो जस्ता प्राकृतिक विपत्तिले गरिबीको सघनतालाई थप बढाउने जोखिम हुन्छ ।

#### नतिजा सूचकहरू

| क.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| **(क)** | **कृषि** | | | | |
| १ | प्रभाव | कृषि क्षेत्रको उत्पादन वृद्धि दर | प्रतिशत | | |
| २ | प्रभाव | कृषि क्षेत्रको कुल गार्हस्थ उत्पादनका योगदान | प्रतिशत | | |
| ३ | प्रभाव | पूर्ण खाद्य सुरक्षा भएका घरधुरी | प्रतिशतमा | | |
| ४ | असर | खेतीयोग्य जमिन मध्ये पूर्णरुपमा खेती भैरहेको जमिनको | प्रतिशतमा | ७०.५३* | ७५.३ |
| ५ | असर | माटोमा औसत जैविक पदार्थको मात्रा | प्रतिशतमा | | |
| ६ | असर | झाडी बुट्यान | प्रतिशतमा | १.१६* | ०.५० |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| ७ | असर | पूर्णरुपमा व्यवसायिक कृषिमा प्रयोग भैरहेको जमिन (प.दि.वि.ल.(२.४.१) | प्रतिशतमा | | |
| ८ | असर | वर्षैभरी सिंचाई सुविधा पुगेको जमिन ( प.दि.वि.ल.(२.४.३) | हेक्टर | ८०* | ८५ |
| ९ | असर | पूर्ण रुपमा सिंचाई भएको क्षेत्रफल | प्रतिशत | | |
| १० | असर | वैकल्पिक सिंचाई प्रयोगकर्ता कृषक | संख्या | | |
| ११ | असर | जैविक प्रणालीबाट मात्र खेती भैरहेको जमिन | हेक्टर | | |
| १२ | असर | प्रति व्यक्ति खाद्यान्न उत्पादन | के.जी.मा | | |
| १३ | असर | व्यवसायीक कृषिमा लागेका ४० वर्ष मूनिका युवा कृषक | संख्यामा | | |
| १४ | असर | धान उत्पादन | मे.टन (हजार) | ५१०००* | ५५००० |
| १५ | असर | मकै उत्पादन | मे.टन (हजार) | | |
| १६ | असर | गहुँ उत्पादन | मे.टन (हजार) | | |
| १७ | असर | केरा उत्पादन | मे.टन (हजार) | | |
| १८ | असर | मुँग उत्पादन | मे.टन (हजार) | | |
| १९ | असर | फलफुल उत्पादन | प्रतिशतले | ९.५* | १५.७ |
| २० | असर | दुध उत्पादन | प्रतिशतले | ३६.४* | ४०.५ |
| २१ | असर | तरकारी उत्पादन | मे.टन (हजार) | ७३०००* | ७५००० |
| २२ | असर | दुध तथा दुधजन्य उत्पादन | मे.टन/हेक्टर | ७४१६* | ९०२५ |
| २३ | असर | तेलहन बाली | मे.टन (हजार) | ४९.३* | ५५.९ |
| २४ | असर | पशुपालन पकेट क्षेत्र विकास कार्यक्रम | संख्या | ३* | ९ |
| २५ | असर | तेलहन बाली | मे.टन (हजार) | | |
| २६ | असर | दलहन बाली | प्रतिशतले | ५०.२* | ५६.८ |
| २७ | असर | कफी | मे.टन | | |
| २८ | असर | कपास | मे.टन | | |
| २९ | प्रतिफल | कृषि सूचना तथा स्रोत केन्द्र | संख्या | | |
| ३० | प्रतिफल | एग्रोभेट | संख्या | | |
| ३१ | प्रतिफल | सक्रिय पशुपालन समुह | संख्या | २२* | ३० |
| ३२ | प्रतिफल | कृषि औजार बिक्री केन्द्र | संख्या | | |
| ३३ | प्रतिफल | Custom Hiring Center | संख्या | | |
| ३४ | प्रतिफल | कृषि तथा पशु उपज बिक्री केन्द्र/संकलन केन्द्र | | | |
| ३५ | प्रतिफल | व्यवसायिक कृषि फर्म | संख्या | | |
| ३६ | प्रतिफल | कृषि घुम्ती सेवा | वार्षिक संख्या | | |
| ३७ | प्रतिफल | कृषक पाठशाला | संख्या | | |
| ३८ | प्रतिफल | व्यवसायिक कृषि नर्सरी | संख्या | | |
| ३९ | प्रतिफल | ब्रान्डेड कृषि उपज | संख्या | | |
| ४० | प्रतिफल | व्यवसायिक फलफुल खेती गरिएको क्षेत्रफल | हेक्टर | | |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| ४१ | प्रतिफल | आधुनिक कृषि औजार तथा यन्त्र प्रयोगकर्ता | प्रतिशत | | |
| ४२ | प्रतिफल | कृषि सहकारी संस्था | संख्या | | |
| ४३ | प्रतिफल | सामुहिक खेतीमा संलग्न समूह | संख्या | | |
| ४४ | प्रतिफल | रैथाने तर नासिने अवस्थामा पुगेका स्थानीय बाली नश्ल | संख्या | | |
| ४५ | प्रतिफल | चक्लाबन्दी गरी खेती गरिएको जमिन क्षेत्रफल | | | |
| ४६ | प्रतिफल | जलवायू अनुकूलन विशेष बालीनाली | संख्या | | |
| ४७ | प्रतिफल | सामुदायिक बीज बैंकको संख्या प.दि.बि.ल (२.५.२.४) | | | |
| ४८ | असर | स्थानीयस्तरमा उत्पादन भई निकासी हुने बीज | संख्या | | |
| ४९ | प्रतिफल | जैविक किटनासक प्रयोगकर्ता | कृषक संख्या | | |
| ५० | प्रतिफल | पालिकाबाट कृषि उपज निर्यात तथा बजारीकरणका लागि दिइएको अनुदान सहायता रकम प.दि.बि.ल.(२.ख.१) | रू लाखमा | | |
| ५१ | प्रतिफल | कृषि क्षेत्रलाई छुट्याइएको बजेटको प्रतिशत (कूल बजेटको) .प.दि.वि.ल.( २.क.१) | प्रतिशत | | |
| ५२ | प्रतिफल | बाली भित्र्याइसकेपछि हुने क्षती | प्रतिशतमा | | |
| ५३ | प्रतिफल | वैकल्पिक सिंचाइ प्रविधि प्रयोगकर्ता कृषक | प्रतिशत | | |
| ५४ | प्रतिफल | सन्तुलित मूल्य श्रृंखलामा समेटिएका कृषि उपज | संख्या | | |
| ५५ | प्रतिफल | कृषि तथा पशु प्राविधिक जनशक्ति | संख्या | | |
| ५६ | प्रतिफल | कृषिमा आधारित उद्योग | संख्या | | |
| ५७ | प्रतिफल | पशुधन निर्यातबाट प्राप्त रकम | करोडमा | | |
| ५८ | प्रतिफल | पन्छीजन्य निर्यातबाट प्राप्त रकम | लाखमा | | |
| ५९ | प्रतिफल | माछा निर्यातबाट प्राप्त रकम | लाखमा | | |
| ६० | प्रतिफल | मह निर्यातबाट प्राप्त रकम | लाखमा | | |
| ६१ | प्रतिफल | कृषक समूह | संख्या | | |
| ६२ | प्रतिफल | दुध चिस्यान तथा डेरी | संख्या | | |
| ६३ | प्रतिफल | कृषि पकेट जोन/सुपर जोन | संख्या | | |
| ६४ | प्रतिफल | व्यवसायिक जडिबुटी खेती गरिएको क्षेत्रफल जडीबुटी नर्सरी | संख्या | | |
| ६५ | प्रतिफल | व्यवसायिक तरकारी उत्पादन गरिएको क्षेत्रफल | हेक्टर | | |
| ६६ | प्रतिफल | कृषि सडकको पहुँचले जोडिएको कृषि क्षेत्रको | प्रतिशत | | |
| ६७ | प्रतिफल | रासायनिक मल समयमा प्राप्त हुन नसकि प्रभावित कृषक | प्रतिशत | | |

| क.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| ६८ | प्रतिफल | व्यवसायिक रुपमा प्राङ्गारिक मल उत्पादन गर्ने कृषक | संख्या | | |
| ६९ | प्रतिफल | सघन खेतीपातीले ओगटेको क्षेत्रफल | हेक्टर | | |
| ७० | प्रतिफल | करारखेतीले ओगटेको क्षेत्रफल | हेक्टर | | |
| ७१ | प्रतिफल | हाल खेतीपाती भइरहेको क्षेत्रफल | हेक्टर | | |
| ७२ | प्रतिफल | खाद्यन्न गोदाम | संख्या | | |
| ७३ | प्रतिफल | कृषि क्षेत्रले ओगटेको पूर्ण रोजगारी | प्रतिशत | | |
| ७४ | प्रतिफल | कृत्रिम गर्भादान सेवा संख्या | वार्षिक | | |
| ७५ | प्रतिफल | उन्नत नश्लका पशुपंक्षी स्रोत केन्द्र | संख्या | | |
| ७६ | प्रतिफल | व्यवसायीक कृषि तथा पशुपालक फार्म | संख्या | | |
| ७७ | प्रतिफल | घाँसेवालीले ओगटेको कृषि क्षेत्र | हेक्टरमा | | |
| ७८ | प्रतिफल | भेटिरिनरी प्रयोगशाला | संख्या | | |
| ७९ | प्रतिफल | कृषि प्रर्दशनी तथा मेला | संख्या वार्षिक | | |
| ८० | प्रतिफल | मत्स्य पालन पकेट क्षेत्र | संख्या | १* | ४ |
| ८१ | प्रतिफल | मौरी घार | संख्या | | |
| ८२ | प्रतिफल | कृषि प्राविधिक तालिम तथा अभिमुखीकरणबाट पूर्ण लाभान्वित छु भन्ने कृषक | संख्या | | |
| ८३ | प्रतिफल | माछाका भूरा वितरण संख्या | प्रतिवर्ष | | |
| **(ख)** | **पर्यटन** | | | | |
| १. | प्रतिफल | पर्यटक आगमन | संख्या | | |
| २. | असर | रोजगारीमा योगदान | प्रतिशत | | |
| ३. | असर | कूलग्राहस्थ उत्पादनमा योगदान | | | |
| ४. | असर | पर्यटक बसाइ अवधि | दिन | | |
| ५. | असर | प्रति पर्यटक प्रतिदिन खर्च | ४५ डलर | | |
| ६. | प्रतिफल | आधारभूत पूर्वाधार पूर्ण भएका पर्यटकीय गन्तव्य | संख्या | | |
| ७. | प्रतिफल | तालिम प्राप्त पर्यटन सम्बद्ध जनशक्ति | संख्या | | |
| ८. | प्रतिफल | आधारभूत सुविधायुक्त होटल, रिसोर्ट, लज | संख्या | | |
| ९. | प्रतिफल | तालिक प्राप्त वेटर | संख्या | *१० | ३० |
| १०. | प्रतिफल | होमस्टे | संख्या | | |
| ११. | प्रतिफल | पर्यटन सूचना केन्द्र | संख्या | | |
| १२. | प्रतिफल | वार्षिक पर्यटन पात्रो अन्तर्गत समेटिएका पर्यटन गतिविधि | संख्या | | |
| १३. | प्रतिफल | चिनो, कोशेली तथा पर्यटन बिक्री केन्द्र | संख्या | | |
| १४. | प्रतिफल | नविनतम पर्यटन गन्तव्य | संख्या | | |
| १५. | प्रतिफल | पक्की सडकको पहुँच पुगेका पर्यटन गन्तव्य | संख्या | | |
| १६. | प्रतिफल | पूर्णरुपमा पर्यटनमा संलग्न रोजगारको | संख्या | | |
| **(ग)** | **खानी, खनिज, उद्योग वाणिज्य तथा आपूर्ति** | | | | |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| १. | असर | कृषि तथा गैर कृषि क्षेत्रमा (उद्योगहरुको स्थापना संख्या) | संख्या | *२४३ | २७० |
| २. | असर | कूल रोजगारीमा ठूला उद्योगको योगदान (९.२.२) | प्रतिशत | | |
| ३. | असर | कूल गार्हस्थ उत्पानमा उद्योग क्षेत्रको योगदान (प.दि.वि.ल. ८.३.१) | प्रतिशत | | |
| ४. | प्रतिफल | साना तथा घरेलु उद्योग प्रर्वद्धन गर्ने सहकारीलाई अनुदान प्रतिशत | प्रतिशत | *३० | ४५ |
| ५. | प्रतिफल | उद्योग तथा व्यवसायीहरुमा संलग्न जनसंख्या | प्रतिशत | *४० | ६० |
| ६. | प्रतिफल | आयात मूल्य | रकममा | | |
| ७. | प्रतिफल | निर्यात मूल्य | रकममा | | |
| ८. | प्रतिफल | अनौपचारिक रुपमा सञ्चालित उद्योग तथा व्यवसायीहरु | रकममा | *४० | ५० |
| ९. | प्रतिफल | खानीमा आधारित उद्योग संख्या | संख्या | | |
| १०. | प्रतिफल | साना उद्योग संख्या | संख्या | | |
| ११. | प्रतिफल | मझौला उद्योग संख्या | संख्या | | |
| १२. | प्रतिफल | औद्योगिक व्यवसायिक क्षेत्र | संख्या | *१८० | २०० |
| १३. | प्रतिफल | व्यवसायिक अभिमुखीकरण तालिम (वार्षिक) | संख्या | *५५० | ७०० |
| १४. | प्रतिफल | महिला उद्यमीहरूको संख्या | संख्या | | |
| १५. | प्रतिफल | युवा उद्यमीहरूको संख्या | संख्या | *८० | १५० |
| १६. | प्रतिफल | समग्र उद्यमीहरूको संख्या (व्यक्तिगत नाममा दर्ता) | संख्या | | |
| **(घ)** | **बैङ्क तथा वित्तीय क्षेत्र** | | | | |
| १. | प्रतिफल | आफ्नै नाममा बैङ्क खाता भएका घरपरिवार | संख्या | | |
| २. | प्रतिफल | पालिकामा विस्तार भएका वाणिज्य बैङ्कको | संख्या | *१ | ५ |
| ३. | प्रतिफल | पालिकामा विस्तार भएका विकास बैङ्क | संख्या | | |
| ४. | प्रतिफल | पालिकामा विस्तार भएका सहकारी | संख्या | *२५ | ३० |
| ५. | असर | वित्तीय सेवाको पहुँचमा रहेका घर परिवारको संख्या | संख्या | *५० | ७५ |
| ६. | प्रतिफल | प्रति १ लाख वयस्कहरूमा वाणिज्य बैङ्कहरूमा शाखा (८.१०.१ क) | संख्या | | |
| ७. | प्रतिफल | प्रति १ लाख वयस्कहरूमा ए.टि.एम (८.१०.१ ख) प.दि.बि.ल) | संख्या | | |
| ८. | प्रतिफल | बैङ्कबाट ऋण लिएर व्यवसायका उद्योग सञ्चालन गर्ने व्यवसायीको (९.३.२) प.दि.बि.ल. | संख्या | | |
| ९. | असर | लघुवित्तद्वारा समेटिएको खेती गर्ने परिवार प्रतिशत (१०.५.१.१) प.दि.वि.ल. | प्रतिशत | | |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| १०. | असर | ३० मिनेटको पैदल दुरीमा बैङ्किङ सेवामा पहुँच भएका परिवार | प्रतिशत | | |
| ११. | असर | सहकारी पहुँच भएको जनसंख्या | प्रतिशत | *२० | ४५ |
| **(ङ)** | **गरीबी निवारण** | | | | |
| १. | प्रभाव | गरीबीको रेखामुनि रहेको परिवार ( प.दि.बि.ल १.२.१) | प्रतिशत | | |
| २. | प्रभाव | बहुआयामिक गरिबीको दर (प.दि.बि.ल १.२.२) | प्रतिशत | | |
| ३. | प्रभाव | बेरोजगारी दर (प.दि.बि.ल ८.५.२) | प्रतिशत | | |
| ४. | प्रतिफल | गरीब लक्षित कार्यक्रमबाट प्रत्यक्ष लाभ लिने घरपरिवार | संख्या | | |
| ५. | प्रतिफल | भूमिहिन तर करार खेतीबाट लाभन्वित घरपरिवार | संख्या | | |
| ६. | प्रतिफल | आयमूलक सिप विकास तालिमद्वारा लाभान्वित घरपरिवार | संख्या | | |
| ७. | असर | अशक्त, असहाय, बेसहारा आश्रयस्थलमा समेटिने | संख्या | | |
| ८. | प्रतिफल | स्वास्थ्य बिमाबाट सूरक्षित गरिएका विपन्न परिवार | संख्या | | |
| ९. | प्रतिफल | गरीबीको रेखामुनि रहेका महिला ( १.२.१.१) | प्रतिशत | | |
| १०. | प्रतिफल | गरीबीको रेखामुनि रहेका ५ वर्ष मुनिका बालबालिका (१.२.१.१) | प्रतिशत | | |
| ११. | प्रतिफल | कूल बजेटमा सामाजिक सुरक्षा खर्च ( १.३.१.१) | प्रतिशत | | |
| १२. | प्रतिफल | आफ्नै नाममा अचल सम्पत्ति भएका महिला (१.४.२.१) | प्रतिशत | | |

*स्रोत: ८ गाउँपालिकाको आवधिक योजना*

# परिच्छेद - ४: सामाजिक क्षेत्र

## ४.१ शिक्षा, विज्ञान तथा प्रविधि

### ४.१.१ पृष्ठभूमि

सभ्य र सु-संस्कृत समाजको निर्माणमा शिक्षाको सर्वोपरी भूमिका रहेको हुन्छ । सक्षम मानव संसाधन नभइ कुनै पनि क्षेत्रको विकास सम्भव छैन । विश्वभर अति विकसित मुलुकहरुको समग्र विकासको कारण भनेकै ती मुलुकहरुले शिक्षामा गरेको विशाल लगानीको प्रतिफल हो । नेपालको संविधान २०७२ ले शिक्षालाई नागरिकको मौलिक हकको रुपमा स्थापित गरेको छ । विशेषगरी आधारभूत तह सम्मको शिक्षा नि:शुल्क र अनिवार्य साथै माध्यमिक तह सम्मको शिक्षा नि:शुल्क गरेको छ । उक्त परिप्रेक्ष्यमा राज्य विशेषगरी स्थानीय सरकारको भूमिका र जिम्मेवारी महत्वपूर्ण हुन गएको छ ।

गाउँपालिकाको आवधिक योजना २०७८/७९ बाट प्राप्त तथ्याङ्क अनुसार गाउँपालिकामा ७ वटा माध्यमिक विद्यालय, २७ वटा आधारभूत तह गरी जम्मा ४८ वटा विद्यालयहरू रहेका छन् भने ८ वटा संस्थागत विद्यालयहरुको रहेको छ। यसका साथै यहाँ उच्च शिक्षा अध्ययनका लागि आदर्श जनता क्याम्पस सञ्चालनमा रहेको छ । ग्रामीण परिवेशको क्षेत्र भएकाले यस गाउँपालिकामा शिक्षाका आधारभूत पूर्वाधारहरूको समेत पर्याप्त विकास हुन नसकेको अवस्था छ ।

### ४.१.२ समस्या तथा चुनौती

शैक्षिक पूर्वाधारको कमजोर अवस्था, पर्याप्त विषयगत शिक्षक र शैक्षिक सामाग्रीको अभाव, शैक्षिक गुणस्तर प्रति अभिभावकको न्यून चासो, सीप र स्वरोजगारमूलक शिक्षाको कमी, नवीनतम शिक्षण प्रणाली र सूचना सञ्चार प्रणालीको न्यून प्रयोग लगायतका समस्या र चुनौती अन्य स्थानका अतिरिक्त यस पालिकामा समेत रहेका छन् ।

### ४.१.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

| दीर्घकालीन सोच |
| --- |
| समान पहुँच सहितको गुणस्तरीय शिक्षा गाउँपालिकाको प्रतिबद्धता |
| **लक्ष्य** |
| माध्यमिक शिक्षालाई गुणस्तरीय, व्यवसायिक तथा दक्ष नागरिक तयार गर्ने केन्द्रको रुपमा विकास गर्ने । |
| **उद्देश्यहरू** |
| ✓ सामुदायिक विद्यालयको शिक्षालाई गुणस्तरीयता अभिवृद्धि गर्दै प्राविधिक र व्यवसायिक शिक्षाको विस्तार गरी स्वरोजगारीको अवसर सृजना गर्नु । |

### ४.१.४ रणनीति

१. विद्यालय क्षेत्रको शैक्षिक पूर्वाधार तथा मानव संसाधनमा सुधार गर्ने ।
२. माध्यमिक शिक्षालाई प्राविधिक तथा व्यवसायिक शिक्षाको रुपमा विस्तार गर्ने ।

३. न्यूनतम भौतिक पूर्वाधारहरूलाई प्राथमिकताको आधारमा निर्माण गर्दै लैजाने ।

४. अत्यावश्यक शैक्षिक जनशक्तिको व्यवस्थापन गर्ने ।

## ४.१.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | विद्यालय शिक्षा नीति मार्फत विद्यालयमा आवश्यक न्युनतम पूर्वाधार मापदण्ड तयारी तथा कार्यान्वयन | आवश्यक कानूनको निर्माण | ०८२/८३–०८२/८३ | ५०० | विद्यालय शिक्षा नीति मार्फत विद्यालयमा आवश्यक न्युनतम पूर्वाधार मापदण्ड तयारी तथा कार्यान्वयन भएको हुने |
| २ | नमुना बाल मैत्री आधारभूत विद्यालय सञ्चालन | शैक्षिक गुणस्तरमा सुधार | ०८२/८३-०८४/८५ | १५०० | नमुना बाल मैत्री आधारभूत विद्यालय सञ्चालन भएको हुने |
| ३ | विद्यार्थी शिक्षक व्यवस्थापन कार्यक्रम | शैक्षिक व्यवस्थापन | ०८२/८३-०८४/८५ | २०० | विद्यार्थी शिक्षक व्यवस्थापन कार्यक्रम सञ्चालन भएको हुने |
| ४ | सूचना प्रविधिमैत्री विद्यालय कार्यक्रम | शिक्षाको गुणस्तरमा वृद्धि | साल बसाली | ३५० | सूचना प्रविधिमैत्री विद्यालय कार्यक्रम सञ्चालन भएको हुने |
| ५ | गाउँपालिकास्तरीय नमुना आवासीय विद्यालय कार्यक्रम | शिक्षामा सबैको पहुँच | साल बसाली | १००० | गाउँपालिका स्तरीय नमुना आवासीय विद्यालय कार्यक्रमसञ्चालन भएको हुने |
| ६ | व्यवसायिक विद्यालय कार्यक्रम | शैक्षिक गुणस्तर वृद्धि | ०८२/८३-०८३/८४ | ५०० | व्यवसायिक विद्यालय कार्यक्रम सञ्चालन भएको हुने |
| ७ | अति विपन्न, सिमान्तकृत, विद्यालय जानबाट बञ्चित बालबालिकाको विवरण संकलन | शिक्षामा सबैको पहुँच सुनिश्चित | ०८२/८३-०८२/८३ | ४०० | अति विपन्न, सिमान्तकृत, विद्यालय जानबाट वञ्चित बालबालिकाको विवरण संकलन भएको हुने |
| ८ | अभिभावक अभिमूखीकरण कार्यक्रम सञ्चालन | अभिभावकलाई जिम्मेवारीको बोध | साल बसाली | ७५० | अभिभावक अभिमूखीकरण कार्यक्रम सञ्चालन भएको हुने |
| ९ | अनौपचारिक प्रौढ शिक्षा सञ्चालन (प्रत्येक वडामा) | साक्षरता वृद्धि | साल बसाली | ३००० | १० वटा वडाकै साक्षरता दर वृद्धि भएको हुने |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १० | एक वडा एक सामुदायिक सिकाई केन्द्र स्थापना | ज्ञानको विकास | ०८२/८३-०८३/८४ | ५००० | एक वडा एक सामुदायिक सिकाई केन्द्र स्थापना भएको हुने |
| ११ | अपाङ्गता विशेष कक्षा सञ्चालन | शिक्षामा सबैको पहुँच सुनिश्चित | ०८२/८३-०८३/८४ | २५०० | अपाङ्गता विशेष कक्षा सञ्चालन भएको हुने |
| १२ | बहुप्राविधिक विद्यालय स्थापनार्थ पूर्वाधार निर्माण | प्राविधिक शिक्षालाई जोड | ०८२/८३-०८४/८५ | ८०० | बहुप्राविधिक विद्यालय स्थापनार्थ पूर्वाधार निर्माण भएको हुने |
| १३ | विद्यालयस्तरीय पोषण शिक्षा कार्यक्रम | शिक्षा र पोषणको अन्तर आबद्धता | साल बसाली | ७००० | विद्यालयस्तरीय पोषण शिक्षा कार्यक्रम संचालन भएको हुने |
| १४ | उत्कृष्ट विद्यालय पुरस्कार कोष | उत्कृष्ट विद्यालयलाई प्रोत्साहन | ०८२/८३-०८४/८५ | ५०० | उत्कृष्ट विद्यालय पुरस्कार प्रदान गरिएको हुने |
| १५ | जेहेन्दार छात्र/छात्रा छात्रवृत्ति कोष निर्माण | सुलभ शिक्षा | ०८२/८३-०८३/८४ | ५०० | कम्तीमा १०० विद्यार्थीलाई जेहेन्दार छात्र/छात्रा छात्रवृत्ति प्रदान गरिएको हुने |
| १६ | हरेक विद्यालयमा उत्कृष्ट शिक्षक पुरस्कार कोष स्थापना | कर्मनिष्ठ शिक्षकलाई प्रोत्साहन | ०८२/८३–०८३/८४ | ५०० | हरेक विद्यालयमा उत्कृष्ट शिक्षक पुरस्कार प्रदान गरिएको हुने |

### ४.१.६ जोखिम पक्ष तथा अनुमान

समग्र विद्यालय सुधारका लागि अध्यापन गर्ने शिक्षक-शिक्षिकामा परिवर्तित ज्ञान तथा सीप अद्यावधिक गर्ने, शिक्षामा समान लैङ्गिक अवसर बढाउने चेतनामुलक कार्यक्रम सञ्चालन गर्ने, समय समयमा शिक्षक-विद्यार्थी-अविभावक अन्तरक्रियाबाट सबै पक्षले रचनात्मक सुधार गर्ने, अध्ययनमा अभिरुची जगाउन स्थापित व्यक्तित्वसँग साक्षात्कार कार्यक्रम गर्ने, स्थानीय आवश्यकता र सम्भाव्यताको आधारमा पाठ्यक्रम निर्माण गर्ने, नवीनतम सूचना प्रविधिको प्रयोग बढाउने, पाठ्य सामाग्री समयमै उपलब्ध गराउने जस्ता कार्य गराइएमा गाउँपालिकाको शैक्षिकस्तर सुधार हुन्छ । उल्लिखित कार्यक्रम प्राथमिकताका साथ सञ्चालन गर्न नसकिएमा उपलब्धि हासिल नहुने जोखिम रहन्छ ।

## ४.२ स्वास्थ्य

### ४.२.१ पृष्ठभूमी

नेपालको संविधानको धारा ३५ मा स्वास्थ्य सम्बन्धी हकलाई मौलिक हकको रुपमा स्थापित गरिएको छ । उपधारा १ मा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट बञ्चित गरिने छैन भनि उल्लेख गरिएको छ । स्वास्थ्य सम्बन्धी आधारभूत सुविधा प्रदान गर्ने जिम्मेवारी स्थानीय सरकारको भएकाले स्थानीय तहमा आधारभूत स्वास्थ्य पूर्वाधार र सेवाहरुको प्रबन्ध हुन अपरिहार्य छ ।

गाउँपालिकाको आवधिक योजना २०७८/७९ बाट प्राप्त तथ्याङ्क अनुसार यस गाउँपालिकाको वडा ६ मा गेरुवा अस्पताल तथा वर्थिङ सेन्टर रहेको छ भने यहाँ ४ वटा स्वास्थ्य चौकीहरु संचालनमा रहेका छन साथै ५ वटा संस्थागत खोप क्लिनिकहरु र २ वटा टि.बी उपचार केन्द्र संचालनमा रहेका छन्, १ वटा बर्थिङ सेन्टर रहेको छ साथै ७२ जना महिला स्वास्थ्य स्वयंसेविकाहरु रहेका छन । यसका साथै यहाँ निजी क्षेत्रबाट पनि स्वास्थ्य क्लिनिक तथा फार्मेसीहरु संचालनमा रहेका छन् । यी संस्थाहरूबाट सीमित मात्रामा मात्र स्वास्थ्यका आधारभूत सेवा सञ्चालन भए तापनि धेरै जसो आधारभूत स्वास्थ्य सेवाको अपर्याप्तता रहेको छ । नेपाल सरकारको "एक स्थानीय तह एक अस्पताल निर्माण" अभियान अन्तर्गत गाउँपालिकामा एक १५ शैयाको अस्पताल निर्माण सम्पन्न गरी सो अस्पताललाई सुविधा सम्पन्न बनाउन सके स्वास्थ्य सेवा प्राप्तिमा केही राहत मिल्ने देखिन्छ ।

### ४.२.२ समस्या तथा चुनौती

सहज, सुलभ र गुणस्तरीय स्वास्थ्य सेवामा सबै वर्ग र समुहको पहुँच र उपलब्धताको कमी, आकस्मिक र विशिष्टिकृत स्वास्थ्य सेवाका लागि सदरमुकाम लगायतका ठूला शहरमा जानुपर्ने अवस्थाको विद्यमानता, चेतनाको स्तरको न्युनता लगायतका समस्या र चुनौतीको विद्यमानता यस पालिकामा समेत रहेका छन् ।

### ४.२.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| जनपक्षीय सरल सुलभ तथा निशुल्क स्वास्थ्य सेवा उपलब्ध |
| **लक्ष्य** |
| गाउँपालिकामा गुणस्तरीय स्वास्थ्य सुविधा उपलब्ध गराई स्थानीय समुदायको स्वास्थ्य खर्च कटौतीमा योगदान पुऱ्याउने । |
| **उद्देश्यहरू** |
| ✓ गाउँपालिकामा सञ्चालित स्वास्थ्य संस्थाको क्षमता अभिवृद्धि गरी स्वास्थ्य सुविधाको पहुँचलाई सहज बनाउनु । |

### ४.२.४ रणनीति

१. स्वास्थ्य सुविधालाई सर्भसुलभ र गुणस्तरीय बनाउने ।
२. आधारभूत स्वास्थ्य पूर्वाधार निर्माण गर्ने ।
३. स्वास्थ्यकर्मीको दरबन्दी व्यवस्थापन तथा क्षमता विकास गर्ने ।
४. आधारभूत स्वास्थ्य सेवाबाट अतिविपन्न र आम नागरिकलाई बञ्चित हुन नदिने ।

## ४.२.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | गाउँपालिका भित्रका स्वास्थ्य संस्थामा आवश्यक न्युनतम प्राविधिक तथा भौतिक पुर्वाधारको निर्माण | स्वास्थ्य सेवा प्रवाहमा सहजता | ०८२/८३-०८३/८४ | १०००० | गाउँपालिका भित्रका स्वास्थ्य संस्थामा आवश्यक न्युनतम प्राविधिक तथा भौतिक पुर्वाधारको निर्माण भएको हुने |
| २ | पालिकास्तरीय गुणस्तरीय स्वास्थ्य संस्था स्थापना | गुणस्तरीय स्वास्थ्य सेवा | ०८२/८३-०८४/८५ | ५००० | पालिकास्तरीय गुणस्तरीय स्वास्थ्य संस्था स्थापना भएको हुने |
| ३ | नियमित खोप, परिवार नियोजन, मातृशिशु सेवालाई जनपक्षीय बनाउनका लागि महिला स्वयंसेविकालाई उत्प्रेरणा सहितको तालिम | सर्वसुलभ स्वास्थ्य सेवा | ०८२/८३-०८२/८३ | २५०० | नियमित खोप, परिवार नियोंजन, मातृशिशु सेवालाई जनपक्षीय बनाउनका लागि महिला स्वयंसेविकालाई उत्प्रेरणा सहितको तालिम प्रदान भएको हुने |
| ४ | प्रत्येक वडामा बर्थिङ सेन्टर स्थापना | प्रसुती सेवाको विस्तार | ०८२/८३-०८३/८४ | ५००० | प्रत्येक वडामा बर्थिङ सेन्टर स्थापना भएको हुने |
| ५ | सम्भाव्यताका आधारमा आयुर्वेदिक उद्यान तथा प्रशोधन केन्द्रको स्थापना | आयुर्वेद औषधोपचारको विस्तार | ०८२/८३-०८४/८५ | १००० | सम्भाव्यताका आधारमा आयुर्वेदिक उद्यान तथा प्रशोधन केन्द्रको स्थापना भएको हुने |
| ६ | निजी क्षेत्रसँगको सहकार्यमा बजार क्षेत्रमा व्यायामशाला सञ्चालन | स्वस्थ जीवनयापनमा जोड | ०८२/८३-०८४/८५ | ८०० | निजी क्षेत्रसँगको सहकार्यमा बजार क्षेत्रमा व्यायामशाला सञ्चालन भएको हुने |
| ७ | गाउँपालिकाका सबै समुदायलाई स्वास्थ्य बिमा | स्वास्थ्यमा सबैको पहुँच | ०८२/८३-०८३/८४ | ५००० | गाउँपालिकाका सबै समुदायलाई स्वास्थ्य बिमा |
| ८ | प्रजनन् सेवा, परिवार नियोजन तथा सुरक्षित गर्भपतन सेवा इकाई स्थापना | प्रजनन् सेवा सम्बन्धी सबै सेवाको सहज उपलब्धता | ०८२/८३-०८४/८५ | १००० | प्रजनन् सेवा, परिवार नियोजन तथा सुरक्षित गर्भपतन सेवा इकाई स्थापना भएको हुने |
| ९ | पालिकास्तरीय एक सामान्य शल्य चिकित्सा इकाईको निर्माण | शल्य चिकित्सा सुविधा | ०८२/८३-०८४/८५ | ५००० | पालिकास्तरीय एक सामान्य शल्य चिकित्सा इकाईको निर्माण भएको हुने |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १० | महिला स्वास्थ्य स्वयंसेविका तालिम तथा प्रोत्साहन भत्ता | प्रोत्साहन मातृ स्वास्थ्यमा सुधार | साल बसाली | १५०० | महिला स्वास्थ्य स्वयंसेविका तालिम तथा प्रोत्साहन भत्ता वितरण भएको हुने |
| ११ | आमा सुरक्षा कार्यक्रम अर्न्तगत प्रयोगशाला निशुल्क परीक्षण र सुत्केरी पोषण कार्यक्रम | मातृ स्वास्थ्यमा सुधार | साल बसाली | ४००० | आमा सुरक्षा कार्यक्रम अर्न्तगत प्रयोगशाला निशुल्क परीक्षण र सुत्केरी पोषण कार्यक्रम संचालन भएको हुने |

### ४.२.६ जोखिम पक्ष तथा अनुमान

आधारभूत, विशेषज्ञ तथा आकस्मिक सेवा सम्बन्धी पूर्वाधारको विकास, प्राचिन र आधुनिक चिकित्सा प्रणालीको प्रयोग र संरक्षण, सरकारका नीति र नागरिकको सचेतना विस्तार, प्रजनन स्वास्थ-सुरक्षित गर्भपतन सम्बन्धी सेवाको विस्तार, नाक, कान, घाँटी तथा मुटु मृगौला लगायतका संवेदनशील अंगको सहज उपलब्धता, महिला तथा किशोरी शिक्षाको प्रचार-प्रसार, पोषण तथा खाद्य सुरक्षा लगायतका कार्यक्रममा विशेष ध्यान पुऱ्याउन सकिएमा गुणस्तरीय स्वास्थ सेवा सुनिश्चित गर्न सकिन्छ। अपर्याप्त साधन श्रोत र जनशक्तिको अभावमा उपलब्धि हासिल नहुने जोखिम रहन्छ।

## ४.३ संस्कृति, भाषा, कला तथा साहित्य

### ४.३.१ पृष्ठभूमि

कुनै पनि समुदायको आफ्नै विशिष्ट पहिचान, जीवनशैली, भेषभूषा र रहनसहन हुन्छ। सदियौं देखि अभ्यास गर्दै आइरहेका रीतिरिवाजले मानिसको दैनिक जीवनलाई नियमित र व्यवस्थित गर्न सहयोग पुऱ्याइरहेको हुन्छ। अर्कोतर्फ समुदायपिच्छे आ-आफ्ना धर्म, संस्कृति, रीतिरिवाज र परम्पराहरू हुन्छन्। ती फरक रीतिरिवाज, रहनसहन र परम्पराहरू समुदाय र समाजका विशिष्ट पहिचान साथै बौद्धिक सम्पदा (Intellectual Property) भएकोले तिनीहरूको संरक्षण गर्नु जरुरी छ। गेरुवा गाउँपालिका ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक विविधतामा धनी गाउँपालिका हो।

यस गाउँपालिकामा विभिन्न जाति, धर्म सम्प्रदाय र समुदायका मानिसहरू बसोबास गर्दछन्। यहाँ थारु, क्षेत्री, ठकुरी, ब्राम्हण-पहाड, विश्वकर्मा, ब्राहमण तराई, परियार, मगर लगायतका जातजातीहरुको बसोबास रहेको छ। यो गाउँपालिकामा हिन्दु धर्म मान्ने मानिसहरूको बाहुल्यता रहेको छ भने यसबाहेक बौद्ध, इस्लाम, क्रिश्चियन लगायत अन्य धर्म मान्ने मानिसहरू पनि छन्। सबै जातजाति र सम्प्रदायका आ-आफ्नै धर्म, संस्कृति र चालचलनहरू छन्। यहाँ जनैपूर्णिमा, तिज, दशैं, तिहार, छठपर्व, इद, जितिया, ल्होसार, होली, बौद्ध पूर्णिमा, क्रिश्मस डे, नयाँ वर्ष जस्ता चाडपर्व मनाउने गर्दछन्।

### ४.३.२ समस्या तथा चुनौती

स्थानीय भाषा, कला, साहित्य र संस्कृतिको संरक्षणमा ठोस योजनाको कमी, युवा पुस्ताको उदासिनता, प्राचिनता र मौलिकता संरक्षण गर्ने तर्फ पर्याप्त अध्ययन अनुसन्धान, लगानी तथा अग्रसरताको कमी, स्थानीय

पाठ्यक्रममा स्थानीय कला साहित्य संरक्षण सम्बन्धी विषय वस्तुको विकास र समावेश लगायतका विविध समस्या र चुनौतीको विद्यमानता यस पालिकामा समेत रहेका छन् ।

### ४.३.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| संस्कृतिको संगम गेरुवा गाउँपालिका |
| **लक्ष्य** |
| गाउँपालिका भित्रका भाषा, साहित्य, कला तथा संस्कृतिको संरक्षण तथा विकास गर्ने । |
| **उद्देश्यहरू** |
| ✓ स्थानीय भाषा, साहित्य तथा कलाको प्रवर्द्धन गर्नु । |

### ४.३.४ रणनीति

१. भाषा, साहित्य तथा कलाको संरक्षण तथा विकासका लागि नीतिगत व्यवस्था गर्ने ।
२. भाषा, संस्कृति, कला साहित्यलाई जीवन्त तुल्याउने ।
३. कला, साहित्य, भाषा, संस्कृतिका सर्जकहरूलाई सहयोग र प्रोत्साहन गर्ने ।
४. साँस्कृतिक, साहित्यिक, भाषिक तथा कला सम्बन्धी पूर्वाधार निर्माण गर्ने ।

### ४.३.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | अमूर्त साँस्कृतिक सम्पदाको Inventory तयार | साँस्कृतिक सम्पदा सम्बन्धी अध्ययन | ०८२/८३-०८२/८३ | २५०० | पालिकाको अमूर्त साँस्कृतिक सम्पदाको Inventory तयार भएको हुने |
| २ | साँस्कृतिक संग्रहालयको स्थापना | संस्कृतिको संरक्षण | ०८२/८३-०८४/८५ | | साँस्कृतिक संग्रहालयको स्थापना भएको हुने |
| ३ | अमूर्त साँस्कृतिक सम्पदा तथा बौद्धिक सम्पदाको विवरण प्रकाशन | साँस्कृतिक सम्पदाको अद्यावधिक अभिलेख | ०८२/८३-०८२/८३ | ५०० | साँस्कृतिक सम्पदा तथा बौद्धिक सम्पदाको विवरण प्रकाशन भएको हुने |
| ४ | अन्तरपालिका साहित्यिक कार्यक्रम सञ्चालन | सँस्कृतिको प्रवर्द्धन | ०८२/८३-०८२/८३ | | अन्तरपालिका साहित्यिक कार्यक्रम सञ्चालन भएको हुने |
| ५ | साँस्कृतिक वृत्तचित्र निर्माण | सूचनाको सम्प्रेषण | ०८२/८३-०८२/८३ | १००० | पालिकाको साँस्कृतिक वृत्तचित्र निर्माण भएको हुने |
| ६ | लेखक, कलाकार, साहित्यकारहरूको विवरण संकलन | सर्जकको अभिलेखाङ्कन र सम्मान | ०८२/८३-०८२/८३ | ३०० | पालिकाको लेखक, कलाकार, साहित्यकारहरूको |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| | | | | | विवरण संकलन भएको हुने |
| ७ | साँस्कृतिक गतिविधि प्रचारप्रसार गरी पर्यटन प्रवर्द्धन | पर्यटन प्रवर्द्धन | ०८२/८३-०८३/८४ | २०० | पालिकाका साँस्कृतिक गतिविधि बारे प्रचार प्रसार भएको हुने |
| ८ | लोपोन्मुख जातजाती, भाषा तथा साँस्कृतिक गाथा संरक्षण कार्यक्रम | परम्परा, मौलिकता र संस्कृतिको संरक्षण | ०८२/८३-०८३/८४ | ३०० | लोपोन्मुख जातजाती, भाषा तथा साँस्कृतिक गाथा संरक्षण कार्यक्रम संचालन भएको हुने |
| ९ | पालिकास्तरीय साँस्कृतिक कोषको निर्माण | साँस्कृतिक कार्यमा सहजीकरण | साल बसाली | ५०० | पालिकास्तरीय साँस्कृतिक कोषको निर्माण भएको हुने |
| १० | कलाकार, सर्जक तथा कला-पत्रकार सम्मान | सर्जकको सम्मान | साल बसाली | १०० | कम्तीमा २० जना कलाकार, सर्जक तथा कला-पत्रकार सम्मानित भएको हुने |

### ४.३.६ जोखिम पक्ष तथा अनुमान

कामको थालनी पश्चात् काममा नियमितता नहुने, निर्माण सामग्रीको आपूर्तिमा अवरोध हुने, सार्वजनिक र निजी क्षेत्रको साझेदारी प्रभावकारी नहुन सक्ने लगायतका जोखिम रहन्छ ।

## ४.४ लैङ्गिक समानता, जेष्ठ नागरिक, अपाङ्गता तथा सामाजिक समावेशीकरण

### ४.४.१ पृष्ठभूमि

बालबालिका तथा किशोरकिशोरीलाई भविष्यका कर्णधारको रुपमा लिइन्छ । किनकि हालको बालबालिकाको समग्र अवस्थाले भोलि राष्ट्र निर्माण तथा समाज निर्माणमा जिम्मेवार हुने मानव संसाधन कस्तो हुनेछ भन्ने निर्धारण गर्दछ । त्यसकारण नेपालको संविधानले बालबालिकाको हकलाई मौलिक हकको रुपमा स्थापित गरी बालअधिकार संरक्षण राज्यको अनिवार्य दायित्व भित्र राखेको छ भने स्थानीय सरकार सञ्चालन ऐन, २०७४, बालबालिका सम्बन्धी ऐन, २०७५ तथा दिगो विकास लक्ष्य समेत बालबालिका तथा किशोरकिशोरीमाथि हुने सबै प्रकारका विभेद अन्त्य गर्नेतर्फ लक्षित रहेको छ । बालबालिकाको उचित हेरचाह, शिक्षा, पोषण, स्वास्थ्य जस्ता विषयहरू बाल अधिकार अर्थात् नागरिक दायित्व र जिम्मेवारीका मात्र विषय होइनन्, यी विषय भोलिको समाज र राष्ट्र निर्माणमा गरिने बृहत् लगानीसँग गाँसिएका विषयहरू हुन् ।

राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार गाउँपालिकामा जन्मे देखि १४ बर्ष उमेर समुहका बालबालिकाको संख्या ८,४४४ अर्थात २५.२० प्रतिशत रहेको छ । यसरी बालबालिकाको संख्या धेरै हुनुले ठूलो रकम यी बालबालिकाको हेरचाह, स्वास्थ्य, शिक्षा र पोषणमा खर्च गर्नुपर्ने हुन्छ । बालबालिकाहरूलाई स्वास्थ्य तथा पोषणका हिसाबले समेत पूर्ण सुरक्षित राख्नु गाउँपालिकाको दायित्वभित्र पर्दछ ।

### ४.४.२ समस्या तथा चुनौती

जातिय विभेदको अन्त्य नहुनु, लक्षित वर्गको सामाजिक, आर्थिक, राजनैतिक सशक्तिकरणमा गरिएको लगानी, कार्यक्रम र प्रयासले प्रभावकारी नतिजा ल्याउन नसक्नु, सामाजिक सुरक्षा र संरक्षणका दिगो र स्थायी कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्ने तथा समता र समानता आधारित समाजको निमार्ण गर्नुपर्ने चुनौती यस गाउँपालिकामा रहेका छन् ।

### ४.४.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| समाजका सबै तह र तप्काका नागरिकको समतामूलक तथा अर्थपूर्ण सहभागिता सुनिश्चित |
| **लक्ष्य** |
| महिला, दलित, बालबालिका, अपाङ्ग लगायत सबै समुदायको अर्थपूर्ण सहभागितामा जोड दिई विकासमा सबैको अपनत्व बढाउने । |
| **उद्देश्यहरू** |
| ✓ पिछडिएका समुदाय, महिला, दलित, आदिवासी जनजाती, वृद्धवृद्धा, बालबालिका लगायत सम्पूर्ण समुदायको गाउँपालिकाबाट प्राप्त हुने सम्पूर्ण सेवा तथा सुविधामा अर्थपूर्ण सहभागिताको प्रत्याभूति गर्नु । |

### ४.४.४ रणनीति

१. समावेशी विकास नीति अवलम्बन गर्ने ।
२. महिला जागरण केन्द्रित नीति निर्माण तथा कार्यक्रम सञ्चालन गर्ने ।
३. जेष्ठ नागरिकको सामाजिक सुरक्षा र आत्मसम्मान कायम हुने कार्यक्रमलाई प्राथमिकतापूर्वक सञ्चालन गर्ने ।
४. अपाङ्गता भएका नागरिकहरुको कठिनाई न्यूनीकरण गर्ने कार्यक्रमहरु संचालन गरी उनीहरुको आत्मबल बढाउने र आत्मसम्मान जगाउने ।

### ४.४.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | पिछडिएका वर्ग, अपाङ्ग, बालबालिका तथा बृद्ध बृद्धा लक्षित बिमामा आधारित सामाजिक सुरक्षा कार्यक्रम | सामाजिक सुरक्षा | साल बसाली | २०० | पिछडिएका वर्ग,अपाङ्ग, बालबालिका तथा बृद्ध बृद्धा लक्षित बिमामा आधारित सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन भएको हुने |
| २ | समुदायमा अन्तरनिहित समुदायको सिपको उत्थानका लागि अनुदान र बजारीकरण | सिप विकास | ०८२/८३-०८२/८३ | ५०० | समुदायमा अन्तरनिहित समुदायको सिपको उत्थानका लागि अनुदान र बजारीकरण भएको हुने |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ३ | अपाङ्ग लक्षित विद्यालयको स्थापना | शिक्षामा सबैको पहुँच सुनिश्चित | ०८२/८३-०८३/८४ | ८०० | अपाङ्ग लक्षित विद्यालयको स्थापना भएको हुने |
| ४ | ज्येष्ठ नागरिक सेवा केन्द्रको निर्माण | ज्येष्ठ नागरिकलाई सहयोग | ०८२/८३-०८३/८४ | १००० | ज्येष्ठ नागरिक सेवा केन्द्रको निर्माण भएको हुने |
| ५ | प्रारम्भिक शिक्षाका लागि स्थानीय पाठ्यक्रम निर्माण | पाठ्यक्रम निर्माण | साल बसाली | ३०० | प्रारम्भिक शिक्षाका लागि स्थानीय पाठ्यक्रम निर्माण भएको हुने |
| ६ | अपाङ्गता भएका नागरिकका लागि रोजगारमूलक व्यवसायिक कार्यक्रम | अपाङ्गता भएका व्यक्तिलाई प्रोत्साहन | साल बसाली | १५०० | अपाङ्गता भएका नागरिकका लागि रोजगारमूलक व्यवसायिक कार्यक्रम सञ्चालन भएको हुने |
| ७ | अति विपन्न समुदायलाई विशेष व्यवसायिक शिक्षा | क्षमता विकास | ०८२/८३-०८२/८३ | १०० | अति विपन्न समुदायलाई विशेष व्यवसायिक शिक्षा प्रदान भएको हुने |

### ४.४.६ जोखिम पक्ष तथा अनुमान

महिला, ज्येष्ठ नागरिक, दलित, लैङ्गिक रुपमा अल्पसंख्यक आदिको आवश्यकताको सहि पहिचान भई सम्बोधनका कार्यक्रम प्रभावकारी रुपमा तयार भएमा मात्र मनो-सामाजिक सोच र व्यवहारमा परिवर्तन हुन्छ। प्राथमिकता र आवश्यकता अनुसारको स्रोत विनियोजन, बहुसरोकारवाला पक्षको समन्वय हुन नसकेमा उपलब्धि हासिल नहुने जोखिम रहन्छ।

## ४.५ बालबालिका

### ४.५.१ पृष्ठभूमि

बालबालिका तथा किशोरकिशोरीलाई भविष्यका कर्णधारको रुपमा लिइन्छ। किनकि हालको बालबालिकाको समग्र अवस्थाले भोलि राष्ट्र निर्माण तथा समाज निर्माणमा जिम्मेवार हुने मानव संसाधन कस्तो हुनेछ भन्ने निर्धारण गर्दछ। त्यसकारण नेपालको संविधानले बालबालिकाको हकलाई मौलिक हकको रुपमा स्थापित गरी बालअधिकार संरक्षण राज्यको अनिवार्य दायित्व भित्र राखेको छ भने स्थानीय सरकार सञ्चालन ऐन, २०७४, बालबालिका सम्बन्धी ऐन, २०७५ तथा दिगो विकास लक्ष्य समेत बालबालिका तथा किशोरकिशोरीमाथि हुने सबै प्रकारका विभेद अन्त्य गर्नेतर्फ लक्षित रहेको छ। बालबालिकाको उचित हेरचाह, शिक्षा, पोषण, स्वास्थ्य जस्ता विषयहरू बाल अधिकार अर्थात् नागरिक दायित्व र जिम्मेवारीका मात्र विषय होइनन्, यी विषय भोलिको समाज र राष्ट्र निर्माणमा गरिने बृहत् लगानीसँग गाँसिएका विषयहरू हुन्।

राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार गाउँपालिकामा जन्मे देखि १४ बर्ष उमेर समुहका बालबालिकाको संख्या ८,४४४ अर्थात २५.२० प्रतिशत रहेको छ। यसरी बालबालिकाको संख्या धेरै हुनुले

ठूलो रकम यी बालबालिकाको हेरचाह, स्वास्थ्य, शिक्षा र पोषणमा खर्च गर्नुपर्ने हुन्छ । बालबालिकाहरूलाई स्वास्थ्य तथा पोषणका हिसाबले समेत पूर्ण सुरक्षित राख्नु गाउँपालिकाको दायित्वभित्र पर्दछ ।

### ४.५.२ समस्या तथा चुनौती

परम्परागत हिंसा तथा सामाजिक सञ्जालमार्फत हुने हिंसाका कारण बालबालिका तथा किशोरकिशोरी संवेदनशील अवस्थामा रहनु, सरकारले बालबालिकाको क्षेत्रमा गरेको लगानी पर्याप्त र प्रभावकारी नहुनु, विपन्नताका कारण धेरै बालबालिकाहरू आधारभूत आवश्यकता र अधिकारबाट बञ्चित हुनु, बालबालिकालाई उचित शिक्षा, पोषण र स्वास्थ्यको पूर्ण ग्यारेन्टी गर्न नसकिनु, बालबालिकाको उचित स्याहार र अधिकारको प्रत्याभूति गर्नु लगायतका समस्या र चुनौती यस पालिकामा समेत रहेका छन् ।

### ४.५.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| नैसर्गिक अधिकार सहितको बालमैत्री गाउँपालिका |
| **लक्ष्य** |
| बालबालिकाको अधिकार अन्तर्गत बचाउ, बालबालिका, सहभागिता तथा संरक्षणको सुनिश्चितता गर्ने । |
| **उद्देश्यहरू** |
| ✓ बालबालिकाका मौलिक हकको सुनिश्चितता गर्नु । |

### ४.५.४ रणनीति

१. बालअधिकार सम्बन्धी जनचेतना जागरण गर्ने ।
२. अति विपन्न तथा विशेष संरक्षण आवश्यक असहाय बालबालिका केन्द्रित कार्यक्रम सञ्चालन गर्ने ।
३. बालअधिकार सम्बन्धी नीतिगत सुधार तथा व्यवस्था ।

### ४.५.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | बालबालिकाको वस्तुगत स्थितिपत्र तयारी | बालबालिकाको स्थिति अवगत | ०८२/८३-०८२/८३ | १००० | बालबालिकाको वस्तुगत स्थितिपत्र तयारी भएको हुने |
| २ | बाल अधिकार सम्बन्धी अभिभावक सचेतना कार्यक्रम | बाल अधिकार सम्बन्धी सचेतना अभिवृद्धि | साल बसाली | ५०० | बाल अधिकार सम्बन्धी अभिभावक सचेतना कार्यक्रम संचालन भएको हुने |
| ३ | अतिविपन्न, असहाय बालबालिकाको व्यक्तिगत विवरण संकलन, शिक्षा स्वास्थ्य र पोषणको प्रबन्ध | शिक्षा स्वास्थ्य र पोषणमा सबै बालबालिकाको पहुँच सुनिश्चित | ०८३/८४-०८३/८४ | २०० | अतिविपन्न, असहाय बालबालिकाको व्यक्तिगत विवरण संकलन, शिक्षा स्वास्थ्य र पोषणको प्रबन्ध भएको हुने |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ४ | बाल संरक्षण समिति स्थापना | बाल संरक्षण | ०८२/८३-०८३/८४ | १५०० | बाल संरक्षण समिति स्थापना भएको हुने |
| ५ | बालकोष निर्माण | बाल संरक्षण | ०८२/८३-०८२/८३ | ४००० | बालकोष निर्माण भएको हुने |
| ६ | बालश्रम र बालविवाह मुक्त पालिका घोषणा | बालमैत्री गाउँपालिका | ०८२/८३-०८३/८४ | ५०० | बालश्रम र बालविवाह मुक्त पालिका घोषणा भएको हुने |
| ७ | बालशोषण र बाल हिंसा विरुद्ध जनचेतना अभियान | बालशोषण र बाल हिंसा विरुद्ध जनचेतना अभिवृद्धि | साल बसाली | ७०० | बालशोषण र बाल हिंसा विरुद्ध जनचेतना अभियान गरिएको हुने |
| ८ | बालक्लबमा आबद्ध बालबालिकाको नेतृत्व विकास तालिम | बालबालिकाको नेतृत्व विकास | ०८२/८३-०८२/८३ | ३०० | बालक्लबमा आबद्ध बालबालिकाको नेतृत्व विकास तालिम संचालन भएको हुने |
| ९ | बाल हेल्पलाईन सञ्चालन | समस्यामा परेका बालबालिकालाई सहयोग | ०८२/८३-०८३/८४ | २०० | बाल हेल्पलाईन सञ्चालनमा आएको हुने |
| १० | बाल उद्यान सम्भाव्यता अध्ययन | बालमैत्री गाउँपालिका | ०८२/८३-०८२/८३ | १०० | बाल उद्यान सम्भाव्यता अध्ययन भएको हुने |

### ४.५.६ जोखिम पक्ष तथा अनुमान

बालमनोविज्ञान, बाल आवश्यकता, रुची र चाहना तथा समयको माग अनुकुलका तहगत सरकारका नीति, विधी र कार्यक्रम तथा शिक्षा प्रणालीको विकास गरिएमा भविष्यको लागि आवश्यक जनशक्ति र प्रतिस्पर्धी कर्णधारको विकास गर्न सम्भव हुन्छ। नैतिकता, सामाजिक मुल्य र मान्यता, अनुशासन जस्ता विषयमा बालबालिकालाई मूलप्रवाहिकरण गर्न नसकिएमा समग्र देशको भविष्य नै अन्यौलग्रस्त हुन सक्छ।

## ४.६ युवा, मानव संसाधन, श्रम तथा रोजगार

### ४.६.१ पृष्ठभूमि

राष्ट्रिय युवा नीति, २०७२ अनुसार १६ देखि ४० वर्ष उमेर समुहको जनसंख्यालाई युवा समूहमा राखिएको छ। राष्ट्रिय जनगणना २०७८, को तथ्याङ्क अनुसार गाउँपालिकाभित्र १५ देखि ५९ वर्षसम्मका सक्रिय युवाहरुको संख्या २१,७५० अर्थात ६४.९० प्रतिशत रहेको छ। जसमध्ये महिलाको संख्या १२,२९० र पुरुषको संख्या ९,४६० जना रहेको छ। देशको प्रमुख श्रम शक्ति, मानव संसाधन र उर्जाको आधार स्तम्भ नै यी युवाहरू हुन्। युवाको सामर्थ्यलाई पूर्णत सदुपयोग गरेका राष्ट्रहरूले नै ठूलो फड्को मारेका छन्। काम गर्न सक्ने उच्च सक्रिय उमेरको जनसंख्या नै जनसांख्यिक लाभांश हो।

### ४.६.२ समस्या तथा चुनौती

श्रमको सम्मान गर्ने भावना, सीप, स्वरोजगार र उद्यमशिलता विकास गर्ने शिक्षा प्रणालीको विकास, सकरात्मकता, सामाजिक सद्भाव र सामुदायिक विकासमा योगदान सम्बन्धी चेतनाको विस्तार, अनुशासन

र सामाजिक कु-संस्कार उन्मुलन योगदानमा युवाको संलग्नता वृद्धिको कार्यक्रमको तर्जुमा र कार्यान्वयन गर्नुपर्ने चुनौती रहेका छन्। युवा पलायनलाई रोक्न ठोस योजनाको कमी जस्ता समस्या समेत विद्यमान रहेका छन्।

### ४.६.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| श्रमशिल, कर्मठ र दक्ष युवा मानव संसाधन निर्माण |
| **लक्ष्य** |
| गाउँपालिकाको युवा जनसंख्यालाई पूर्ण रोजगार र उच्च उत्पादनमूखी बनाउने। |
| **उद्देश्यहरू** |
| ✓ श्रमशिल र सक्रिय युवा जनशक्तिलाई दक्ष बनाई उनीहरुको श्रमशक्ति र उर्जाको सही सदुपयोग गर्नु। |

### ४.६.४ रणनीति

१. युवा वर्गलाई उद्यमशिलतातर्फ आकर्षण गर्ने।
२. युवा श्रमशक्तिको उच्चतम सदुपयोग गर्ने।
३. युवा रोजगारका अवसरहरुको सिर्जना गरी बेरोजगारी न्यूनीकरण गर्ने।

### ४.६.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | युवा स्थितिपत्र तयार | युवाको बारेमा जानकारी | ०८२/८३-०८२/८३ | २०० | युवा स्थितिपत्र तयार भएको हुने |
| २ | कृषि सिप सिकेर वैदेशिक रोजगारीबाट फर्केका युवाहरूलाई अर्गानिक कृषि व्यवसाय गर्न प्रोत्साहन | युवाहरुलाई प्रोत्साहन | ०८२/८३-०८२/८३ | ३०० | कृषि सिप सिकेर वैदेशिक रोजगारीबाट फर्केका युवाहरूलाई अर्गानिक कृषि व्यवसाय गर्न प्रोत्साहन भएको हुने |
| ३ | रोजगारीका लागि बाहिरिने युवाहरूको समग्र विवरण तयार | रोजगारीका लागि बाहिरिने युवाहरूको बारेमा जानकारी | ०८२/८३-०८२/८३ | ५०० | रोजगारीका लागि बाहिरिने युवाहरूको समग्र विवरण तयार भएको हुने |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ४ | रोजगारीमूलक तथा युवा अभिमूखीकरण तालिम | युवालाई तालिमको व्यवस्था | साल बसाली | १००० | रोजगारीमूलक तथा युवा अभिमूखीकरण तालिम संचालन भएको हुने |
| | युवा स्वयंसेवा दस्ता तालिम | तालिम प्राप्त युवा उत्पादन | ०८३/८४–०८३/८४ | २०० | युवा स्वयंसेवा दस्ता तालिम संचालन भएको हुने |
| ५ | सामूहिक, सहकारी, कबुलियती र करार खेतीमा युवाहरूलाई प्रोत्साहन | सिप विकास | ०८३/८४–०८३/८४ | ३०० | सामूहिक, सहकारी, कबुलियती र करार खेतीमा युवाहरूलाई प्रोत्साहन गरिएको हुने |
| ६ | युवा कलाकारिता तालिम | कलाकार उत्पादन | ०८२/८३-०८२/८३ | ३०० | युवा कलाकारिता तालिम संचालन भएको हुने |
| ७ | प्रधानमन्त्री रोजगार विशेष तालिम | रोजगारीको सिर्जना | ०८२/८३-०८२/८३ | ५०० | प्रधानमन्त्री रोजगार विशेष तालिम संचालन भएको हुने |
| ८ | युवा उद्यमीहरूको वडागत विवरण सङ्कलन गरी नेतृत्व विकास तथा उद्यमशीलता विकास तालिम | युवामा नेतृत्व क्षमताको अभिवृद्धि | ०८२/८३-०८२/८३ | १००० | युवा उद्यमीहरूको वडागत विवरण सङ्कलन गरी नेतृत्व विकास तथा उद्यमशिलता विकास तालिम संचालन भएको हुने |
| ९ | बेरोजगार तथा अर्ध बेरोजगार युवाहरूलाई माथि उठाउन वस्तुगत युवा उत्थान तथा सवलिकरण कार्यक्रम सञ्चालन | युवाहरुलाई प्रोत्साहन | साल बसाली | १५०० | बेरोजगार तथा अर्ध बेरोजगार युवाहरूलाई माथी उठाउन वस्तुगत युवा उत्थान तथा सवलिकरण कार्यक्रम सञ्चालन भएको हुने |

### ४.६.६ जोखिम पक्ष तथा अनुमान

पालिका क्षेत्रमा बसोबास गर्ने युवाको अवस्था पहिचान गरी आवश्यकता सम्बोधन गर्ने विशिष्ट र सामान्य प्रकृतिका कार्यक्रम तर्जुमा, नवप्रवर्तनकारी सोच, व्यवसायिक खोजकर्म गर्ने जोस र जागरणयुक्त युवालाई सहि मार्ग निर्देशन, आर्थिक-प्राविधिक सहयोग र अनुकरणीय कार्यलाई पहिचान गर्न सकेमा सम्पूर्ण युवाशक्ति विकासका संवाहक बन्न सक्छन् । युवा लक्षित नीति/कार्यक्रम तर्जुमा गर्न नसकेमा सामाजिक सद्भावमा स्खलन, हिंसा बढोत्तरी, विकासमा अवरोध हुन पुगी समाज अवन्नतिको मार्गमा जाने जोखिम रहन्छ ।

## ४.७ खेलकुद तथा मनोरञ्जन

### ४.७.१ पृष्ठभूमि

अनुशासन, राष्ट्रिय भाइचारा प्रदर्शनी गरी शारीरिक तन्दुरुस्ती कायम गर्न खेलकुद विकासको अहम् महत्व रहेको हुन्छ । विश्वका विकसित देशहरूले खेल पर्यटन मार्फत समृद्धि हासिल गरेको र विश्वस्तरमा पहिचान स्थापित गरेको पाइन्छ । उदाहरणको लागि स्पेन, इटली, इङ्गल्याण्ड, ब्राजिल, फ्रान्स जस्ता यूरोपियन राष्ट्रहरू हाल खेल प्रवर्द्धन मार्फत विश्व परिचित मात्र नभई खर्बौं डलरको कारोबार गर्दछन् । छिमेकी राष्ट्र भारत समेत क्रिकेटका लागि प्रसिद्ध मानिन्छ । पूर्वाधार अभाव तथा व्यवसायिकताको अवसर नहुँदा नहुँदै पनि नेपाली खेलाडीहरू खेलकुदमा आवद्ध छन् किनकि खेलकुद विकास आर्थिक समृद्धिसँग पनि जोडिएको छ ।

हाल गाउँपालिकामा विद्यालय हाता भित्रका खेलमैदानका साथै वडागत रुपमा खुल्ला चौरहरु रहेको भएता पनि व्यवस्थित खेलमैदानको अभाव रहेको छ ।

### ४.७.२ समस्या तथा चुनौती

खेलकुद क्षेत्रको विकासका लागि दीर्घकालीन सोचको अभाव, खेलाडीमा व्यवसायिकताको कमी, आधुनिक र सुविधा सम्पन्न खेल र मनोरञ्जनात्मक पूर्वाधारको अभाव, समयसापेक्ष क्षेत्रीय र राष्ट्रियस्तरका प्रतिस्पर्धाको आयोजना नहुनु लगायतका चुनौती विद्यमान रहेका छन् ।

### ४.७.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| सक्षम, स्वस्थ र दक्ष युवा शक्ति |
| **लक्ष्य** |
| खेलकुद तथा उद्यमशिलताका माध्यमबाट युवा वर्गको बहुआयामिक विकास गर्ने । |
| **उद्देश्यहरू** |
| ✓ खेलकुद, कृषि तथा औद्योगिक उद्यमशिताका माध्यमबाट युवाको क्षमता अभिवृद्धि गर्दै रोजगारीका अवसरहरु सिर्जना गर्नु । |

### ४.७.४ रणनीति

१. खेलकुद पुर्वाधारको विकास गर्ने ।
२. खेलाडी पहिचान तथा प्रशिक्षण सञ्चालन गर्ने ।
३. खेलकुद प्रतियोगिता सञ्चालन गर्ने ।
४. स्थानीय स्तरमा गर्न सकिने मनोरञ्जनात्मक क्रियाकलापको अध्ययन गरी व्यवस्थित गर्ने ।

## ४.७.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | गेरुवा गाउँपालिकालाई खेलकुद हवको रुपमा विकास | खेलकुदको विकासमा जोड | ०८२/८३-०८२/८३ | ७००० | गेरुवा गाउँपालिकालाई खेलकुद हवको रुपमा विकास गरिएको हुने |
| २ | वडास्तरीय खेलकुद समितिको स्थापना, खेल मैदान निर्माण र मर्मत सम्भार तथा खेल सामाग्री खरिद | खेलकुद विकासका लागि संस्थागत, आर्थिक र अन्य व्यवस्थापन | ०८२/८३-०८४/८५ | १५००० | वडास्तरीय खेलकुद समितिको स्थापना भइ खेल मैदान निर्माण र मर्मत सम्भार भएको हुने |
| ३ | एक वडा एक खेलकुद मैदानको विकास | खेलाडीलाई प्रोत्साहन | ०८२/८३-०८४/८५ | १००० | एक वडा एक खेलकुद मैदानको विकास भएको हुने |
| ४ | खेलाडीको व्यक्तिगत विवरण तयारी | खेलाडीको अद्यावधिक विवरण उपलब्ध | ०८२/८३-०८२/८३ | ३०० | खेलाडीको व्यक्तिगत विवरण तयारी भएको हुने |
| ५ | गेरुवा रंगशाला निर्माण आयोजना | खेलकुदको विकासमा जोड | ०८२/८३-०८२/८३ | ३०० | गेरुवा रंगशाला निर्माण आयोजना भएको हुने |
| ६ | खेलाडी प्रशिक्षण ( नियमित, स्थानीय, प्रादेशिक र राष्ट्रियस्तरको प्रतियोगिता) | नियमित प्रशिक्षण | साल बसाली | २५०० | खेलाडी प्रशिक्षण (नियमित, स्थानीय, प्रादेशिक र राष्ट्रियस्तरको प्रतियोगिता) संचालन भएको हुने |
| ७ | एक सामुदायिक विद्यालय खेलकुदका पूर्वाधार निर्माण गुरुयोजना तयार | गुरुयोजना निर्माण | ०८२/८३-०८२/८३ | २००० | एक सामुदायिक विद्यालय खेलकुदका पूर्वाधार निर्माण गुरुयोजना तयार भएको हुने |
| ८ | विद्यालयमा खेलमैत्री वातावरण निर्माण | स्वास्थ्य र मनोरञ्जनमा जोड | ०८२/८३-०८३/८४ | १००० | विद्यालयमा खेलमैत्री वातावरण निर्माण भएको हुने |
| ९ | वडास्तरीय वार्षिक खेलकुद प्रतियोगिता | स्वस्थ प्रतिस्पर्धा र अनुशासनको विकास | साल बसाली | १५०० | वडास्तरीय वार्षिक खेलकुद प्रतियोगिता संचालन भएको हुने |
| १० | स्थानीयस्तरमा हुने मनोरञ्जनात्मक गतिविधिको विवरण तयारी | मनोरञ्जनात्मक गतिविधिको सूची तयार | ०८२/८३-०८२/८३ | २०० | स्थानीयस्तरमा हुने मनोरञ्जनात्मक गतिविधिको विवरण तयारी भएको हुने |
| ११ | वनभोजस्थल व्यवस्थापन | मनोरञ्जनात्मक गतिविधिको व्यवस्थापन | ०८२/८३-०८३/८४ | ५०० | वनभोजस्थल व्यवस्थापन भएको हुने |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १२ | वडास्तरीय पार्क सम्भाव्यता अध्ययन | खुल्ला स्थानको व्यवस्थापन | ०८२/८३-०८४/८५ | ५०० | वडास्तरीय पार्क सम्भाव्यता अध्ययन भएको हुने |

### ४.७.६ जोखिम पक्ष तथा अनुमान

स्वास्थ्य, अनुशासन, मनोरञ्जनात्मक गतिविधि सञ्चालनमा पर्याप्त स्रोत विनियोजन र प्रभावकारी कार्यान्वयन गर्न नसकिएमा समाज पहिचान विहिन र यान्त्रिक हुने जोखिम रहन्छ ।

## ४.८ सामाजिक सुरक्षा

### ४.८.१ पृष्ठभूमि

नेपालको संविधानको धारा ४३ मा मौलिक हक अन्तर्गत सामाजिक सुरक्षाको हकको व्यवस्था गरिएको छ । आर्थिक रुपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका बालबालिका, आफ्नो हेरचाह आफैँ गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानून बमोजिम सामाजिक सुरक्षाको हक हुनेछ भनी उल्लेख गरिएको छ । अर्कोतर्फ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले संघ र प्रदेश कानूनको अधिनमा रही सामाजिक सुरक्षा कार्यक्रमको कार्यान्वयन, सञ्चालन तथा व्यवस्थापन गर्ने अधिकार स्थानीय सरकारलाई प्रदान गरेको छ ।

राष्ट्रिय जनगणना, २०७८ को तथ्याङ्क अनुसार यहाँको जम्मा जनसंख्या ३३,५१४ मध्ये १,४९५ अर्थात ४.४६ प्रतिशत अपाङ्गता भएका व्यक्तिहरु रहेका छन् । जसमध्ये शारिरीक अपाङ्गता भएका ७०१ अर्थात ४६.९ प्रतिशत रहेका छन् भने न्युन दृष्टियुक्त १८७ अर्थात ३२.१ प्रतिशत रहेका छन् । भने यहाँ दृष्टिविहिन ६० अर्थात ४ प्रतिशत, बहिरोपना भएका ८७ अर्थात ५.८ प्रतिशत रहेका छन् । यसैगरी मनोसामाजिक अपाङ्गता भएका ६३ अर्थात ४.२ प्रतिशत, न्युन श्रवणशक्ति भएका १२६ अर्थात ८.४ प्रतिशत रहेका छन् यहाँ ८० वर्ष माथि उमेरसमूहका व्यक्तिहरु २६३ जना रहेका छन भने जसमा महिला १३६ जना, पुरुष १२७ जना रहेका छन् साथै १४ वर्ष मुनीका बालबालिकाको संख्या ८,४४४ रहेको छ ।

### ४.८.२ समस्या तथा चुनौती

लक्षित समूहको सहि पहिचान र अभिलेख व्यवस्थापन, दीर्घकालीन र जीवनस्तर सुधार गर्ने सामाजिक सुरक्षाका कार्यक्रम तर्जुमा र तीनै तहका सरकारबाट प्रदान गरिने कार्यक्रमबिच सामञ्जस्यता कायम गर्नुपर्ने जस्ता समस्या र चुनौती विद्यमान रहेका छन् ।

### ४.८.३ दीर्घकालनीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| अशक्त अवस्थामा निश्चिन्तता सामाजिक सुरक्षा |
| **लक्ष्य** |
| असक्षम र अशक्त भई जीवन निर्वाह गर्न नसक्ने अवस्थाका सबैलाई राज्यद्वारा अभिभाकत्व दिने । |

| उद्देश्यहरू |
|---|
| ✓ सामाजिक जीवनमा विभिन्न कारणले असक्षम र अशक्त भई अरुको सहाराको आवश्यकता पर्ने सबैलाई राज्यद्वारा सहारा दिनु । |

### ४.८.४ रणनीति

१. सामाजिक सुरक्षाको आवश्यकता पर्ने सम्पूर्ण नागरिकको पहिचान गर्ने संयन्त्र निर्माण गर्ने ।

### ४.८.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | सामाजिक सुरक्षा तथ्याङ्क व्यवस्थापन प्रणाली निर्माण | सामाजिक सुरक्षाको व्यवस्था | ०८२/८३-०८२/८३ | ५०० | सामाजिक सुरक्षा तथ्याङ्क व्यवस्थापन प्रणाली निर्माण भएको हुने |
| २ | सामाजिक सुरक्षाका प्रकृति र तहहरूको निर्क्यौल र दायरा वृद्धि गर्न अध्ययन | एकीकृत सामाजिक सुरक्षा प्रणालीको विकास | ०८३/८४-०८३/८४ | २०० | सामाजिक सुरक्षाका प्रकृति र तहहरूको निर्क्यौल र दायरा वृद्धि गर्न अध्ययन भएको हुने |
| ३ | योगदानमा आधारित सामाजिक सुरक्षा | सामाजिक सुरक्षाको नीतिगत कार्यान्वयन | साल बसाली | ७०० | योगदानमा आधारित सामाजिक सुरक्षाको व्यवस्था भएको हुने |
| ४ | अनौपचारिक तथा निजी क्षेत्रमा श्रमिकको योगदानमा आधारित सामाजिक सुरक्षा | योगदानमा आधारित सामाजिक सुरक्षाको कार्यान्वयन | ०८२/८३-०८३/८४ | १००० | अनौपचारिक तथा निजी क्षेत्रमा श्रमिकको योगदानमा आधारित सामाजिक सुरक्षाको व्यवस्था भएको हुने |
| ५ | जनचेतनामूलक कार्यक्रम सञ्चालन | जनचेतना अभिवृद्धि | साल बसाली | ५०० | जनचेतनामूलक कार्यक्रम सञ्चालन भएको हुने |

### ४.८.६ जोखिम पक्ष तथा अनुमान

सामाजिक सुरक्षाका वास्तविक लाभग्राहीको पहिचान, योगदानमा आधारित र दिगो सामाजिक सुरक्षाका कार्यक्रमको कार्यान्वयन, तहगत सरकारको समन्वयात्मक पहल हुन सकेमा सामाजिक सुरक्षाका कार्यक्रम प्रभावकारी हुन्छन् । गाउँपालिकाको आय, वित्तीय हस्तान्तरण लगायतका पक्षलाई ध्यान नदिई वितरणमूखी कार्यक्रम सञ्चालन गर्न नसकिएमा सामाजिक सुरक्षाका कार्यक्रमको उपलब्धि हासिल नहुने जोखिम रहन्छ ।

## ४.९ शान्ति सुरक्षा

### ४.९.१ पृष्ठभूमि

गरिबी, सामाजिक विसंगति र अपराध मनोविज्ञानका कारण समाजमा विविध किसिमका अपराधिक घटनाहरू घट्ने गर्दछन् । यस्ता घटनाहरू न्यूनीकरण गर्न शान्ति, सुरक्षा र अमन चयनको प्रबन्ध राज्यले मिलाउने

दायित्व हुन आउँछ । त्यसका लागि गाउँपालिकामा रहेका सुरक्षा निकायलाई सहयोग गर्न र थप सशक्तिकरण गर्न गाउँपालिकाले विभिन्न कार्यक्रम बनाई लागु गर्न आवश्यक देखिन्छ । गाउँपालिकाको मुख्य मुख्य बजार केन्द्रहरुमा सडक बत्तीको साथ-साथै सिसि क्यामेराको व्यवस्था गर्न सकेमा सुरक्षालाई थप टेवा पुग्ने देखिन्छ । गाउँपालिकाले प्रहरी चौकि विस्तार गर्न, सुरक्षा गस्तीको प्रबन्ध गर्न र नगर प्रहरीको संख्या निर्धारण गरि उचित तालिमको प्रबन्ध गर्न आवश्यक रहेको छ ।

### ४.९.२ समस्या तथा चुनौती

विकृत मनोभावना र क्रियाकलापलाई मनोसामाजिक परामर्श, रचनात्मक कार्यमा संलग्नता मार्फत सकारात्मक उर्जामा परिवर्तन, हातहतियार, लागु औषध नियन्त्रणका लागि सरोकारवाला सबैको ऐक्यबद्धता र सहयोग, हिंसा सम्बन्धी उजुरी र छिटो छरितो कानुनी उपचारको व्यवस्था, सुरक्षाका लागि पर्याप्त पूर्वाधार सहित जनशक्ति व्यवस्थापन लगायतका समस्या तथा चुनौतीको विद्यमानता यस पालिकामा समेत रहेका छन् ।

### ४.९.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| शान्ति सुरक्षाका हिसाबले सुरक्षित गाउँपालिका |
| **लक्ष्य** |
| गाउँपालिकाबासीलाई शान्ति सुव्यवस्थाका हिसाबले पूर्ण सुरक्षित महशुस गराउने । |
| **उद्देश्यहरू** |
| समाजमा पूर्ण शान्ति सुव्यवस्था तथा अमनचयन कायम गरी सबै खाले अपराधलाई नियन्त्रण गर्नु । |

### ४.९.४ रणनीति

१. सुरक्षा पूर्वाधारको विकास गर्ने ।

२. संस्थागत क्षमता विकासका क्रियाकलाप सञ्चालन गर्ने ।

### ४.९.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | समग्र पालिका सुरक्षा योजना तयार | सुरक्षित गाउँपालिका | ०८२/८३-०८२/८३ | ५०० | समग्र पालिका सुरक्षा योजना तयार भएको हुने |
| २ | प्रहरी चौकी विस्तार गर्न सम्भावित स्थानको पहिचान | आवश्यकताको आधारमा प्रहरी चौकी निर्माण | ०८३/८४-०८३/८४ | १००० | प्रहरी चौकी विस्तार गर्न सम्भावित स्थानको पहिचान भएको हुने |
| ३ | नगर प्रहरीको दरबन्दी तय | सुरक्षाकर्मीको व्यवस्था | ०८२/८३-०८२/८३ | २०० | नगर प्रहरीको दरबन्दी तय भएको हुने |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ४ | सुरक्षा गस्तीको आवश्यक रुट र स्थानबारे अध्ययन | सुरक्षा गस्तीको रुट तय | ०८३/८४-०८३/८४ | ३०० | सुरक्षा गस्तीको आवश्यक रुट र स्थानबारे अध्ययन भएको हुने |
| ५ | Hot Line सेवा सञ्चालन | आपतकालिन सुरक्षा व्यवस्था | साल बसाली | १०० | Hot Line सेवा सञ्चालन भएको हुने |
| ६ | सघन बजार र बस्ती क्षेत्रमा CCTV जडान | सुरक्षा व्यवस्था | ०८२/८३-०८३/८४ | १५०० | सघन बजार र बस्ती क्षेत्रमा CCTV जडान भएको हुने |
| ७ | गुप्तचर सेवा तालिम | अनुसन्धानमा सहयोग | ०८२/८३-०८३/८४ | ५० | गुप्तचर सेवा तालिम प्रदान भएको हुने |
| ८ | नगर प्रहरी तालिम | दक्ष जनशक्ति | ०८२/८३-०८२/८३ | १०० | नगर प्रहरी तालिम प्रदान गरिएको हुने |

### ४.९.६ जोखिम पक्ष तथा अनुमान

बढ्दो दुर्व्यसनी, अपराधिक मानसिकता, अस्वस्थ्य प्रतिस्पर्धा, सिमापार हुने अपराधको नियन्त्रण जस्ता विषयलाई समयमा नै सम्बोधन गरी आधारभूत शान्ति सु-व्यवस्था कायम गर्न सकिएमा विकास र समृद्धि सम्भव हुन्छ । शान्ति सुव्यवस्था, मानव अधिकारको स्थापना र अमनचयन बनाई राख्न नसकिएमा दिगो विकास र सामाजिक न्याय समेत जोखिममा पर्न सक्छ ।

## ४.१० शवदाहस्थल तथा समाधीस्थल व्यवस्थापन

### ४.१०.१ पृष्ठभूमि

हरेक क्षेत्र तथा समुदायको आ-आफ्नो धर्म र संस्कृति अनुसार शवदाहस्थल र समाधीस्थल व्यवस्थापन एक महत्वपूर्ण र संवेदनशील विषय र आवश्यकता पनि हो । भावनात्मक अर्थसमेत बोकेको यो विषयलाई कुनै पनि योजनाले समयमै सम्बोधन गर्नुपर्दछ । परम्परागत रूपमा सञ्चालनमा रहेका शवदाहस्थल र समाधीस्थललाई भविष्यमा सहज र व्यवस्थित बनाउनु पर्दछ । अन्यथा अव्यवस्थित दाहसंस्कार गरिनुले गाउँपालिकाको पर्यावरणीय, सामाजिक तथा साँस्कृतिक व्यवस्थामा चुनौती थपिन्छ । पालिकाक्षेत्रभित्र जातिय तथा धार्मिक विविधता भएसँगै प्राकृतिक स्रोतका कारण शवदहन गर्न शहरी क्षेत्र तथा बजार क्षेत्र बाहेकका वडाहरुमा जाती तथा धर्म अनुसार शवदहन क्षेत्र रहेका छन् । अव्यवस्थित शव दहन कार्यले वातावरणका साथै मानव स्वास्थ्यमा समेत नकारात्मक असर पार्ने गर्दछ । त्यसैले गाउँपालिका भित्रका प्रत्येक वडामा भौतिक सुविधा सम्पन्न शवदाहस्थल तथा समाधीस्थलको व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

### ४.१०.२ समस्या तथा चुनौती

गाउँपालिका क्षेत्रभित्र व्यवस्थित तवरले शवदाहस्थल तथा समाधीस्थलहरुको व्यवस्थापन गर्नु, सार्वजनिक स्थलको अतिक्रमण र सहरी क्षेत्रमा बढ्दो जनसंख्या जस्ता विषयलाई ध्यान दिई मौलिक

परम्परा कायम रहने र सम्मानजनक रुपमा शव दहन गर्न सकिने गरी शवदाहस्थल तथा समाधीस्थल व्यवस्थापन गर्नुपर्ने लगायतका समस्या र चुनौती यस गाउँपालिकामा समेत रहेका छन् ।

### ४.१०.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
| --- |
| शवदाहस्थल तथा समाधीस्थलको उचित व्यवस्थापन |
| **लक्ष्य** |
| भविष्यमा शवदाह तथा समाधीस्थल व्यवस्थापनको समस्यालाई पूर्णत सम्बोधन गर्ने र उचित प्रबन्ध गर्ने |
| **उद्देश्यहरू** |
| ✓ शवदाहस्थल तथा समाधीस्थलको उचित व्यवस्थापन गर्नु । |

### ४.१०.४ रणनीति

सम्पूर्ण वडालाई समेटेर व्यवस्थित शवदाहस्थल र समाधीस्थलको पूर्वाधार तयार गर्ने ।

### ४.१०.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
| --- | --- | --- | --- | --- | --- |
| १ | शवदाहस्थल तथा समाधीस्थलहरुको नक्साङ्कन | व्यवस्थित शवदाहस्थल तथा समाधीस्थल निर्माण | ०८२/८३-०८३/८४ | ५०० | शवदाहस्थल तथा समाधीस्थलहरुको नक्साङ्कन भएको हुने |
| २ | शवदाहस्थल तथा किरियापुत्रीघर निर्माण र समाधीस्थल क्षेत्र तारबार | आवश्यकताको आधारमा शवदाहस्थल तथा समाधीस्थल निर्माण | ०८२/८३-०८३/८४ | १५०० | शवदाहस्थल तथा किरियापुत्रीघर निर्माण र समाधीस्थल क्षेत्र तारबार भएको हुने |
| ३ | किरिया खर्च व्यवस्थापन (अति विपन्न) | सामाजिक सहयोग | ०८२/८३-०८२/८३ | १००० | अति विपन्न नागरिकको लागि किरिया खर्चको व्यवस्थापन भएको हुने |
| ४ | माहामारी शव व्यवस्थापन योजना निर्माण | संक्रमणजन्य रोग व्यवस्थापन | ०८२/८३-०८२/८३ | ३०० | माहामारी शव व्यवस्थापन योजना निर्माण भएको हुने |
| ५ | शव वाहन खरिद | सहज शव परिवहन | ०८२/८३-०८२/८३ | २५०० | शव वाहन खरिद भएको हुने |
| ६ | शवदाहस्थलहरु डि.पि.आर | डि.पि.आर निर्माण | ०८२/८३-०८४/८५ | ३००० | शवदाहस्थलहरु डि.पि.आर भएको हुने |

## ४.१०.६ जोखिम पक्ष तथा अनुमान

ग्रामिण सौन्दर्यमा असर नपर्ने तथा विभिन्न जात, धर्म, समुदाय तथा सम्प्रदायको मनोभावना र साँस्कृतिक चालनचलन अनुसारको शवदाहस्थलको स्थापना बारेमा समयमा नै नीति तथा कार्यक्रम तय नगरिएमा पालिकाबासीको स्वास्थ्य, शहरी सौन्दर्य लगायतका विषयमा जोखिम आउन सक्छ ।

### नतिजा सूचकहरु

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| **(क)** | **शिक्षा विज्ञान तथा प्रविधि** | | | | |
| १ | असर | प्रारम्भिक बालविकास केन्द्रमा भर्नादर | प्रतिशत | ९०* | १०० |
| २ | असर | प्रा बि. तह विद्यार्थी टिकाउ दर | प्रतिशत | ९५* | १०० |
| ३ | असर | नि.मा.बि. तह विद्यार्थी टिकाउ दर | प्रतिशत | ७६* | ९० |
| ४ | असर | मा.बि. तह विद्यार्थी टिकाउ दर | प्रतिशत | ६०* | ७५ |
| ५ | असर | बालमैत्री सिकाइ विधि अवलम्वन गर्ने विद्यालय | प्रतिशत | १५* | ३५ |
| ६ | असर | माध्यमिक शिक्षाको कुल भर्नादर (९ देखि १२) | प्रतिशत | | |
| ७ | प्रतिफल | बालमैत्री तालिम लिएका शिक्षक | प्रतिशत | ६५* | ८० |
| ८ | असर | पूर्व वालविकास उत्तिण गर्ने (प्रतिशत) | प्रतिशत | ९७३** | ११०० |
| ९ | असर | छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी प्रतिशत (कुल विद्यार्थीमा) | प्रतिशत | | |
| १० | प्रभाव | लैङ्गिक समता सूचकाङ्क (प्राथमिक) | | | |
| ११ | प्रभाव | लैङ्गिक समता सूचकाङ्क (माध्यमिक) | | | |
| १२ | असर | १५ देखि २४ वर्ष उमेर समूहको साक्षरता दर | प्रतिशत | | |
| १३ | असर | १५ देखि २४ वर्ष उमेर समूहको महिला साक्षरता दर | प्रतिशत | | |
| १४ | प्रतिफल | प्रति विद्यार्थी हुने सार्वजनिक खर्च (हजारमा) | हजारमा | | |
| १५ | असर | विद्युतमा पहुँच भएका आधारभूत विद्यालयहरु | प्रतिशत | | |
| १६ | असर | इन्टरनेटमा पहुँच भएका आधारभूत विद्यालयहरु | प्रतिशत | | |
| १७ | असर | WASH सुविधा भएका आधारभूत विद्यालयहरु | प्रतिशत | | |
| १८ | असर | अपाङ्गमैत्री विद्यालयहरु | प्रतिशत | | |
| १९ | असर | न्यूनतम रुपमा संगठित/व्यवस्थित शिक्षक तालिम प्राप्त गरेका आधारभूत शिक्षा क्षेत्रमा कार्यरत शिक्षकहरु | प्रतिशत | | |
| २० | असर | न्यूनतम रुपमा संगठित/व्यवस्थित शिक्षक तालिम प्राप्त गरेका माध्यमिक शिक्षा क्षेत्रमा कार्यरत शिक्षकहरु | प्रतिशत | | |
| २१ | | (दिगो विकास लक्ष्य ४ अन्तर्गत) माथिका सबै सूचकहरु | | | |
| २२ | असर | समग्र साक्षरता प्रतिशत | प्रतिशत | ७९.५** | ८२ |
| २३ | असर | साक्षरता प्रतिशत (पुरुष) | प्रतिशत | ८५.३** | ९० |
| २४ | असर | साक्षरता प्रतिशत (महिला) | प्रतिशत | ७४.८** | ८२.५ |
| २५ | प्रतिफल | उच्च शिक्षा अध्यापन हुने कलेज | संख्या | | |
| २६ | प्रतिफल | प्राविधिक शिक्षा सञ्चालन हुने विद्यालय | संख्या | | |
| २७ | असर | आधारभूत शिक्षा उत्तीर्ण जनसंख्या | प्रतिशत | ५३७३** | ७०२५ |
| २८ | असर | माध्यमिक शिक्षा उत्तीर्ण जनसंख्या | प्रतिशत | १८७७** | २००० |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| २९ | असर | स्नातक तह उत्तीर्ण जनसंख्या | प्रतिशत | ६२७** | ९०० |
| ३० | असर | स्नातकोत्तर उत्तीर्ण जनसंख्या | प्रतिशत | २२४** | ५०० |
| ३१ | प्रतिफल | विद्या वारिधि उत्तीर्ण जनसंख्या | संख्या | | |
| ३२ | असर | प्राविधिक वा व्यवसायिक तालिम प्राप्त युवा संख्या | प्रतिशत | | |
| ३३ | असर | माध्यमिक विद्यालयमा प्रयोगशाला स्थापना | प्रतिशत | ९७* | १०० |
| ३४ | असर | सुविधा सम्पन्न पुस्तकालय भएका विद्यालय | प्रतिशत | | |
| ३५ | असर | बुक कर्नर सुविधा भएका विद्यालय | प्रतिशत | ४०* | ६५ |
| ३६ | असर | सुविधायुक्त खेलमैदान भएका विद्यालय | प्रतिशत | | |
| ३७ | असर | शौचालय भएका विद्यालय | प्रतिशत | ९७* | १०० |
| ३८ | असर | एक स्वास्थ्यकर्मीको सुविधा भएका विद्यालय | प्रतिशत | | |
| ३९ | प्रतिफल | बालमैत्री तथा अपाङ्गमैत्री विद्यालय भवन | प्रतिशत | ७८* | ९९ |
| ४० | प्रतिफल | व्यवस्थित रुपमा संचालन भएका बालक्लव | संख्या | | |
| **(ख)** | **स्वास्थ्य** | | | | |
| १. | असर | दक्ष प्रसुती कर्मीहरुको सहयोगमा भएको जन्मको (अनुपात) | प्रतिशत | | |
| २. | असर | पाँच वर्षमूनिको बाल मृत्युदर (प्रतिहजार जिवित जन्ममा) | जना | | |
| ३. | असर | नवजात शिशु मृत्युदर (प्रतिहजार जिवित जन्ममा) | जना | | |
| ४. | प्रतिफल | कुष्ठरोगी बिरामी वार्षिक | संख्या | | |
| ५. | प्रतिफल | कालाजार बिरामी वार्षिक | संख्या | | |
| ६. | प्रतिफल | हात्तिपाइले बिरामी वार्षिक | संख्या | | |
| ७. | प्रतिफल | डेङ्गु बिरामी वार्षिक | संख्या | | |
| ८. | प्रतिफल | सक्रिय ट्रकोमा बिरामी वार्षिक | संख्या | | |
| ९. | प्रतिफल | मुटुसम्बन्धीबिरामी वार्षिक | संख्या | | |
| १०. | प्रतिफल | क्यान्सर बिरामी वार्षिक | संख्या | | |
| ११. | प्रतिफल | मधुमेह बिरामी वार्षिक | संख्या | | |
| १२. | प्रतिफल | स्वास प्रणाली सम्बन्धी दीर्घ रोग दम आदिका बिरामी | संख्या | | |
| १३. | प्रतिफल | झाडा पखालाको संक्रमण दर (प्रतिहजारमा) | संख्या | ९१०* | २०० |
| १४. | प्रतिफल | सडक दुर्घटनाबाट मृत्युदुर प्रति लाख जनसंख्यामा | संख्या | | |
| १५. | प्रतिफल | परिवार नियोजनका आधुनिक साधन प्रयोगकर्ता दर | प्रतिशत | १०* | ५० |
| १६. | असर | प्रोटोकल अनुसार चार पटक पूर्व प्रसुति सेवा प्राप्त गर्ने महिला वार्षिक | प्रतिशत | | |
| १७. | असर | अस्पताल/स्वास्थ्य संस्थामा बच्चा जन्माउने महिला | प्रतिशत | ४८* | ९५ |
| १८. | असर | हेपाटाइटिस बी भ्याक्सिन पुरा (३ डोज) गर्ने शिशु | प्रतिशत | | |
| १९. | असर | रगतमा ग्लुकोजको मात्रा वृद्धि भई औषधि प्रयोग गरिरहेका १५ वर्ष वा सो भन्दा माथिको जनसंख्या | प्रतिशत | | |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| २०. | असर | घरबाट स्वास्थ्य संस्थामा ३० मिनेट वा सोभन्दा कम समय लाग्ने परिवार | प्रतिशत | ३०* | ५० |
| २१. | असर | स्वास्थ्य बिमामा आबद्ध विपन्न परिवार | प्रतिशत | ५* | २५ |
| २५ | असर | राष्ट्रिय खोप कार्यक्रममा समावेश भएका सबै खोपद्वारा समेटिएको लक्षित जनसंख्या | प्रतिशत | ९०* | १०० |
| २३. | असर | स्वास्थ्यकर्मीको घनत्व र वितरण | प्रतिलाख ( जनसंख्यामा) | | |
| २४. | असर | स्वास्थ्य क्षेत्रमा कुल खर्च कुल (बजेटको) दिगो विकास लक्ष्य ३ | प्रतिशत | | |
| २५. | प्रतिफल | सम्पूर्ण आधारभूत सुविधायुक्त स्वास्थ्य चौकी | संख्या | | |
| २६. | असर | ५ बर्ष मुनिका बालबालिकाहरुमा कुपोषण दर | प्रतिशत | १०* | ५ |
| २७. | प्रतिफल | चौबिसै घण्टा आकस्मिक स्वास्थ्य सेवा भएका स्वास्थ्य संस्था | संख्या | | |
| २८. | प्रतिफल | चौबिसै घण्टा आकस्मिक प्रसुति सेवा भएका स्वास्थ्य संस्था | संख्या | | |
| २९. | प्रतिफल | चौबिसै घण्टा एम्बुलेन्स सेवा भएका स्वास्थ्य संस्था | संख्या | ०* | १ |
| ३०. | प्रतिफल | बर्थींङ सेन्टर | संख्या | ३* | ५ |
| ३१. | प्रतिफल | योग केन्द्र | संख्या | ०* | २ |
| ३२. | असर | पूर्ण सुरक्षित पिउने पानी प्रयोग गर्ने जनसंख्या | प्रतिशत | ३ | २५ |
| ३३. | प्रतिफल | आयुर्वेद सेवा बाट लाभान्वित जनसंख्या | संख्या | १५००* | १७०० |
| ३४. | प्रतिफल | परिवार नियोजनका साधनको प्रयोग दर | प्रतिशत | १०* | २५ |
| ३५. | प्रतिफल | रक्तसंचार सेवा | संख्या | | |
| ३६. | प्रतिफल | अपेक्षित आयू (जन्मदाको बखत) | वर्ष | ७०* | ७३ |
| ३७. | प्रतिफल | मातृ मृत्युदर (प्रति लाखमा) | प्रतिलाखमा | | |
| ३८. | असर | पाठेघरको क्यान्सरका निम्ति स्क्रिनीङ गरिएका ३० देखि ४९ वर्षका महिला | संख्या | | |
| ३९. | प्रतिफल | HIV AIDS Antiviral औषधी प्राप्त गर्ने | संख्या | २२१* | १०० |
| ४९. | प्रतिफल | उच्च रक्तचापको औषधी सेवन गरिरहेका १५ वर्ष भन्दा माथिको जनसंख्या | प्रतिशत | | |
| ५०. | प्रतिफल | सुविधासम्पन्न अस्पताल | संख्या | ० | १ |
| ५१. | प्रतिफल | घुम्ती स्वास्थ्य शिविर वार्षिक | संख्या | | |
| ५२. | प्रतिफल | स्वास्थ्य प्रयोगशाला | संख्या | | |
| **(ग)** | **संस्कृति, भाषा, कला तथा साहित्य** | | | | |
| १. | प्रतिफल | अमूर्त साँस्कृतिक सम्पदामा सूचिकृत सम्पदा | संख्या | | |
| २. | प्रतिफल | साँस्कृतिक सम्पदा मध्ये स्थानीय पाठ्यक्रमका समावेश (सम्पदा) | संख्या | | |
| ३. | प्रतिफल | साँस्कृतिक बृत्त चित्र | संख्या | | |
| ४. | प्रतिफल | कलाकार विवरणमा समावेश कलाकार | संख्या | | |
| ५. | प्रतिफल | साँस्कृतिक पात्रोमा समावेश गतिविधि (वार्षिक) | संख्या | | |
| ६. | प्रतिफल | साँस्कृतिक प्रतियोगिता तथा कार्यक्रम (वार्षिक) | संख्या | | |
| ७. | प्रतिफल | स्थानीय मातृभाषा पाठ्यक्रम | संख्या | | |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| ८. | प्रतिफल | साहित्यिक गतिविधि (कार्यक्रम) (वार्षिक) | संख्या | | |
| ९. | प्रतिफल | झाँकी प्रर्दशनी (वार्षिक) | संख्या | | |
| १०. | प्रतिफल | साँस्कृतिक केन्द्र | संख्या | | |
| ११. | प्रतिफल | साँस्कृतिक समिति | संख्या | | |
| १२. | प्रतिफल | साँस्कृतिक (कला र साहित्य) उत्सव (Art and Literature Festival) | संख्या | | |
| १३. | प्रतिफल | कला संग्रहालय | संख्या | | |
| **(घ)** | **लैङ्गिक समानता, जेष्ठ नागरिक, अपाङ्गता सामाजिक समावेशीकरण** | | | | |
| १. | प्रतिफल | पालिकामा महिला उद्यमीहरूको | संख्या | | |
| २. | प्रतिफल | पूर्णरूपमा आत्मनिर्भर एकल महिलाको संख्या ( प्रतिशतमा बढाउँदै लैजाने) | प्रतिशत | | |
| ३. | प्रतिफल | बालश्रमिकहरू (घटाउँदै लैजाने) | संख्या | | |
| ४. | प्रतिफल | अन्तरजातीय विवाह (बढाउँदै लैजाने) | संख्या | | |
| ५. | प्रतिफल | दुर्व्यसन सुधार गृह | संख्या | | |
| ६. | प्रतिफल | बाल सुरक्षा/संरक्षण गृह | संख्या | | |
| ७. | प्रतिफल | जेष्ठ नागरिक सत्सङ्ग केन्द्र | संख्या | | |
| ८. | असर | सामाजिक सुरक्षामा योजनामा समावेश भएका नागरिक | संख्या | | |
| ९. | असर | आधार वर्षको तुलनामा न्यायिक समितिमा उजुरीको (प्रतिशतले घटाउँदै लैजाने) | प्रतिशत | | |
| १०. | असर | विगत १२ महिनामा शारीरिक, मनोवैज्ञानिक लैङ्गिक तथा यौनजन्य हिंसामा परेका जनसंख्या (संख्यामा) घटनाको आधारमा (प.दि.वि.ल. १६.१.१) | संख्या | | |
| ११. | असर | उमेरअनुसार १८ वर्षको उमेरसम्म यौनहिंसाको अनुभव गरेका १८ देखि २९ वर्ष उमेरका युवती र युवकहरूको अनुपात (प.दि.वि.ल. १६.२.३) | प्रतिशत | | |
| १२. | असर | निर्णय-निर्माण समावेशी र जवाफदेही भएको विश्वास गर्ने जनसंख्याको अनुपात (लिङ्ग, उमेर, अपाङ्गता र जनसाङ्ख्यिक समूहअनुसार) ( प.दि.वि.ल. १६.७.२) | प्रतिशत | | |
| १३. | असर | सार्वजनिक निकायहरूको नीतिनिर्माण पदहरूमा रहेका महिलाहरूको अनुपात (प.दि.वि.ल. १६.७.२.१) | प्रतिशत | | |
| १४. | असर | सार्वजनिक निकायहरूका नीति निर्माण पद, राजनीति तथा कर्मचारी तन्त्रको पदमा रहेका जनजातिको प्रतिशत | प्रतिशत | | |
| १५. | असर | सार्वजनिक निकायहरूका नीति निर्माण पद, राजनीति तथा कर्मचारी तन्त्रको पदमा रहेका आदिवासीको प्रतिशत | प्रतिशत | | |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| १६. | असर | सार्वजनिक निकायहरूका नीति निर्माण पद, राजनीति तथा कर्मचारी तन्त्रको पदमा रहेका मधेशीको प्रतिशत | प्रतिशत | | |
| १७. | असर | सार्वजनिक निकायहरूका नीति निर्माण पद, राजनीति तथा कर्मचारी तन्त्रको पदमा रहेका मुस्लिमको प्रतिशत | प्रतिशत | | |
| १८. | असर | सार्वजनिक निकायहरूका नीति निर्माण पद, राजनीति तथा कर्मचारी तन्त्रको पदमा रहेका पिछडा वर्गको प्रतिशत | प्रतिशत | | |
| १९. | असर | सार्वजनिक निकायहरूका नीति निर्माण पद, राजनीति तथा कर्मचारी तन्त्रको पदमा रहेका अल्पसंख्यकको प्रतिशत | प्रतिशत | | |
| २०. | असर | शारीरिक/यौनहिंसा अनुभग गरेका १५ देखि ४९ वर्षसम्मका महिलाहरूको (प्रतिशत) (प.दि.वि.ल. ५.२.२.१) | प्रतिशत | | |
| २१. | प्रतिफल | महिला, किशोरी तथा बालबालिकाहरूको बेचबिखन (सङ्ख्या) (प.दि.वि.ल. ५.२.२.२) | संख्या | | |
| २२. | असर | विवाहित वा वैवाहिक मिलनमा रहेका १५ देखि १९ वर्ष उमेरका महिलाहरू (प्रतिशत) (प.दि.वि.ल. ५.३.१.१) | प्रतिशत | | |
| २३. | असर | श्रमशक्तिमा महिला र पुरुषको सहभागिताको अनुपात (प.दि.वि.ल. ५.४.१.१) | प्रतिशत | | |
| २४. | असर | महिलाले घरायसी काममा खर्चेको औसत समय/घण्टामा (प.दि.वि.ल. ५.४.१.२) | घण्टामा | | |
| २५. | असर | पालिकाबाट राष्ट्रिय संसद्मा प्रतिनिधित्व (प्रतिशत) (प.दि.वि.ल. ५.५.१.१) | प्रतिशत | | |
| २६. | असर | पालिका प्रादेशिक संसदमा प्रतिनिधित्व (प्रतिशत) (प.दि.वि.ल. ५.५.१.२) | प्रतिशत | | |
| २७. | असर | स्थानीय सरकारका तहहरूमा प्रतिनिधित्व(Bodies)(प्रतिशत) (प.दि.वि.ल. ५.५.१.३) | प्रतिशत | | |
| २८. | असर | निजी क्षेत्रको निर्णायक तहमा महिलाहरूको सहभागिता (प्रतिशत) (प.दि.वि.ल. ५.५.२.१) | प्रतिशत | | |
| २९. | असर | सहकारी क्षेत्रमा महिलाहरूको सहभागिता (प्रतिशत) (प.दि.वि.ल. ५.५.२.२) | प्रतिशत | | |
| ३०. | असर | सार्वजनिक सेवाका नीतिनिर्माणका पदहरूमा रहेका महिला (कुल कर्मचारीहरूमध्ये महिलाको प्रतिशत) (प.दि.वि.ल. ५.५.२.३) | प्रतिशत | | |
| ३१. | असर | व्यावसायिक र प्राविधिक कामदारहरूमा महिला-पुरुषको अनुपात (Ratio of women to men) (प्रतिशत) (प.दि.वि.ल. ५.५.२.४) | प्रतिशत | | |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| ३२. | असर | यौन सम्बन्ध, परिवार नियोजनका साधनहरूको प्रयोग र प्रजनन स्वास्थ्य हेरचाह सम्बन्धमा सुसूचित भएर आफैले निर्णय गर्ने १५ देखि ४९ वर्ष उमेरका महिलाहरूको अनुपात (प.दि.वि.ल. ५.६.१) | प्रतिशत | | |
| ३३. | प्रतिफल | महिलाहरूको स्वामित्व भएका उद्यमहरूको सङ्ख्या (प.दि.वि.ल. ५.क.१) | संख्या | | |
| ३४. | प्रतिफल | महिलाहरूको सम्पत्तिमाथिको स्वामित्व (जमिन र घर) (प.दि.वि.ल. ५.क.२) | संख्या | | |
| ३५. | असर | १५ देखि २४ वर्ष उमेर समूहका इन्टरनेट प्रयोग गर्ने महिलाको प्रतिशत (प.दि.वि.ल. ५.ख.१) | प्रतिशत | | |
| **(ङ)** | **बालबालिका** | | | | |
| १. | प्रतिफल | बाल श्रमिकको (संख्या) | संख्या | | |
| २. | प्रतिफल | असहाय बालबालिका (संख्या) | संख्या | | |
| ३. | प्रतिफल | पुर्नस्थापित बालबालिका संख्या | संख्या | | |
| ४. | प्रतिफल | विद्यालय जान नपाएका बालबालिकाको संख्या | संख्या | | |
| ५. | प्रतिफल | बालगृह संख्या | संख्या | | |
| ६. | प्रतिफल | बाल विवाह संख्या | संख्या | | |
| ७. | प्रतिफल | बाल उद्यान संख्या | संख्या | | |
| ८. | प्रतिफल | पोषण सुनिश्चित गरिएका असहाय अति विपन्न बालबालिका | संख्या | | |
| ९. | प्रतिफल | बालबालिका केन्द्रित वार्षिक बाल कार्यक्रम | संख्या | | |
| **(च)** | **युवा श्रम तथा रोजगार** | | | | |
| १. | असर | बेरोजगार युवा (प्रतिशत) | प्रतिशत | | |
| २. | असर | पुरुष बेरोजगार युवा | प्रतिशत | | |
| ३. | असर | महिला बेरोजगार युवा | प्रतिशत | | |
| ४. | असर | रोजगार युवा (प्रतिशत) | प्रतिशत | | |
| ५. | असर | पुरुष रोजगार युवा | प्रतिशत | | |
| ६. | असर | महिला रोजगार युवा | प्रतिशत | | |
| ७. | असर | न्यूनतम रोजगारीका लागि विदेशिने युवाहरू | प्रतिशत | | |
| ८. | प्रतिफल | आफ्नै स्वामित्वमा उद्योग भएका युवा उद्यमीहरूको | संख्या | | |
| ९. | प्रतिफल | महिला युवा उद्यमीहरूको | संख्या | | |
| १०. | प्रतिफल | स्नातक तह उत्तीर्ण गर्न नसकि अध्ययन छाडेका युवाको | संख्या | | |
| ११. | असर | कामअनुसारको पारिश्रमिक वा आम्दानीबाट बञ्चीत युवाको प्रतिशत | प्रतिशत | | |
| १२. | असर | कामअनुसारको पारिश्रमिक वा आम्दानीबाट सन्तुष्ट युवाको प्रतिशत | प्रतिशत | | |
| १३. | असर | दुर्व्यसनमा फसेका युवाको प्रतिशत | प्रतिशत | | |
| १४. | प्रतिफल | जटिल प्रकारका रोगबाट ग्रसित युवाको संख्या | संख्या | | |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| १५. | प्रतिफल | अपराधिक कार्यमा संलग्न युवाको संख्या | संख्या | | |
| १६. | प्रतिफल | राष्ट्रिय रूपमा ख्याती प्राप्त युवाको संख्या ( कलाकारिता, नेतृत्व, उद्यमी, खेलकुद, अध्ययन अनुसन्धान, आदि) | संख्या | | |
| **(छ)** | **खेलकुद तथा मनोरञ्जन** | | संख्या | | |
| १. | प्रतिफल | व्यावसायीक खेलाडी | संख्या | २* | ५ |
| २. | प्रतिफल | सुविधा सम्पन्न खेलकुद रंगशालाको संख्या | संख्या | १* | ३ |
| ३. | प्रतिफल | कर्वडहल तथा खेल मैदानको संख्या | संख्या | २* | ५ |
| ४. | प्रतिफल | थिएटर वा सिनेमा घरको संख्या | संख्या | | |
| ५. | प्रतिफल | बाल उद्यानको संख्या | संख्या | | |
| ६. | प्रतिफल | पार्क तथा हरित उद्यानको संख्या | संख्या | | |
| ७. | प्रतिफल | व्यवस्थित पिकनिक स्थलको संख्या | संख्या | | |
| ८. | प्रतिफल | व्यवस्थित पौडी पोखरीको संख्या | संख्या | | |
| ९. | प्रतिफल | जेष्ठ नागरिक मिलन केन्द्रको संख्या | संख्या | ० | १ |
| १०. | प्रतिफल | साँस्कृतिक तथा कला केन्द्रको संख्या | संख्या | ० | १ |
| **(ज)** | **शान्ति सुरक्षा** | | | | |
| १. | प्रतिफल | प्रहरी बिटको संख्या | संख्या | | |
| २. | असर | प्रति वर्ष हुने अपराधिक क्रियाकलापका घटनाहरू (घटाउँदै लाने) | संख्या | | |
| ३. | असर | प्रति सुरक्षाकर्मी जनसंख्या अनुपात | संख्या | | |
| ४. | प्रतिफल | नेपाल प्रहरी | संख्या | | |
| ५. | प्रतिफल | नेपाली सेना | संख्या | | |
| ६. | प्रतिफल | शसस्त्र प्रहरी | संख्या | | |
| ७. | प्रतिफल | नगर प्रहरी | संख्या | | |
| ८. | असर | आफू बसेको क्षेत्र वरिपरि एक्लै हिंडडुल गर्ने आफूलाई सुरक्षित ठान्ने जनसंख्या प्रतिशत ( प.दि.वि.ल. १६.१.४) | प्रतिशत | | |
| ९. | प्रतिफल | सिसिटिभी जडान संख्या | संख्या | | |
| **(झ)** | **शवदाहस्थल तथा समाधीस्थल व्यवस्थापन** | | | | |
| १. | प्रतिफल | व्यवस्थित शवदाहस्थल/समाधीस्थलको संख्या | संख्या | | |
| २. | प्रतिफल | शववाहनको संख्या | संख्या | | |

*स्रोत: *गाउँपालिकाको आवधिक योजना*
***राष्ट्रिय जनगणना २०७८*

# परिच्छेद - ५: पूर्वाधार विकास

## ५.१ खानेपानी तथा सरसफाई

### ५.१.१ पृष्ठभूमि

राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार यस गाउँपालिकामा धारा/पाईप (घरपरिवार भित्र) को पानी प्रयोग गर्नेहरु ५७९ अर्थात ७.९ प्रतिशत रहेका छन् । यसैगरी धारा/पाईप (घरपरिवार बाहिर) को पानी प्रयोग गर्ने ३५० अर्थात ४.५ प्रतिशत रहेका छन् । ट्यूवेल तथा हातेपम्प मार्फत खानेपानी प्रयोगकर्ता ६,७७५ अर्थात ८७.३ प्रतिशत, खुला ईनार/कुवाको खानेपानी प्रयोगकता ०.३ प्रतिशत रहेका छन् । तथापि यहाँ अझै पनि सुरक्षित तथा स्वच्छ खानेपानीको पहुँचबाट धेरै घरधुरीहरु टाढा रहेको अवस्था छ । सफा, सुन्दर र स्वच्छ क्षेत्र सभ्यताको प्रमुख परिचायक हो । त्यसैगरी स्वस्थ जीवन जिउन हाम्रो वरपरको जनजीवन र सेरोफेरो सफा हुनु जरुरी छ । शहरीकरणको सघनतामा वृद्धि भएकोले यस गाउँपालिकामा फोहोरमैला उत्सर्जन व्यापक रुपमा हुने गरेको र फोहोर व्यवस्थापन मुख्य चुनौतीको रुपमा रहेको छ ।

### ५.१.२ समस्या तथा चुनौती

शुद्ध र स्वस्थ पिउने पानीको अभावमा टाइफाईड, झाडापखाला, आउँ जस्ता सरुवा रोगहरूको संक्रमण वर्षेनी फैलिन गइ हुने मानवीय जीवनको क्षति नियन्त्रण गर्नु, पिउने पानी शुद्धिकरण सम्बन्धी उपायको अवलम्बन सम्बन्धी जनचेतनाको विस्तार गर्नु, मानव तथा पशुजन्य विकारलाई पानीको मुहानभन्दा टाढा व्यवस्थापन लगायतका समस्या र चुनौती रहेक छन् ।

### ५.१.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| शुद्ध, स्वच्छ खानेपानीमा सबैको सहज पहुँच स्थापित |
| **लक्ष्य** |
| खानेपानीको मुहान पहिचान र संरक्षण गरी खानेपानीको सहज पहुँचको प्रत्याभूति गर्दै वातावरणलाई सफा र स्वच्छ बनाउने । |
| **उद्देश्यहरू** |
| ✓ स्वच्छ खानेपानीको समानुपातिक वितरण तथा पूर्ण सरसफाई कायम गर्दै स्वस्थ जीवनयापनको प्रत्याभूति गर्नु । |

### ५.१.४ रणनीति

१. खानेपानीका स्रोत व्यवस्थापन र वितरणलाई सहज बनाउने ।
२. गाउँपालिकालाई पूर्ण सरसफाई युक्त बनाउने ।
३. मूहान संरक्षण तथा खानेपानी सेवाको स्तर वृद्धि गर्ने ।
४. खानेपानी तथा सरसफाई गुरुयोजना निर्माण गर्ने ।

### ५.१.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | गाउँपालिकास्तरीय खानेपानी तथा सरसफाई नीति तथा मापदण्ड तर्जुमा | कानूनको निर्माण | ०८२/८३-०८३/८४ | ५०० | गाउँपालिकास्तरीय खानेपानी तथा सरसफाई नीति तथा मापदण्ड तर्जुमा भएको हुने |
| २. | खानेपानी वितरण प्रणाली तथा ढल व्यवस्थापन | सरसफाईमा जोड | ०८२/८३–०८४/८५ | ८०० | खानेपानी वितरण प्रणाली तथा ढल व्यवस्थापन भएको हुने |
| ३. | खानेपानी तथा सरसफाई व्यवस्थापनका लागि उपभोक्ता समितिसँगको सह लगानीमा पालिकास्तरीय खानेपानी तथा सरसफाई केन्द्रको स्थापना | स्वस्थ पिउने पानी तथा सरसफाईमा जोड | ०८२/८३-०८३/८४ | ९०० | खानेपानी तथा सरसफाई व्यवस्थापनका लागि उपभोक्ता समितिसँगको सह लगानीमा पालिकास्तरीय खानेपानी तथा सरसफाई केन्द्रको स्थापना भएको हुने |
| ४. | हरित गेरुवा आयोजना कार्यान्वयन | हरित क्षेत्रको विस्तार | ०८२/८३–०८४/८५ | ४०० | हरित गेरुवा आयोजना कार्यान्वयन भएको हुने |
| ५. | एक वडा एक नमुना खानेपानी आयोजना | स्वस्थ पिउने पानीको व्यवस्था | ०८२/८३–०८२/८३ | ७००० | एक वडा एक नमुना खानेपानी आयोजना निर्माण भएको हुने |
| ६. | खानेपानी शुद्धिकरण तथा मर्मत सम्भार | स्वच्छ पिउने पानीको व्यवस्था | ०८२/८३-०८३/८४ | ३०० | खानेपानी शुद्धिकरण तथा मर्मत सम्भार भएको हुने |
| ७. | निजी शौचालय निर्माण | शौचालय प्रयोगलाई प्रोत्साहन | ०८२/८३-०८३/८४ | ८०० | निजी शौचालय निर्माण भएको हुने |

### ५.१.६ जोखिम पक्ष तथा अनुमान

पिउनयोग्य खानेपानीको मुहान पहिचान हुने, स्वच्छ पिउने पानी वितरण प्रणाली स्थापना हुने, पिउने पानी शुद्धीकरणको विधि बारे पालिकाबासी सचेत भएका हुने, मानवजन्य र अन्य फोहोरमैलाको उचित व्यवस्थापन भई सफा र हराभरा पालिका निर्माण हुने, खानेपानी र फोहोरमैला व्यवस्थापनमा सामुदायिक र निजी संस्थाको संलग्नता बढी सुविधा सम्पन्न पालिका विकास भएको हुने अनुमान गर्न सकिन्छ भने उचित योजना, मुहान संरक्षणको अभाव, आयोजना निर्माणको अनुगमन मुल्याङ्कन हुन नसकेमा खानेपानी सम्बन्धी मौलिक हक तथा दिगो विकासका लक्ष्य प्राप्त नहुने जोखिम रहन्छ ।

## ५.२ सिँचाई

### ५.२.१ पृष्ठभूमि

गाउँपालिकाको आवधिक योजना २०७८/७९ बाट प्राप्त तथ्याङ्क अनुसार गाउँपालिकामा ८० प्रतिशत कृषियोग्य जमिनमा बाह्रै महिना सिंचाई सुविधा उपलब्ध रहेको छ । यहाँ विशेषत: तरकारीजन्य उत्पादन १२ महिना नै हुने गर्दछ भने धान, गहुँ, मकै जस्ता खाद्यान्न बाली साथै तरकारी, फलफूल, मसला, दलहन बालीहरुको पनि राम्रो उत्पादन सम्भावना रहेको र उत्पादन भइरहेको यस क्षेत्रमा  केही कृषियोग्य क्षेत्रको केही भाग देखि बाहेक अधिकाशं क्षेत्रमा सिँचाइ आयोजना संचालनमा रहेको छ भने केही क्षेत्रहरुमा डिप बोरिङ, नहर तथा इनार मार्फत सिँचाई गर्ने गरिएको छ । तरकारी तथा अन्न उत्पादनको हिसाबले देशकै महत्वपूर्ण क्षेत्रहरु मध्ये एक मानिने यो क्षेत्रमा सिँचाईको सुविधा नपुगेका कृषिभूमीलाई सिँचाईको सुविधा पुऱ्याउनका लागि उच्च प्राथमिकताका साथ नहर तथा सिंचाई आयोजनाहरू निर्माण गरी सिँचाई कार्य गर्नु नितान्त जरुरी छ ।

### ५.२.२ समस्या तथा चुनौती

परम्परागत सिँचाई प्रणालीलाई समयसापेक्ष परिवर्तन गर्नु, वातावरण अनुकुल र श्रोतको उपलब्धताको आधारमा सिँचाईका विभिन्न विकल्प विकास गर्नु, उपलब्ध जलाधार र जलस्रोतको उपयोग गर्न दिगो योजनाको विकास गर्नु जस्ता समस्या र चुनौती रहेका छन् ।

### ५.२.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
| --- |
| कृषि विकासको आधार : पर्याप्त र दीगो सिँचाई सुविधा |
| **लक्ष्य** |
| कृषि क्षेत्रमा भरपर्दो सिँचाई पूर्वाधारका निर्माण गरी कृषि उत्पादन र उत्पादकत्व वृद्धिमा योगदान पुऱ्याउने । |
| **उद्देश्यहरू** |
| ✓ कृषि क्षेत्रको उत्पादकत्व वृद्धि गर्न भरपर्दो सिँचाइ सुविधा उपलब्ध गराउनु । |

### ५.२.४ रणनीति

१. खेतीयोग्य जमिनहरुमा प्रविधियुक्त सिँचाई सुविधा उपलब्ध गराउने ।
२. परम्परागत तथा वैकल्पिक प्रविधिको प्रयोग गरी खेतीयोग्य जमिनमा सिँचाई सुविधा पुऱ्याउने ।
३. उच्च प्रतिफलयुक्त कृषि उत्पादनको सम्भावना बोकेका क्षेत्रलाई प्राथमिकतामा राखेर सिँचाई प्रणालीको विकास गर्ने ।
४. कृत्रिम जलाशय निर्माण गरी वैकल्पिक सिँचाई प्रवर्द्धन गर्ने ।

## ५.२.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | जलाधार क्षेत्रको विवरण संकलन तथा नक्साङ्कन | जलाधार क्षेत्रको तथ्याङ्क उपलब्ध | ०८२/८३-०८२/८३ | ३०० | जलाधार क्षेत्रको विवरण संकलन तथा नक्साङ्कन भएको हुने |
| २. | सतह, भूमिगत, थोपा सिँचाई आदि प्रविधिको विस्तार गरी भरपर्दो सिँचाई सुविधा | सिँचाईको उपलब्धता | ०८२/८३-०८३/८४ | ८०० | सतह, भूमिगत, थोपा सिँचाई आदि प्रविधिको विस्तार गरी भरपर्दो सिँचाई सुविधा भएको हुने |
| ३. | प्राथमिकता प्राप्त कुलो तथा नहरहरूको मर्मत सम्भार तथा स्तरोन्नति | प्राथमिकताको आधारमा सबै वडामा सिँचाई पूर्वाधार निर्माण | ०८२/८३-०८४/८५ | ७००० | प्राथमिकता प्राप्त कुलो तथा नहरहरूको मर्मत सम्भार तथा स्तरोन्नति भएको हुने |
| ४. | संघ र प्रदेशसँगको लागत सहभागितामा स्थानीय आवश्यकता अनुसारका सिँचाई आयोजनाहरु कार्यान्वयन | सिँचाईको उचित व्यवस्थापन | ०८२/८३-०८४/८५ | १००० | संघ र प्रदेशसँगको लागत सहभागितामा स्थानीय आवश्यकता अनुसारका सिँचाई आयोजनाहरु कार्यान्वयन भएको हुने |
| ५. | भूमिगत तथा सतह सिँचाई सम्भाव्यता अध्ययन तथा निर्माण | सिँचाईको उचित व्यवस्थापन | ०८२/८३-०८३/८४ | ९०० | भूमिगत तथा सतह सिँचाई सम्भाव्यता अध्ययन तथा निर्माण भएको हुने |
| ६. | वैकल्पिक सिँचाईको व्यवस्था | सिँचाईको उपलब्धता | ०८२/८३-०८२/८३ | ७००० | वैकल्पिक सिँचाईको व्यवस्था भएको हुने |
| ७. | ठूला कृषि उत्पादन क्षेत्रमा सिँचाईको विशेष व्यवस्था | कृषि पूर्वाधारको व्यवस्था | ०८२/८३-०८३/८४ | ८००० | ठूला कृषि उत्पादन क्षेत्रमा सिँचाईको विशेष व्यवस्था भएको हुने |
| ८. | बहुउद्देश्यीय नमूना पोखरी निर्माण | पोखरी निर्माण तथा मर्मत सम्भार | ०८२/८३-०८४/८५ | २००० | ३ वटा बहुउद्देश्यीय नमूना पोखरी निर्माण भएको हुने |
| ९. | कृत्रिम जलाशय निर्माणको सम्भाव्यता अध्ययन | सिँचाईको वैकल्पिक व्यवस्था | ०८२/८३-०८२/८३ | ३०० | कृत्रिम जलाशय निर्माणको सम्भाव्यता अध्ययन भएको हुने |
| १०. | सिँचाई उपभोक्ता समिति तालिम | जिम्मेवार उपभोक्ता समिति | ०८२/८३-०८३/८४ | ३०० | सिँचाई उपभोक्ता समिति तालिम संचालन भएको हुने |

## ५.२.६ जोखिम पक्ष तथा अनुमान

कार्यक्रम प्राथमिकताका साथ सञ्चालन गर्न नसकिएमा पानीको प्राकृतिक स्रोतको संरक्षण नहुने, परम्परागत र आधुनिक नहरको नियमित मर्मत सम्भार नहुने र कृषियोग्य भूमि बाँझो रहने जोखिम बढी रहन्छ ।

## ५.३ ऊर्जा

### ५.३.१ पृष्ठभूमि

कुनै पनि स्थानमा बसोबास गर्ने नागरिकको जीवनलाई सरल र सहज बनाउन साथै आर्थिक तथा सामाजिक विकास गर्न विद्युत तथा ऊर्जाको महत्वपूर्ण भूमिका रहेको हुन्छ। राष्ट्रिय जनगणना, २०७८ को तथ्याङ्क अनुसार कुल घरपरिवार संख्या ७,७६२ मध्ये ७,६४२ अर्थात ९८.५ प्रतिशतले मुख्य इन्धनको रुपमा विद्युतको प्रयोग गर्ने गर्दछन् भने ६९ अर्थात ०.९ प्रतिशतले सोलारको प्रयोग गर्ने गर्दछन्। यसैगरी खाना पकाउनका लागि ४,६४५ अर्थात ४९.८ प्रतिशतले मुख्य इन्धनको रुपमा काठ/दाउराको प्रयोग गर्ने गर्दछन्। २,१८७ अर्थात २८.२ प्रतिशतले एल.पी ग्याँस, ८४८ अर्थात १०.९ प्रतिशतले बायो ग्याँसको प्रयोग गर्ने गर्दछन्। काठ दाउराको श्रोत वनजंगलहरु रहेका छन्। काठ दाउराको प्रयोगका थुप्रै नकारात्मक पक्षहरूमध्ये स्वास्थ्यमा पर्ने असर र वन जङ्गलको विनाश प्रमुख हुन्।

### ५.३.२ समस्या तथा चुनौती

खाना पकाउने इन्धनका रुपमा काठ/दाउराको अत्याधिक प्रयोग हुनु, विद्युतीकरणका लागि पोल लगायत आवश्यक पूर्वाधारको स्थापना, दिगो विद्युत प्रवाहको लागि ट्रान्सफरको क्षमतामा स्तरोन्नति, विभिन्न स्थानमा अग्ला रुख, झाडी कटान गरी विद्युत प्रवाहको अवरोध हटाउन पहल, सुपथ मुल्यमा विद्युत सेवाको समन्यायिक वितरण लगायतका समस्या र चुनौतीको विद्यमानता यस गाउँपालिकामा समेत रहेको छ।

### ५.३.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| विद्युत र वैकल्पिक उर्जामा आत्मनिर्भरता : गाउँपालिकाको प्रतिबद्धता |
| **लक्ष्य** |
| विद्युतमा समान पहुँच सहित सोलार तथा साना जलविद्युतको निर्माणमा जोड दिई गाउँपालिकाको आर्थिक गतिविधि बढाउने। |
| **उद्देश्यहरू** |
| ✓ अध्ययनका आधारमा वैकल्पिक उर्जा तथा साना जलविद्युतको विकास तथा विस्तार गर्नु। |

### ५.३.४ रणनीति

1. विद्युत तथा वैकल्पिक उर्जालाई गाउँपालिकाको आर्थिक समृद्धिको आधारका रुपमा विकास गर्ने।
2. विद्युतीकरण नभएका स्थानहरुमा विद्युत् सेवा विस्तार गर्ने।
3. विद्युत क्षमता वृद्धि गर्ने।
4. वैकल्पिक ऊर्जा प्रवर्द्धन गर्ने।

## ५.३.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | विद्युत प्रशारण लाईन विस्तार | विद्युतीकरण | ०८२/८३-०८४/८५ | ७००० | विद्युत प्रशारण लाईन विस्तार भएको हुने |
| २. | वैकल्पिक उर्जा सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा | कानूनको निर्माण | ०८२/८३-०८४/८५ | ५०० | वैकल्पिक उर्जा सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा भएको हुने |
| ३. | ग्रामिण विद्युतीकरण कार्यक्रम | विद्युतको सहज उपलब्धता | साल बसाली | ३०० | ग्रामिण विद्युतीकरण कार्यक्रम सञ्चालन भएको हुने |
| ४. | सौर्य उर्जा प्लान्टको विस्तार | वैकल्पिक उर्जाको प्रयोग वृद्धि | ०८२/८३-०८२/८३ | ५०० | सौर्य उर्जा प्लान्टको विस्तार भएको हुने |
| ५. | दीगो र गुणस्तरीय विद्युतीय पूर्वाधार निर्माण | विद्युतीकरण | ०८२/८३-०८३/८४ | १००० | दीगो र गुणस्तरीय विद्युतीय पूर्वाधार निर्माण भएको हुने |
| ६. | परम्परागत उर्जा खपतलाई विस्थापन गर्न सुधारिएको चुलो, गोवरग्याँस प्लान्ट तथा अन्य वैकल्पिक उर्जाको उत्पादन तथा जडानका लागि अनुदानको व्यवस्था | परम्परागत ऊर्जामा निर्भरता न्यूनीकरण | ०८२/८३-०८३/८४ | ८००० | परम्परागत उर्जा खपतलाई विस्थापन गर्न सुधारिएको चुलो, गोवरग्याँस प्लान्ट तथा अन्य वैकल्पिक उर्जाको उत्पादन तथा जडानका लागि अनुदान प्रदान भएको हुने |
| ७. | आवश्यकताका आधारमा ट्रान्सफर्मर जडान | विद्युत क्षमता वृद्धि | ०८२/८३-०८३/८४ | २००० | आवश्यकताका आधारमा ट्रान्सफर्मर जडान भएको हुने |
| ८. | विद्युत प्राधिकरणसँग समन्वय गरी विद्युत प्रसारणलाईन सुधार | सहज विद्युत सेवा विस्तार | ०८२/८३-०८४/८५ | १५०० | विद्युत प्राधिकरणसँग समन्वय गरी विद्युत प्रसारणलाईन सुधार भएको हुने |
| ९. | सडक तथा सार्वजनिक स्थानमा सडक बत्ती जडान | विद्युतीकरण | ०८२/८३-०८४/८५ | ९०० | सडक तथा सार्वजनिक स्थानमा सडक बत्ती जडान भएको हुने |
| १०. | विद्युत ऊर्जा तथा वैकल्पिक ऊर्जा प्रयोग सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन | वैकल्पिक ऊर्जाको प्रयोग वृद्धि | साल बसाली | ३५० | विद्युत ऊर्जा तथा वैकल्पिक ऊर्जा प्रयोग सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन भएको हुने |

### ५.३.६ जोखिम पक्ष तथा अनुमान

विद्युत प्रसारणको लागि जग्गा प्राप्ति, सहज साइट क्लिरेन्स, विद्युतीय सवारी साधन र सामाग्रीको प्रयोगमा वृद्धि, निजी क्षेत्रको संलग्नतामा वैकल्पिक उर्जाको विकास र विस्तार, विद्युत चोरी नियन्त्रण, काठ/दाउराको प्रयोगमा नियन्त्रण, सार्वजनिक स्थलमा सौर्य उर्जाको प्रयोग गरी विद्युतीकरण गरिएमा उपलब्धि हासिल हुने अनुमान गर्न सकिन्छ भने माथि उल्लिखित क्रियाकलाप सञ्चालन गर्न नसकिएमा उद्देश्य हासिल नहुने जोखिम रहन्छ ।

## ५.४ सडक तथा यातायात

### ५.४.१ पृष्ठभूमि

सडक तथा यातायातलाई पूर्वाधार विकासको महत्वपूर्ण सूचक मानिन्छ। गाउँपालिकामा सडक तथा यातायातको अवस्थालाई हेर्दा स्थिती सन्तोषजनक रहेको पाउन सकिन्छ। गाउँपालिकाको आवधिक योजना २०७८/७९ प्राप्त तथ्यांक अनुसार गाउँपालिकामा हाल सम्म १५२ कि.मि कच्चि सडक छ भन १०० कि.मि स्तरोन्नती गरीएको सडक रहेको छ भने, ५८ प्रतिशत सहज प्रकारको बाटो रहेको छ । त्यसैगरी बायोइन्जिनियरिङ्ग प्रविधि उपयोग भएको सडक ४ कि.मि छ भने २ वटा पक्की सडक पुल रहेका छन् ।

विशेषगरी वर्षायाममा जीर्ण पक्की पुल तथा डुबानका कारण बस्तीहरूबिच सम्पर्क स्थापित हुन कठिन हुन्छ। गाउँपालिकाले सडकहरूको निर्माण, विस्तार तथा मर्मत गर्नु, सडकको चौडाइ साँघुरो हुनु, नाला तथा ढल निर्माण नहुनुका साथै आवश्यक स्थानहरूमा पुलहरू निर्माण गर्ने विषय प्राथमिकतामा राख्नु पर्ने देखिन्छ। तथापि यातायातका साधनहरूको पर्याप्तता भएता पनि रुटहरू वैज्ञानिक नहुँदा सार्वजनिक यातायातको अवस्था भने कमजोर रहेको पाइन्छ। हाल गाउँपालिकाको कुनै पनि वडामा व्यवस्थित बसपार्क रहेको छैन। त्यसकारण बस टर्मिनलको निर्माण गर्नु अतिआवश्यक रहेको छ। त्यसैगरी सडक मार्गबाट ओहोर दोहोर गर्ने यात्रुहरूलाई सुविधाको लागि विभिन्न स्थानहरूमा यात्रु प्रतिक्षालय तथा सार्वजनिक शौचालय निर्माण गर्नु पनि आवश्यक छ।

### ५.४.२ समस्या तथा चुनौती

सडक पूर्वाधार सम्बन्धी एकीकृत गुरुयोजनाको अभाव हुनु, पर्यावरणमैत्री र बाह्रै महिना संचालन हुने गरी सडकको स्तरोन्नति गर्नु, सामाजिक र आर्थिक विकासका पूर्वाधारबिच अन्तर आबद्धता कायम गर्नु जस्ता समस्या र चुनौती यस पालिमामा समेत रहेका छन् ।

### ५.४.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| दीगो सडक, गेरुवा समृद्धिको मेरुदण्ड |
| **लक्ष्य** |
| गुणस्तरीय मापदण्ड सहितको दीगो पक्की सडक तथा पुल निर्माण गरी वाह्रैमास चल्ने सडक सञ्जाल विस्तार गर्ने । |

**उद्देश्यहरू**

✓ सडक, पुल जस्ता भौतिक संरचनाको गुणस्तरीयता कायम गर्न नीतिगत व्यवस्था गर्दै तदअनुरुपको विकासमा जोड दिनु ।

## ५.४.४ रणनीति

१. सडक तथा पुलको गुणस्तरीयता कायम गर्दै रणनीतिक सडक तथा पुलको निर्माण गर्ने ।
२. गाउँपालिका केन्द्रबाट सबै वडा केन्द्र र महत्वपूर्ण स्थानमा सडक सञ्जाल विस्तार गर्ने ।
३. विद्यमान सडक पूर्वाधारको स्तरोन्नति तथा विस्तार गर्ने ।
४. सडकको न्यूनतम मापदण्ड कार्यान्वयनमा ल्याइने ।

## ५.४.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | सडक तथा पुल नीति तर्जुमा | कानूनको निर्माण | ०८२/८३-०८४/८५ | १००० | सडक तथा पुल नीति तर्जुमा भएको हुने |
| २. | गाउँपालिकालाई वडा केन्द्रसम्म जोड्ने सडकलाई कालोपत्रे | गुणस्तरीय सडक पूर्वाधार | ०८२/८३-०८३/८४ | ५००० | गाउँपालिकालाई वडा केन्द्रसम्म जोड्ने सडकलाई कालोपत्रे भएको हुने |
| ३. | नदी तटीय सडक मार्गको निर्माण | पूर्वाधार निर्माण | ०८२/८३-०८४/८५ | ९००० | नदी तटीय सडक मार्गको निर्माण भएको हुने |
| ४. | गेरुवा चत्रपथको निर्माण | रणनीतिक सडक निर्माण | ०८२/८३-०८४/८५ | १०००० | गेरुवा चत्रपथको निर्माण भएको हुने |
| ५. | गेरुवा मुख्य सडक लिङ्क योजना कार्यान्वयन | सबै वडामा सडक सञ्जालीकरण | ०८२/८३-०८३/८४ | १००० | गेरुवा मुख्य सडक लिङ्क योजना कार्यान्वयन भएको हुने |
| ६. | बुढीकुलोमा बेलीबृज निर्माण | गुणस्तरीय पूर्वाधार निर्माण | ०८२/८३-०८४/८५ | २००० | बुढीकुलोमा बेलीबृज निर्माण भएको हुने |
| ७. | इन्टेक गोरङ्गे मोटरेवल पुल निर्माण | पूर्वाधार निर्माण | ०८२/८३-०८४/८५ | २५०० | इन्टेक गोरङ्गे मोटरेवल पुल निर्माण भएको हुने |
| ८. | सन्कट्टी घाट टिकापुर मोटरेवल पुल निर्माण | सडक सञ्जालीकरण | ०८२/८३-०८४/८५ | २००० | सन्कट्टी घाट टिकापुर मोटरेवल पुल निर्माण भएको हुने |
| ९. | ठाकुरद्वारा-मनाउघाट झोलुङ्गे पुल निर्माण | सडक सञ्जाल विस्तार | ०८२/८३-०८३/८४ | १५०० | ठाकुरद्वारा-मनाउघाट झोलुङ्गे पुल निर्माण भएको हुने |

### ५.४.६ जोखिम पक्ष तथा अनुमान

पालिका क्षेत्रका विशेषता र आवश्यकताका आधारमा सडक र हवाई पूर्वाधारको निर्माण हुने, सार्वजनिक स्थलमा विद्युत, शौचालय र प्रतिक्षालय निर्माण हुने, सडक पूर्वाधार निर्माणमा जस्तै मर्मत सम्भारका लागि पनि वार्षिक बजेट विनियोजन भएमा यातयातका पूर्वाधार निर्माण र प्रभावकारी सञ्चालनमा आउन सक्ने अनुमान गर्न सकिन्छ भने स्थानीयबासीको आवश्यकताको आधारमा रुटको निर्धारण, यातयात सञ्चालन, प्रभावकारी अनुगमन हुन नसकेमा यातायात क्षेत्रमा निर्धारित लक्ष्य हासिल नहुने जोखिम रहन्छ ।

## ५.५ आवास, भवन तथा बस्ती विकास

### ५.५.१ पृष्ठभूमी

मानव जीवनको आधारभूत आवश्यकताहरू मध्ये आवास पनि एक हो र नेपालको संविधानले पनि सुरक्षित तथा वातावारण मैत्री आवासको हकलाई प्रत्याभूति गरेको छ । गाउँपालिका भित्रका अधिकांश घरहरू कच्ची तथा अर्धपक्की अवस्थाका रहेका छन् । यहाँका न्यून घरहरुमात्र पक्की अवस्थामा रहनुले यस गाउँपालिकाका घरहरू भूकम्पीय तथा अन्य प्रकोप सुरक्षाको दृष्टिकोणले जोखिममुक्त अवस्थामा भने छैनन् । राष्ट्रिय जनगणना, २०७८ को तथ्याङ्क अनुसार यहाँ जम्मा ७,७६२ घरधुरी रहेकोमा घरको छानोको आधारमा जस्ता/टिन/च्यादरको छानो भएका परिवार सबैभन्दा बढी ५,६७१ अर्थात ७३.१ प्रतिशत रहेका छन् । दोस्रोमा सिमेन्ट ढलान गरिएको घर परिवार संख्या १,१८२ अर्थात १५.२ प्रतिशत रहेका छन् भने खर/पराल/छ्यालीको छानो भएका परिवार ४११ अर्थात ५.३ प्रतिशत रहेका छन् टायल/खपडा/झिगँटीको छानो भएका परिवार ४७८ अर्थात ६.२ प्रतिशत रहेका छन् । यसैगरी भुँइको आधारमा माटोको भूँई भएको घरधुरी संख्या सबैभन्दा बढी ५,५०४ अर्थात ७०.९ प्रतिशत रहेका छन् भने ढलानको भुँई भएका परिवार संख्या १,९४७ अर्थात २५.१ प्रतिशत रहेका छन् ।

### ५.५.२ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| सुरक्षित आवास, दीगो बस्ती विकास, समृद्ध जीवन |
| **लक्ष्य** |
| गाउँपालिका भित्रका आवास, सार्वजनिक भवन, तथा आवास क्षेत्रलाई सुरक्षित तथा भरपर्दो बनाउने । |
| **उद्देश्यहरू** |
| ✓ गाउँपालिका क्षेत्र भित्रका आवास, सार्वजनिक जग्गा तथा व्यवसायिक क्षेत्रलाई दीघकालीन योजना अन्तर्गत व्यवस्थित गर्नु । |

### ५.५.३ रणनीति

१. आवास तथा भूमि व्यवस्थापन सम्बन्धी योजना बनाउने ।
२. छरिएर रहेका तथा विपदको जोखिममा परेका बस्तीहरुलाई एकीकृत बस्ती निर्माण गरी स्थानान्तरण गर्दै लैजाने ।
३. घनाबस्ती रहेको स्थानमा बस्ती व्यवस्थित गर्ने ।

४. आवास तथा भवन निर्माणमा स्थानीय स्रोत र साधनको उच्चतम प्रयोग गर्ने ।

## ५.५.४ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | बस्ती विकास गुरुयोजना तयार | बस्ती व्यवस्थापन | ०८२/८३-०८३/८४ | १२०० | बस्ती विकास गुरुयोजना तयार भएको हुने |
| २. | आवास तथा भूमि व्यवस्थापन सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा | कानूनको निर्माण | ०८२/८३-०८४/८५ | ५०० | आवास तथा भूमि व्यवस्थापन सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा भएको हुने |
| ३. | वडा नं. १, ५, र ६ मा व्यवस्थित एकिकृत बस्ती विकास | बस्ती व्यवस्थापन | ०८२/८३-०८३/८४ | १००० | वडा नं. १, ५, र ६ मा व्यवस्थित एकिकृत बस्ती विकास भएको हुने |
| ४. | अतिविपन्न, लोपोन्मुख र सीमान्तकृत वर्गका परिवारका लागि सुरक्षित, किफायती र वातावरणमैत्री आवास निर्माण गर्न सुरक्षित नागरिक आवास कार्यक्रम | लक्षित वर्ग आवास निर्माण | ०८२/८३-०८२/८३ | ३०० | अतिविपन्न, लोपोन्मुख र सीमान्तकृत वर्गका परिवारका लागि सुरक्षित, किफायती र वातावरणमैत्री आवास निर्माण गर्न सुरक्षित नागरिक आवास कार्यक्रम सञ्चालन भएको हुने |
| ५. | ज्येष्ठ नागरिक, अपाङ्ग तथा विपद् व्यवस्थापनका लागि सुरक्षित सामाजिक आवास निर्माण | सुरक्षित आवास निर्माण | ०८२/८३-०८२/८३ | ३००० | ज्येष्ठ नागरिक, अपाङ्ग तथा विपद् व्यवस्थापनका लागि सुरक्षित सामाजिक आवास निर्माण भएको हुने |
| ६. | सार्वजनिक जमिनको अतिक्रमण रोक्न बहु तले व्यवसायिक आवास | पूर्वाधार विकास | ०८२/८३-०८४/८५ | ६०००० | सार्वजनिक जमिनको अतिक्रमण रोक्न बहु तले व्यवसायिक आवास निर्माण भएको हुने |
| ७. | विपदको जोखिममा रहेका बस्तीहरूको पहिचान र नक्साङ्कन | जोखिमयुक्त क्षेत्रको नक्साङ्कन | ०८२/८३-०८४/८५ | ३०० | विपद्को जोखिममा रहेका बस्तीहरूको पहिचान र नक्साङ्कन भएको हुने |
| ८. | एकीकृत आवास निर्माणका लागि वडास्तरमा सम्भावित स्थान पहिचान | एकीकृत तथा दिगो आवास निर्माण | ०८२/८३-०८२/८३ | ६०० | एकीकृत आवास निर्माणका लागि वडास्तरमा सम्भावित स्थान पहिचान भएको हुने |
| ९. | स्थानीय तह, निजी क्षेत्र तथा लक्षित वर्गको सहकार्यमा एकीकृत बस्ती निर्माण | सहभागितामूलक आवास निर्माण | ०८२/८३-०८४/८५ | ३००० | स्थानीय तह, निजी क्षेत्र तथा लक्षित वर्गको सहकार्यमा एकीकृत बस्ती निर्माण भएको हुने |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १०. | सामूहिक, सार्वजनिक तथा सरकारी भवन निर्माण | सार्वजनिक सेवा प्रवाहमा सहजता | ०८२/८३-०८४/८५ | ६००० | सामूहिक, सार्वजनिक तथा सरकारी भवन निर्माण भएको हुने |

#### ५.५.५ जोखिम पक्ष तथा अनुमान

अव्यवस्थित, असुरक्षित तथा जोखिमयुक्त अवस्थामा रहेका घरपरिवारलाई व्यवस्थित, सुविधा सम्पन्न, वातावरण मैत्री तथा सुरक्षित आवास सुनिश्चित गर्न दीर्घकालीन योजना निर्माण गर्न नसकिएमा संविधान प्रदत्त सुरक्षित आवासको हक तथा दिगो विकासको लक्ष्य कार्यान्वयन दुवै जोखिममा पर्ने सम्भावना रहन्छ ।

## ५.६ सूचना तथा सञ्चार

### ५.६.१ पृष्ठभूमी

नेपालको संविधानले सूचना तथा सञ्चार सम्बन्धी हकलाई मौलिक हकको रुपमा उल्लेख गरेको छ । राष्ट्रिय जनगणना, २०७८ को तथ्याङ्क अनुसार गाउँपालिकामा करिब ८५.७ प्रतिशत घरधुरीले विद्युतीय पंखा प्रयोग गर्ने गरेका छन् भने ८७ प्रतिशतले मोबाइल प्रयोग गर्ने गरेको छन् । यहाँका ६८.६ प्रतिशत घरधुरीले साइकल, ७१.२ प्रतिशत घरधुरीले टेलिभिजन, २७.२ प्रतितले रेडियोको प्रयोग गर्ने गरेका छन् भने २४.४ प्रतिशत घरधुरीले इन्टरनेट सुविधाको प्रयोग गर्ने गरेका छन् । गाउँपालिकाका सबै वडामा मोबाइल फोनको सुविधा छ । यहाँ केही वडाहरुमा तारसहितको ल्याण्डलाइन फोन सेवा, बजार क्षेत्रमा इन्टरनेट सेवा संचालनमा रहेको छ । गाउँपालिकालाई सूचना तथा प्रविधिमैत्री बनाउनका लागि पालिकाले सामाजिक सञ्जाल, वेवसाइट मार्फत पालिकाका सूचनाहरुलाई अद्यावधिक गर्ने कार्य सुरु गरेको छ ।

त्यसैगरी गाउँपालिकामा निजी क्षेत्रबाट विभिन्न इन्टरनेट सेवा प्रदायक संस्थाहरूले इन्टरनेट सेवा प्रदान गर्दै आएका भए तापनि वडाका सबै स्थानहरुमा इन्टरनेट प्रविधिको अवस्था कमजोर रहेकोले विस्तार र गुणस्तर सुधार गर्नु जरुरी छ ।

### ५.६.२ समस्या तथा चुनौती

गुणस्तरीय टेलिफोन र इन्टरनेट सेवामा सबै नागरिकको पहुँच वृद्धि गर्नु, सञ्चारका विभिन्न माध्यमको समयसापेक्ष विस्तार, सूचना तथा प्रविधिको प्रयोग सम्बन्धी जनचेतना अभिवृद्धि गर्नु, अनुगमन र नियमन गर्नु जस्ता समस्या र चुनौतीको विद्यमानता यस गाउँपालिकामा समेत रहेका छन् ।

### ५.६.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| सूचना तथा सञ्चार प्रविधी मैत्री गेरुवा गाउँपालिका |
| **लक्ष्य** |
| सूचना तथा सञ्चार विधिलाई भरपर्दो, विश्वसनीय एवं गुणस्तरीय रुपमा विकास गर्दै गाउँबासीको जीवनलाई सहज र सरल बनाउने । |

| उद्देश्यहरू |
| --- |
| ✓ गाउँपालिकाबासीमा सूचना तथा सञ्चार प्रविधिको पहुँचलाई सहज र सरल बनाउनु । |

## ५.६.४ रणनीति

१. गाउँपालिकालाई प्रविधिमैत्री पालिकाको रुपमा विकास गर्ने ।
२. सूचना प्रविधिका पूर्वाधारहरूको निर्माण गर्ने ।
३. गाउँपालिकाबासीमा आमसञ्चारको पहुँच विस्तार गर्ने ।
४. क्षमता अभिवृद्धिमूलक कार्यक्रम संचालन गर्ने ।

## ५.६.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
| --- | --- | --- | --- | --- | --- |
| १. | नेपाल टेलिकम र एनसेलसँग समन्वय गरी आवश्यक स्थानमा टावरहरू निर्माण | दुरसञ्चार पूर्वाधार निर्माण | ०८२/८३-०८३/८४ | ४०० | नेपाल टेलिकम र एनसेलसँग समन्वय गरी आवश्यक स्थानमा टावरहरू निर्माण भएको हुने |
| २. | गाउँपालिकाको आवश्यकता अनुरुप सूचना तथा सञ्चार नीति तर्जुमा | कानूनको निर्माण | ०८२/८३-०८४/८५ | ५०० | गाउँपालिकाको आवश्यकता अनुरुप सूचना तथा सञ्चार नीति तर्जुमा भएको हुने |
| ३. | आम जनतामा Digital Literacy बढाउन वडाहरूसँग सहकार्य मार्फत् तालिम र अभिमूखीकरण कार्यक्रम सञ्चालन | जनचेतना अभिवृद्धी | साल बसाली | ३५० | आम जनतामा Digital Literacy बढाउन वडाहरूसँग सहकार्य मार्फत् तालिम र अभिमूखीकरण कार्यक्रम सञ्चालन भएको हुने |
| ४. | हरेक सरकारी कार्यालयहरुमा र सामुदायिक भवनहरुमा सूचना प्रविधि पूर्वाधार विकास | प्रविधिमैत्री कर्मचारी प्रशासन र कार्यालय | ०८२/८३-०८३/८४ | २००० | हरेक सरकारी कार्यालयहरुमा र सामुदायिक भवनहरुमा सूचना प्रविधि पूर्वाधार विकास भएको हुने |
| ५ | सूचना प्रविधिसँग सम्बन्धित प्राविधिक जनशक्तिलाई तालिम | क्षमता अभिवृद्धि | ०८२/८३-०८२/८३ | ५०० | सूचना प्रविधिसँग सम्बन्धित प्राविधिक जनशक्तिलाई तालिम गराई उनीहरूको क्षमता अभिवृद्धि भएको हुने |
| ६ | निजी क्षेत्रसँगको सहकार्यमा आम सञ्चार पूर्वाधार निर्माण | सञ्चार क्षेत्रको विकासमा निजी क्षेत्रको योगदान | ०८२/८३-०८४/८५ | १००० | निजी क्षेत्रसँगको सहकार्यमा आम सञ्चार पूर्वाधार निर्माण भएको हुने |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ७. | स्थानीय स्तरमा सूचना तथा समाचार उत्पादन तथा प्रसारण | सुचनाको उत्पादन र खपत | साल बसाली | ३०० | स्थानीय स्तरमा सूचना तथा समाचार उत्पादन तथा प्रसारण भएको हुने |
| ८. | विद्युत प्राधिकरकणसँग सहकार्य | दुरसञ्चार र विद्युत प्राधिकरणबिच सेवा प्रवाहमा सहकार्य | ०८२/८३-०८३/८४ | ५०० | विद्युत प्राधिकरकणसँग सहकार्य भएको हुने |
| ९. | पालिकाको वेवसाइट अपडेट | सूचनामा सहज पहुँच | साल बसाली | २०० | पालिकाको वेवसाइट अपडेट भएको हुने |
| १०. | डिजिटल र स्मार्ट पालिकाको अभियानलाई निरन्तरता | स्मार्ट पालिका निर्माण | ०८२/८३-०८४/८५ | ३५० | डिजिटल र स्मार्ट पालिकाको अभियान निरन्तर भएको हुने |

## ५.६.६ जोखिम पक्ष तथा अनुमान

सूचना तथा सञ्चारका क्षेत्रमा भित्रिएका नवीनतम प्रविधिको प्रयोग गर्न सार्वजनिक र निजी सेवा प्रदायकबिच सहकार्य हुने, लक्षित वर्गमा सञ्चार सेवाको पहुँच विस्तार कार्यक्रम केन्द्रित हुने, गाउँपालिकाको वेवसाइट निरन्तर अद्यावधिक गरी सार्वजनिक सूचनामा पहुँच बढाउने, सञ्चारका माध्यमबाट प्रकाशन र प्रशारण हुने सामाग्रीको गुणस्तरीय विकासको लागि क्षमता अभिवृद्धि गर्ने जस्ता कार्य गरिएमा अपेक्षित उपलब्धि हासिल हुने अनुमान गर्न सकिन्छ भने आयोजना/कार्यक्रमलाई प्राथमिकिकरण तथा स्रोत साधनको उचित विनियोजन गर्न नसकिएमा अपेक्षित उपलब्धि हासिल नहुने जोखिम रहन्छ ।

### नतिजा सूचकहरु

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| **१.** | **खानेपानी तथा सरसफाई** | | | | |
| | असर | पाइपबाट वितरण गरिएको पानीमा पहुँच भएका परिवार (प्रतिशत) (प.दि.वि.ल. ६.१.१.१) | प्रतिशत | | |
| | असर | आधारभूत खानेपानी सेवामा पहुँच पुगेका जनसंख्या ( प.दि.वि.ल. ६.१.१.२) | प्रतिशत | | |
| | असर | प्रशोधित/सुरक्षित खानेपानीमा पहुँच पुगेको जनसंख्या | प्रतिशत | | |
| | असर | उन्नत सुधारिएका सरसफाई सम्बन्धी सुविधाहरू प्रयोग गर्ने परिवार जसले यस्ता सुविधाहरु अरुसँग साझेदारी गर्नुपर्दैन (प.दि.वि.ल. ६.२.१.१) | प्रतिशत | | |
| | असर | आधारभूत शौचालय प्रयोग गर्ने जनसंख्याको अनुपात ( प.दि.वि.ल. ६.२.१.२) | प्रतिशत | | |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| | असर | ढल प्रणालीहरु/उपयुक्त (Faecal Sludge Management) मा चर्पी जोडिएका परिवार(प.दि.वि.ल. ६.२.१.३) | प्रतिशत | | |
| | प्रतिफल | उपभोक्ता समितिमार्फत सञ्चालन गरिएका खानेपानी आयोजना | संख्या | | |
| | प्रतिफल | संरक्षणमा समेटिएका खानेपानी मुहान | संख्या | | |
| | असर | आधुनिक र सुविधा सम्पन्न शौचालय प्रयोग गर्ने घरपरिवार | प्रतिशत | | |
| | प्रतिफल | डस्टबिन प्रयोग गर्ने र फोहोरलाई वर्गीकरण गर्ने घरपरिवार | संख्या | | |
| | प्रतिफल | सामुदायिक हिसाबले संगठित रुपमा नियमित नगरघर तथा टोल सरसफाई कार्यक्रम संख्या (वार्षिक) | संख्या | | |
| **२.** | **सिँचाई** | | | | |
| | असर | खेतीयोग्य जमिनमध्ये सिंचाई सुविधा पुगेको भूमि | प्रतिशत | | |
| | असर | खेतीयोग्य जमिनमध्ये १२ महिना सिंचाई सुविधा पुगेको भूमि | प्रतिशत | | |
| | प्रतिफल | सिंचित क्षेत्रफल (हेक्टर)) | हेक्टर | | |
| **३.** | **उर्जा** | | | | |
| | असर | विद्युतमा पहुँच भएका जनसंख्या (प.दि.वि.ल. ७.१.१) | प्रतिशत | ९८.५** | १०० |
| | असर | वैकल्पिक तथा नविकरणीय उर्जा जस्तै सोलार प्रयोग गर्ने घरपरिवार | प्रतिशत | ०.९** | ३ |
| | असर | खाना पकाउनका निम्ति ऊर्जाको प्राथमिक स्रोतको रूपमा कोइला, दाउरा, गुइँठा लगायतका ठोस इन्धन प्रयोग गर्ने घरपरिवार (प.दि.वि.ल. ७.१.२.१) | प्रतिशत | ५९.८** | ४०.५ |
| | असर | खाना पकाउन एलपी ग्याँस प्रयोग गर्ने घरपरिवार (प.दि.वि.ल. ७.१.२.२) | प्रतिशत | २८.२** | ३५ |
| | असर | खाना पकाउन विद्युतीय चुलो प्रयोग गर्ने घरपरिवार | प्रतिशत | | |
| | | खाना पकाउन बैकल्पिक ऊर्जा प्रयोग गर्ने घरपरिवार | प्रतिशत | | |
| | असर | विद्युतीय सामग्रीमा हिटर, पंखा, एयर कन्डिसनर, वासिङ मेसिन प्रयोग गर्ने घरपरिवार | प्रतिशत | | |
| **४.** | **सडक तथा यातायात** | | | | |
| | असर | बाह्रै महिना सवारी साधन सञ्चालन योग्य सडकको २ कि.मि. दूरीभित्र बसोबास गर्ने घरपरिवार | प्रतिशत | | |
| | असर | घरबाट ३० मिनेटको पैदल यात्रामा सडकमा पहुँच भएका जनसंख्या | प्रतिशत | | |
| | असर | सडक घनत्व | कि.मि. | | |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| | प्रतिफल | गाउँपालिका केन्द्रबाट वडा केन्द्र जोड्ने कालोपत्रे सडकको लम्बाई | कि.मि | | |
| | प्रतिफल | गाउँपालिकाको सडकको जम्मा लम्बाई | कि.मि | | |
| | प्रतिफल | गाउँपालिकाको कालोपत्रे सडकको जम्मा लम्बाई | कि.मि | - | ५ |
| | प्रतिफल | गाउँपालिकाको ग्राभेल सडकको जम्मा लम्बाई | कि.मि | १००* | १५० |
| | प्रतिफल | गाउँपालिकाको धुले सडकको जम्मा लम्बाई | कि.मि | १५२* | २०० |
| | प्रतिफल | कृषि सडकको लम्बाई | कि.मि | | |
| | प्रतिफल | सडकहरुमा व्यवस्थित नाला निर्माण | कि.मि | | |
| | प्रतिफल | पुल तथा कल्भर्ट निर्माण | संख्या | ३* | ८ |
| | असर | आफ्नै निजी सवारी साधनमध्ये साइकल भएको घरधुरी संख्या | प्रतिशत | | |
| | असर | आफ्नै निजी सवारी साधनमध्ये मोटरसाइकल भएको घरधुरी संख्या | प्रतिशत | | |
| | असर | आफ्नै निजी सवारी साधनमध्ये कार, जिप, भ्यान भएको घरधुरी संख्या | प्रतिशत | | |
| **५.** | **आवास, भवन तथा बस्ती विकास** | | | | |
| | असर | झुपडीमा बस्ने परिवार | प्रतिशत | | |
| | असर | खर/पराल/पातले छाएको घरमा बस्ने परिवार | प्रतिशत | ५.३** | ३.५ |
| | असर | बाढी, डुबान तथा भूकम्पबाट सुरक्षित र सुविधायुक्त घरमा बस्ने परिवार | प्रतिशत | | |
| | असर | भूमिहीन तथा सुकुम्बासीको संख्या | प्रतिशत | | |
| | असर | एकीकृत आवासमा छुट्टाछुट्टै घरमा बस्ने परिवार | प्रतिशत | | |
| | असर | बहुतले आवास (अपार्टमेन्ट) मा बस्ने परिवार | प्रतिशत | | |
| **६.** | **सूचना तथा सञ्चार** | | | | |
| | असर | टेलिफोन तथा मोबाइल सेवामा पहुँच पुगेको घरपरिवार (साधारण/स्मार्ट फोन) | प्रतिशत | ९२* | १०० |
| | असर | इन्टरनेट प्रयोगकर्ता घरपरिवारको संख्या | प्रतिशत | २०* | ३५ |
| | असर | कम्प्युटर प्रयोगकर्ता संख्या | प्रतिशत | ४* | १० |
| | असर | टेलिभिजनको पहुँच पुगेका घरपरिवार संख्या | प्रतिशत | २८* | ३५ |

*स्रोत: *गाउँपालिकाको आवधिक योजना*

***राष्ट्रिय जनगणना २०७८*

# परिच्छेद - ६: वातावरण तथा विपद् व्यवस्थापन

## ६.१ वन तथा भू-संरक्षण

### ६.१.१ पृष्ठभूमी

गाउँपालिका आवधिक योजना २०७८/७९ बाट प्राप्त तथ्याङ्क अनुसार पालिकाको कूल क्षेत्रफल ७८.४१ वर्ग कि.मी. मध्ये ८.२८ प्रतिशत वन जंगल क्षेत्रले ओगटेको छ । यस गाउँपालिकामा सवै वडाहरुमा गरी जम्मा २५ वटा सामुदायिक वनहरु रहेका छन् । यहाँको वन जंगलमा पाईने प्रमुख रुखका प्रजातिहरुमा साल, सिसौ, सिमल, खयर, चाम्रो, करम, साज, तिल्के, असारे, अमला, बेल, कुसुम, पिपला, गिट्टा, मसला, टिक, आँप, लिच्ची, बाँस, पिपल, बर आदि रहेका छन् भने अन्य वनस्पतिमा निम, राजवृक्ष, बकाईनो आदि रहेका छन् भने चराचुरुङ्गीहरुमा कोइली, मैना, सुगा, ढुकुर, लुइँचे, गौथली, काग, भगेरा, मयुर, हुटिट्याउँ, हुचिल, जुरेली, भद्रायो, चिल, बाज, कोटेरा लगायतका चराचुरुङ्गीहरु पाउने गर्दछन् । बाढी, कटान र डुबान जस्ता प्राकृतिक प्रकोपबाट कुनै क्षेत्रलाई नष्ट हुनबाट रोक्ने वा बचाउने तथा पानीको आयतन र बहावलाई सामान्य स्थितिमा राख्ने वा पानीको बहावलाई धमिलो हुन नदिई स्वच्छता बनाई राख्ने कार्यलाई भू तथा जलाधार संरक्षण भनिन्छ । गाउँपालिकाको वातावरणलाई स्वच्छ बनाई वातावरणीय सन्तुलन कायम राख्न वातावरण तथा विपद् व्यवस्थापन समितिको गठन गरी वातावरण फोहोरमैला व्यवस्थापन, हरियाली प्रवर्द्धन, पानीको मुहान संरक्षण लगायतका विभिन्न कार्यहरु गर्नुपर्ने देखिन्छ ।

### ६.१.२ समस्या तथा चुनौती

इन्धनको प्रमुख श्रोतका रुपमा वन पैदावरको प्रयोग अत्याधिक हुनु, वन पैदावर र जडीबुटी संकलन तथा प्रयोगलाई आर्थिक समृद्धिको रुपमा परिचालन गर्न नसक्नु, सामुदायिक वनको आयस्रोत एवं क्रियाकलापलाई पारदर्शी एवं जवाफदेही बनाउन नसक्नु, मानिस, वातावरण र जंगली जनावरबिच सन्तुलित सम्बन्ध बनाउन नसक्नु जस्ता समस्या र चुनौती यस गाउँपालिकामा समेत रहेका छन् ।

### ६.१.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| वन र जलाधार : जीविकोपार्जनको आधार |
| **लक्ष्य** |
| गाउँपालिकालाई वातावरण सन्तुलित हरित क्षेत्रको रुपमा विकास गर्ने । |
| **उद्देश्यहरू** |
| ✓ वन तथा जैविक विविधतालाई आम्दानीमूलक दीगो स्रोतका रुपमा विकास गर्नु । |

### ६.१.४ रणनीति

१. सहकार्य तथा समन्वयको माध्यमबाट वन तथा जैविक विविधतालाई गाउँपालिकाको आम्दानीको स्रोतका रुपमा विकास गर्ने ।
२. वन क्षेत्रको दिगो व्यवस्थापन गर्ने ।
३. वन संरक्षण कार्यक्रमहरु सञ्चालन गर्ने ।

### ६.१.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | संकटापन्न वनस्पति संरक्षण कार्यक्रम | हरित क्षेत्रको विस्तार | ०८२/८३-०८२/८३ | ४०० | संकटापन्न वनस्पति संरक्षण कार्यक्रम संचालन भएको हुने |
| २. | वन, जैविक विविधता तथा प्राकृतिक स्रोतहरुको व्यवस्थापन गर्न आवश्यक नीति, मापदण्ड तयार | कानूनको निर्माण | ०८२/८३-०८३/८४ | ५०० | वन, जैविक विविधता तथा प्राकृतिक स्रोतहरुको व्यवस्थापन गर्न आवश्यक नीति, मापदण्ड तयार भएको हुने |
| ३. | हरियाली प्रवर्द्धन, बृक्षारोपण तथा वन विस्तार एवम् वातावरणमैत्री स्थानीय शासन सञ्चालन | हरित क्षेत्र प्रर्वद्धन | ०८२/८३-०८३/८४ | ८०० | हरियाली प्रवर्द्धन, बृक्षारोपण तथा वन विस्तार एवम् वातावरणमैत्री स्थानीय शासन सञ्चालन भएको हुने |
| ४. | वनमा आधारित उद्यमहरुको विकास | वन क्षेत्र प्रवर्द्धन | ०८२/८३-०८३/८४ | १५०० | वनमा आधारित उद्यमहरुको विकास भएको हुने |
| ५. | वन क्षेत्र कम भएका वडाहरुमा कृषि वनको विकास | वन संरक्षण | ०८२/८३-०८२/८३ | १००० | वन क्षेत्र कम भएका वडाहरुमा कृषि वनको विकास भएको हुने |
| ६. | फलफूल तथा अन्य बिरुवा उत्पादन र अनुदानमा वितरण | फलफूल तथा अन्य बिरुवा उत्पादनमा आत्मनिर्भर | ०८२/८३-०८३/८४ | १००० | फलफूल तथा अन्य बिरुवा उत्पादन र अनुदानमा वितरण भएको हुने |
| ७. | कटान संवेदनशील क्षेत्रको नक्साङ्कन तथा विवरण संकलन | पहिरोग्रस्त क्षेत्रको नक्साङ्कन | ०८२/८३-०८२/८३ | १०० | कटान संवेदनशील क्षेत्रको नक्साङ्कन तथा विवरण संकलन भएको हुने |
| ८. | दिगो वन व्यवस्थापन सम्बन्धी तालिम | दिगो वन व्यवस्थापन सम्बन्धी ज्ञान, सीप र क्षमतामा वृद्धि | ०८२/८३-०८२/८३ | ४०० | दिगो वन व्यवस्थापन सम्बन्धी तालिम संचालन भएको हुने |
| ९. | Agro forestry का सम्बन्धमा विज्ञसँग परामर्श | वन व्यवस्थापन | ०८२/८३-०८२/८३ | ३०० | Agro forestry का सम्बन्धमा विज्ञसँग परामर्श भएको हुने |
| १०. | वडास्तरीय नर्सरी स्थापना | विभिन्न प्रजातिका बोटबिरुवाको उत्पादन र वितरण | ०८२/८३-०८४/८५ | १००० | वडास्तरीय नर्सरी स्थापना भएको हुने |

### ६.१.६ जोखिम पक्ष तथा अनुमान

निजी वन प्रवर्द्धनलाई प्रोत्साहन, हरित क्षेत्र विस्तारको लागि बोटबिरुवाको बेर्ना वितरण, नदीजन्य कटान रोक्नका लागि तारजाली व्यवस्थापन, बायो इन्जिनियरिङ विधि अवलम्बन गरी निर्माण जस्ता कार्य गर्न

सकिएमा वन तथा भू-संरक्षण गर्न सकिन्छ। पर्यावरणीय सन्तुलनलाई ख्याल नगरी विकास निर्माणका कार्य गरिएमा प्राकृतिक सन्तुलन बिग्रन गई प्राकृतिक विपद् आउने जोखिम रहन्छ।

## ६.२ जलाधार व्यवस्थापन

### ६.२.१ पृष्ठभूमी

नेपाल जलस्रोतको धनी राष्ट्रका रुपमा संसारमा परिचित छ। यस गाउँपालिका पनि जलस्रोत तथा जलाधार क्षेत्रमा सम्पन्न छ। यस गाउँपालिकाका महत्वपूर्ण जलाधार क्षेत्रहरूको संरक्षण तथा सम्बर्द्धन गरी पारिस्थितिक सन्तुलन कायम राख्न र गाउँपालिकालाई आर्थिक समृद्धितर्फ लैजान जरुरी छ। गाउँपालिकाको आवधिक योजना बाट प्राप्त तथ्यांक अनुसार यहाँ रहेका मुख्य जलस्रोतहरुमा गेरुवा नदी, बुढी कुलो, खुटेहना कूलो, चारगाउँ कूलो लगायतका महत्वपूर्ण जलाधार क्षेत्रका रूपमा रहेका छन्। वातावरण तथा हरियाली प्रवर्द्धन गरी वातावरणको सन्तुलन कायम राखी जलाधार संरक्षण गर्नका लागि गाउँपालिकाले सडकपेटी, नदी किनार तथा सार्वजनिक जग्गाहरुमा बृक्षारोपण गर्ने कार्य सञ्चालन गर्न जरुरी देखिन्छ।

### ६.२.२ समस्या तथा चुनौती

जलाधार क्षेत्र संरक्षण, वैज्ञानिक जलाधार व्यवस्थापन, पिउने पानी, कृषि र अन्य प्रयोजनको जलश्रोतको बहुउपयोगको व्यवस्थापन, मानवीय चेतना वृद्धि लगायतका कार्यमा दीर्घकालीन सोच र लगानी लगायतका समस्या र चुनौती रहेको छ।

### ६.२.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| गाउँपालिकाको जल सम्पदालाई उच्चतम सदुपयोग गरी दिगो विकास हासिल |
| **लक्ष्य** |
| गाउँपालिकाको जलाधार क्षेत्रको दिगो संरक्षण गरी जल सम्पदामा आत्मनिर्भर बन्ने। |
| **उद्देश्यहरू** |
| ✓ जलाधार क्षेत्रको प्रभावकारी व्यवस्थापन गरी आर्थिक समृद्धि हासिल गर्नु। |

### ६.२.४ रणनीति

१. सिमसार तथा जलाधार क्षेत्रको संरक्षण र सम्वर्द्धन गर्ने।
२. जलाधार क्षेत्रको दीर्घकालीन व्यवस्थापन गर्ने।
३. जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने।

## ६.२.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | जलस्रोत तथा जलाधार क्षेत्रको विस्तृत विवरण तयार | जलस्रोत तथा जलाधार क्षेत्रको अद्यावधिक तथ्याङ्क उपलब्ध | ०८२/८३-०८२/८३ | ४०० | जलस्रोत तथा जलाधार क्षेत्रको विस्तृत विवरण तयार भएको हुने |
| २. | स्थानीय जलाधार क्षेत्र संरक्षण नियमावली तयार | कानूनको तर्जुमा | ०८३/८४-०८३/८४ | १०० | स्थानीय जलाधार क्षेत्र संरक्षण नियमावली तयार भएको हुने |
| ३. | विशेष जलाधार क्षेत्र संरक्षण कार्यक्रम | जलाधार क्षेत्र संरक्षण | साल बसाली | ५०० | विशेष जलाधार क्षेत्र संरक्षण कार्यक्रम संचालन भएको हुने |
| ४. | सिमसार क्षेत्रमा डाले तथा बहुवर्षीय घाँसखेतीको विकास | जलाधार संरक्षण | ०८२/८३-०८२/८३ | १००० | सिमसार क्षेत्रमा डाले तथा बहुवर्षीय घाँसखेतीको विकास भएको हुने |
| ५. | जलाधार क्षेत्र संरक्षण कार्यक्रम | जनचेतना अभिवृद्धि | साल बसाली | २५० | जलाधार क्षेत्र संरक्षण कार्यक्रम सञ्चालन भएको हुने |
| ६. | पोखरीहरू निर्माण तथा पुर्नउत्थान कार्यक्रम | पालिकाको सौन्दर्य वृद्धि र बहुउपयोग | साल बसाली | १००० | पोखरीहरू निर्माण तथा पुर्नउत्थान कार्यक्रम संचालन भएको हुने |
| ७. | बृक्षारोपण कार्यक्रम | वनजंगल संरक्षण र व्यवस्थापन | साल बसाली | १५०० | बृक्षारोपण कार्यक्रम संचालन भएको हुने |
| ८. | निजी क्षेत्रको संलग्नतामा जलाधार क्षेत्र उपयोग गरी आर्थिक दिगो पर्यटन, कृषि र उद्योग क्षेत्रका कार्यक्रम संचालन गर्न अन्तरक्रिया | जलाधार क्षेत्रको बहुपयोग | ०८२/८३-०८३/८४ | १०० | निजी क्षेत्रको संलग्नतामा जलाधार क्षेत्र उपयोग गरी आर्थिक दिगो पर्यटन, कृषि र उद्योग क्षेत्रका कार्यक्रम संचालन गर्न अन्तरक्रिया भएको हुने |
| ९. | जनचेतनामूलक कार्यक्रम सञ्चालन | बहुसरोकारवाला निकाय र व्यक्ति सचेत | साल बसाली | २०० | जनचेतनामूलक कार्यक्रम सञ्चालन भएको हुने |

## ६.२.६ जोखिम पक्ष तथा अनुमान

जलाधार क्षेत्रको नक्साङ्कन र संरक्षण, खाली तथा प्रयोगहीन जमिनमा बृक्षारोपण, प्राकृतिक पोखरीको संरक्षण र कृत्रिम पोखरीको निर्माण, जलाधार क्षेत्रको संरक्षण र बहुउपयोग सम्बन्धी कार्यक्रम सञ्चालन गर्न सकेमा जलाधार क्षेत्रको संरक्षण हुन जान्छ। जलाधार क्षेत्रको अतिक्रमण, अव्यवस्थित फोहोरमैला र सचेतनाको अभावमा जलाधार क्षेत्र विनाश हुँदै जाने जोखिम रहन्छ।

## ६.३ विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन

### ६.३.१ पृष्ठभूमी

भौगोलिक जटिलताका कारण नेपाल प्राकृतिक प्रकोपको उच्च जोखिम क्षेत्रमा रहेको छ । नेपालमा वर्षेनी प्राकृतिक प्रकोपका कारण ठूलो मात्रामा जनधनको क्षति हुने गरेको छ । नेपालमा वि.सं. २०७२ सालको महाभूकम्पको पीडा अझै ताजा नै छ । यस गाउँपालिका पनि प्राकृतिक प्रकोपको दृष्टिकोणले संवेदनशील अवस्थामा रहेको छ । यस गाउँपालिकामा विशेषगरी बाढी, डुवान, नदी कटान, हावाहुरी, असिना, चट्याङ, जस्ता प्राकृतिक प्रकोपहरु देखापर्दै आइरहेका छन् । यस्ता प्रकोपहरु सामान्यतया पूर्ण नियन्त्रण गर्न नसके पनि प्रभाव न्यूनीकरणका उपायहरु अवलम्बन गरी जनधनको क्षतिलाई न्यूनीकरण गर्न सकिन्छ । यसका लागि गाउँपालिकाले विपद् व्यवस्थापन पूर्व तयारी तथा प्रतिकार्य योजना तयार पारी लागु गर्नु आवश्यक हुन्छ ।

### ६.३.२ समस्या तथा चुनौती

जलवायु परिवर्तनजन्य प्राकृतिक प्रकोप न्यूनीकरण, नदी कटान र भू-क्षय नियन्त्रण, व्यवस्थित र प्रणालीबद्ध मानव बस्ती विकास र शहरीकरण, विषादीजन्य र किटनाशक औषधीको प्रयोग सम्बन्धी सचेतना वृद्धि, प्राविधिक अध्ययन विना जथाभावी विकास संरचना निर्माण गर्नु, विकास निमार्ण कार्यलाई पर्यावरणमैत्री बनाई दिगो विकास लक्ष्य प्राप्तिमा सहजीकरण लगायतका समस्या र चुनौतीको विद्यमानता रहेको छ ।

### ६.३.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| विपद् व्यवस्थापनको प्रभावकारी संयन्त्र निर्माण गरी जनधनको क्षति न्यूनीकरण |
| **लक्ष्य** |
| विपद् जोखिम न्यूनीकरण तथा प्रतिकार्य योजना लागू गरी पूर्णत कार्यान्वयन गर्ने । |
| **उद्देश्यहरू** |
| ✓ प्राकृतिक तथा गैर प्राकृतिक विपद्बाट हुने क्षति न्यूनीकरण गर्नु ।<br>✓ विपद् व्यवस्थापनको प्रभावकारी कार्यान्वयन गर्नु । |

### ६.३.४ रणनीति

१. विपद् जोखिम क्षेत्र नक्साङ्कन गर्ने ।
२. गाउँपालिकास्तरीय विपद् व्यवस्थापनको योजना बनाई कार्यान्वयन गर्ने ।
३. विपद् पूर्वानुमान तथा पूर्व चेतावनी प्रणाली प्रभावकारी बनाउने ।
४. जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

## ६.३.५ कार्यक्रमको विस्तृत विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | उच्च जोखिम क्षेत्रहरूको नक्साङ्कन | नक्साङ्कनको आधारमा सुरक्षित बस्ती विकास | ०८२/८३-०८२/८३ | ४०० | उच्च जोखिम क्षेत्रहरूको नक्साङ्कन भएको हुने |
| २. | पालिका र वडास्तरीय विपद् व्यवस्थापन समिति गठन तथा योजना निर्माण | विपद् पूर्व तयारी | ०८२/८३-०८३/८४ | ५०० | पालिका र वडास्तरीय विपद् व्यवस्थापन समिति गठन तथा योजना निर्माण गरिएको हुने |
| ३. | विपद् व्यवस्थापन र जोखिम न्यूनीकरण कोष निर्माण | विपद् क्षति न्यूनीकरण | ०८२/८३-०८३/८४ | ५०० | विपद् व्यवस्थापन र जोखिम न्यूनीकरण कोष निर्माण भएको हुने |
| ४. | विपद् व्यवस्थापनको लागि दमकल लगायतका पूर्वाधार व्यवस्थापन | विपद् पूर्व तयारी | ०८२/८३-०८२/८३ | १००० | विपद् व्यवस्थापनको लागि दमकल, दमकल लगायतका पूर्वाधार व्यवस्थापन |
| ५. | विपद् पूर्वानुमान तथा चेतावनी सुचना प्रणालीको प्रभावकारी सञ्चालन | प्रविधिको प्रयोगबाट विपद्बाट हुने क्षति न्यूनीकरण | ०८२/८३-०८२/८३ | ३०० | विपद् पूर्वानुमान तथा चेतावनी सुचना प्रणालीको प्रभावकारी सञ्चालन भएको हुने |
| ६. | विपद् सम्बन्धी पूर्व सूचना सम्प्रेषण | विपद् क्षति न्यूनीकरण | ०८२/८३-०८३/८४ | २०० | विपद् सम्बन्धी पूर्व सूचना सम्प्रेषण भएको हुने |
| ७. | बीमा योजनामा अनुदान | गरीबलाई प्रोत्साहन | ०८२/८३–०८२/८३ | ९०० | बीमा योजनामा अनुदान प्रदान भएको हुने |
| ८. | विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण | पूर्वतयारी | ०८३/८४-०८३/८४ | ३०० | विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण भएको हुने |
| ९. | वडा स्तरीय विपद् व्यवस्थापन संयन्त्र निर्माण | विपद् न्यूनीकरण | ०८२/८३-०८२/८३ | २५० | वडा स्तरीय विपद् व्यवस्थापन संयन्त्र निर्माण भएको हुने |
| १०. | खुल्ला स्थान तय गरी पूर्वाधार निर्माण | विपद् क्षति न्यूनीकरण | ०८२/८३-०८३/८४ | २२०० | खुल्ला स्थान तय गरी पूर्वाधार निर्माण भएको हुने |

### ६.३.६ जोखिम पक्ष तथा अनुमान

विपद्को पूर्व सूचना प्रणालीको स्थापना, पूर्व तयारीका कार्यक्रम, राहत, उद्धार तथा पुर्नस्थापना कोष जस्ता आधारभूत कार्यक्रम सञ्चालन गर्न नसकिएमा उपलब्धि हासिल नहुने जोखिम रहन्छ ।

## ६.४ वातावरण संरक्षण

### ६.४.१ पृष्ठभूमी

हाम्रो वरपर रहेका प्राकृतिक अवयवहरू जस्तै वायुमण्डल, भूमि, जल, वनजंगल, वनस्पति, जीवजन्तु र प्राकृतिक जीवनचक्र, जलवायु तथा मौसम आदिको अन्तरक्रिया र समग्रताले सिर्जना गरेका भौतिक अवस्थालाई वातावरण भनिन्छ। वातावरण संरक्षण भनेको सम्पूर्ण वातावरणीय अवयवहरूको एकीकृत संरक्षणको पाटो हो । यसमा समग्रमा जल, जमिन, जंगल, वायुमण्डल र हाम्रो वरपरको सेरोफेरोलाई स्वच्छ, सफा र सन्तुलित राख्ने विषय आउँछ। वातावरण प्रदुषणले मानिसमा विभिन्न किसिमका रोगहरू निम्त्याउँछ । नेपालको संविधानमा प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक हुनेछ भनी मौलिक हकको रुपमा उल्लेख गरिएको छ । मौलिक हकको प्रत्याभूति दिलाउनका लागि गाउँपालिकाले फोहोरलाई स्रोतमै वर्गीकरण गरी सकेसम्म कम फोहोर उत्पादन गर्ने, वातावरणमैत्री सामाग्रीहरुको मात्र प्रयोग गर्ने र अभियानको थालनी गरेको छ । पालिकाले फोहोरमैलाको दिगो व्यवस्थापनको लागि डम्पीङ/ल्याण्डफिल्ड साइटको उचित व्यवस्था नभएता पनि स्थानीय स्तरबाट कुहिने र नकुहिने फोहोर छुट्याइ फोहोरलाई मोहरमा बदल्ने प्रयास गरिरहेको छ ।

### ६.४.२ समस्या तथा चुनौती

वातावरण र विकास बिच सन्तुलन कायम गर्नु, पर्यावरणमैत्री कृषि प्रणालीको अवलम्बन, प्रदुषकले क्षति व्यहोर्ने पद्धतिको कार्यान्वयन गराउनु, फोहर व्यवस्थापनका लागि ल्याण्डफिल्ड साइटको व्यवस्था, फोहोरको वर्गीकरण तथा पुन: प्रयोग, सामाजिक उत्तरदायित्व अन्तर्गत गाउँपालिका क्षेत्रभित्रका उद्योग, कलकारखानालाई सामाजिक पुन: उत्थानका कार्यक्रममा उत्प्रेरित गर्नुपर्ने जस्ता समस्या र चुनौती वातावरण संरक्षणका क्षेत्रमा यस गाउँपालिकामा समेत रहेका छन् ।

### ६.४.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| स्वच्छ, सफा, हराभरा हाम्रो गेरुवा |
| **लक्ष्य** |
| गाउँपालिकालाई वातावरणमैत्री नमूना हरित क्षेत्रका रुपमा विकास गर्ने । |
| **उद्देश्यहरू** |
| ✓ वातावरणीय स्वच्छता कायम राख्नु ।<br>✓ जल, जमिन, वायु र ध्वनी प्रदुषण नियन्त्रण गर्नु । |

## ६.४.४ रणनीति

१. वातावरणीय स्वच्छतालाई दीगो रुपमा व्यवस्थापन गर्न समुदायसँगको सहकार्यलाई जोड दिने ।
२. प्रदुषण नियन्त्रणका लागि मापदण्ड बनाई लागू गर्ने ।
३. समुदाय वा टोलस्तरमा नियमित सरसफाई तथा शौचालय निर्माण अभियान सञ्चालन गर्ने ।
४. ऐतिहासिक तथा सार्वजनिक स्थलहरुको दिगो विकास र संरक्षण गर्ने ।

## ६.४.५ कार्यक्रमको विस्तृत विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | प्लाष्टिक तथा टायर, ट्यूब जलाउन निषेध अभियान | पर्यावरण संरक्षण | साल बसाली | १५० | प्लाष्टिक तथा टायर, ट्यूब जलाउन निषेध अभियान संचालन भएको हुने |
| २. | फोहरमैला व्यवस्थापन आयोजना निर्माण | वातावरण संरक्षण | ०८२/८३-०८३/८४ | ३०० | फोहरमैला व्यवस्थापन आयोजना निर्माण भएको हुने |
| ३. | गोवर ग्याँस, सुधारिएको चुलो, विद्युतीय चुलो जस्ता कम खर्चिला तथा वातावरणीय रुपमा अनुकूल प्रविधिको प्रयोग | पर्यावरण संरक्षण | ०८२/८३-०८२/८३ | ८०० | गोवर ग्याँस, सुधारिएको चुलो, विद्युतीय चुलो जस्ता कम खर्चिला तथा वातावरणीय रुपमा अनुकूल प्रविधिको प्रयोग भएको हुने |
| ४. | मरेका चौपायाहरू व्यवस्थापन गर्ने स्थान निर्माण | फोहोरमैला व्यवस्थापन | ०८२/८३-०८३/८४ | ८०० | मरेका चौपायाहरू व्यवस्थापन गर्ने स्थान निर्माण भएको हुने |
| ५. | ठूला उद्योग सञ्चालन मापदण्ड तयार | कानूनको निर्माण | ०८२/८३-०८३/८४ | १०० | ठूला उद्योग सञ्चालन मापदण्ड तयार भएको हुने |
| ६. | भू-संरक्षण योजना कार्यान्वयन | भू-संरक्षण | ०८२/८३-०८२/८३ | ३०० | भू-संरक्षण योजना कार्यान्वयन भएको हुने |
| ७. | एकीकृत संरक्षण योजना निर्माण | पर्यावरणीय, सामाजिक, सांस्कृतिक धरोहरको संरक्षण | ०८२/८३-०८२/८३ | ३०० | एकीकृत संरक्षण योजना निर्माण भएको हुने |
| ८. | एक वडा एक हरित पार्कहरूको निर्माण | हरियाली प्रवर्द्धन | ०८२/८३–०८४/८५ | ४५०० | एक वडा एक हरित पार्कहरूको निर्माण भएको हुने |

## ६.४.६ जोखिम पक्ष तथा अनुमान

वातावरण संरक्षण सम्बन्धी जनचेतनाको कमी, नदीजन्य तथा खानीजन्य पदार्थको अधिक दोहन, दीर्घकालीन असरको अध्ययन नगरी सञ्चालन गरिने विकास निर्माणका कार्यले पृथ्वीबाट मानव लगायत अन्य प्राणीको पनि लोप हुने जोखिम रहन्छ ।

### नतिजा सूचकहरु

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| १. | **वन तथा भू-संरक्षण** | | | | |
| | असर | वनले ओगटेको कुल क्षेत्र (प्रतिशत) (प.दि.वि.ल. १५.१.१) | प्रतिशत | ८.२८* | १२ |
| | असर | सामुदायिक वनले ओगटेको क्षेत्र (प्रतिशत) (प.दि.वि.ल. १५.१.१.१) | प्रतिशत | | |
| | प्रतिफल | वृक्षारोपण गरिएको क्षेत्र (प.दि.वि.ल. १५.२.१.२) | हेक्टर | | |
| | प्रतिफल | वनस्पति उद्यान | संख्या | | |
| | असर | वैज्ञानिक व्यवस्थापन प्रणाली लागु वनको क्षेत्र | प्रतिशत | | |
| | असर | जडीबुटी तथा फलफूल खेतीले ओगटेको सामुदायिक वनको क्षेत्र | प्रतिशत | | |
| | असर | मिचाहा प्रजातिका बिरुवाहरुले ओगटेको वनको क्षेत्र ( प्रतिशत) | प्रतिशत | | |
| | असर | संकटापन्न अवस्थामा रहेका औषधिको रुपमा प्रयोग हुने वनस्पतिहरु | प्रतिशत | | |
| | असर | अनुत्पादक झाडी, बुट्यान क्षेत्र मध्ये उत्पादनशील वनमा परिणत भएको क्षेत्र | | | |
| | असर | संकटापन्न घोषणा भएका वनस्पतिको संख्या | प्रतिशत | | |
| | असर | संकटापन्न घोषणा भएका वन्यजन्तुको संख्या | प्रतिशत | | |
| | प्रतिफल | सामुदायिक वनभित्र निर्मित पोखरी संख्या | संख्या | | |
| | असर | बायो इन्जिनियरिङ्ग प्रविधिको प्रयोग गरी भू-संरक्षण गरिएका स्थानहरूको संख्या | प्रतिशत | | |
| | असर | सामुदायिक बनको संख्या | संख्या | २५* | २९ |
| २. | **जलाधार व्यवस्थापन** | | | | |
| | असर | ताल, सिमसार र तलाउ/पोखरीहरुको संख्या (प.दि.वि.ल. १५.१.२.२) | प्रतिशत | २* | ५ |
| | असर | संकटासन्न तालहरु/पोखरीहरु (प.दि.वि.ल. १५.४.१.१) | प्रतिशत | | |
| | प्रतिफल | संरक्षित सिमसार क्षेत्र | संख्या | | |
| | प्रतिफल | वर्षातको पानी संकलन गर्न निर्माण गरिएका नमुना पोखरी संख्या | संख्या | | |
| | प्रतिफल | परम्परागत जैविक विधि अपनाई संरक्षण गरिएका पानीको मुहानहरुको संख्या | संख्या | | |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| | प्रतिफल | संकटमा परी पुनरुत्थान गरिएका पानीका मुहानको संख्या | संख्या | | |
| | प्रतिफल | वनजंगल भित्र रहेका पोखरीहरुको संख्या | संख्या | | |
| | प्रतिफल | संकटयुक्त अर्थात् सुख्खाका कारण सुक्ने खतरामा रहेका नदीहरूको संख्या | संख्या | | |
| | प्रतिफल | संकटयुक्त अर्थात् सुख्खाका कारण सुक्ने खतरामा रहेका पानीका मुहानहरुको संख्या | संख्या | | |
| | प्रतिफल | संकटयुक्त अर्थात् सुख्खाका कारण सुक्ने खतरामा रहेका सिमसार क्षेत्रको संख्या | संख्या | | |
| | असर | नयाँ निर्माण गरिएका पोखरी, ताल वा अन्य जलक्षेत्रले ओगटेको क्षेत्र | प्रतिशत | | |
| ३. | **विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन** | | | | |
| | प्रतिफल | विपद्को कारण ज्यान गुमाउनेको संख्या (प.दि.वि.ल. ११.५.१.१) | संख्या | | |
| | प्रतिफल | विपद्को कारण घाइते हुनेको संख्या (प.दि.वि.ल. ११.५.१.२) | संख्या | | |
| | असर | विपद्बाट प्रभावित घरपरिवार | प्रतिशत | | |
| | प्रतिफल | विपद्को बेला भेला हुने स्थानको संख्या | संख्या | | |
| | प्रतिफल | दमकल संख्या | संख्या | १* | २ |
| | प्रतिफल | एक्सकाभेटर संख्या | संख्या | | |
| | प्रतिफल | विपद् पूर्वसंकेत दिन जडित उपकरणहरूको संख्या | संख्या | | |
| | असर | भूकम्प प्रतिरोधी घरको प्रतिशत | प्रतिशत | | |
| | प्रतिफल | जलवायु परिवर्तन अनुकूलन योजना अन्तर्गत समुदायस्तरमा कार्यान्वयन भएका कार्यक्रमहरूको संख्या (प.दि.वि.ल. १३.२.१) | संख्या | | |
| | प्रतिफल | जलवायु अनुकूलनका वनस्पति तथा बालीनालीको संख्या | संख्या | | |
| | असर | जलवायु परिवर्तनसम्बन्धी शिक्षा समावेश गरेका विद्यालयहरूको संख्या (प.दि.वि.ल. १३.३.१.१) | प्रतिशत | | |
| | प्रतिफल | जलवायुका असरलाई कम गर्ने कार्यमा तालिम प्राप्त व्यक्तिहरूको संख्या | संख्या | | |
| ४. | **वातावरण संरक्षण** | | | | |
| | प्रतिफल | नव हरित क्षेत्रको संख्या | संख्या | | |
| | प्रतिफल | वातावरणीय संवेदनशील क्षेत्रहरूको संख्या | संख्या | | |
| | प्रतिफल | सडक सौन्दर्यीकरण | कि.मि. | | |

*स्रोत: *गाउँपालिकाको आवधिक योजना*

# परिच्छेद - ७: संस्थागत विकास सेवा प्रवाह तथा सुशासन

## ७.१ सुशासन तथा सेवा प्रवाह

### ७.१.१ पृष्ठभूमि

गाउँपालिकाबासीलाई चुस्त, पारदर्शी तथा सुविधाजनक सेवा प्रवाह गर्नु गाउँपालिकाको पहिलो दायित्व हो । सही सूचना तथा जानकारी प्राप्त नहुँदा सेवाग्राहीले पटक पटक दुःख पाउने अवस्था आउँछ भने पालिकाप्रति जनविश्वास पनि घट्न जान्छ । गाउँपालिकाले कर्मचारी तथा जनप्रतिनिधिहरूको क्षमता अभिवृद्धि तालिम, नागरिक भेला, सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, अनुगमन तथा नियन्त्रण कार्यप्रणालीलाई चुस्त, व्यवस्थित तथा पारदर्शी बनाउनु आवश्यक छ ।

### ७.१.२ समस्या तथा चुनौती

प्रशासनिक र वित्तीय उत्तरदायित्व प्रवर्द्धन गर्नु, निर्वाचित र मनोनित पदाधिकारी तथा कर्मचारीको आचरण र अनुशासन कायम गर्नु, सेवा प्रवाह सरल, सुलभ र गुणस्तरीय बनाउनु, नागरिक शिक्षा र राजनीतिक चेतनाको विकास र विस्तार गर्नु, विविधता, प्रविधिमैत्री र समावेशी शासनको प्रवर्द्धन तथा सहभागितात्मक शासन पद्धतिको अवलम्बन गर्नु चुनौतीपूर्ण कार्यको रुपमा रहेको छ ।

### ७.१.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| सेवा प्रवाहलाई पारदर्शी, प्रविधिमैत्री, जवाफदेही, परिणाममूखी, नागरिक मैत्री बनाउने |
| **लक्ष्य** |
| चुस्त र प्रविधिमैत्री प्रशासनिक संरचना, पारदर्शी र मितव्ययी सेवा प्रवाह, दिगो र फराकिलो वित्तीय स्रोत व्यवस्थापन तथा प्रभावकारी योजना व्यवस्थापन सहितको गाउँपालिका निर्माण गर्ने । |
| **उद्देश्यहरू** |
| ✓ गाउँपालिकाको प्रशासनिक संरचनालाई प्रविधिमैत्री, पारदर्शी र मितव्ययी बनाउनु ।<br>✓ गाउँपालिकाको जनशक्तिको क्षमता अभिवृद्धि गर्नु । |

### ७.१.४ रणनीति

१. प्रशासनिक संयन्त्रको सेवा प्रवाहको प्रक्रियालाई पारदर्शी तथा जवाफदेही बनाउने नीतिगत व्यवस्था गर्ने ।
२. "स्मार्ट कर्मचारी प्रशासन" को संरचनात्मक व्यवस्था र जनप्रतिनिधि र कर्मचारीको क्षमता वृद्धी गर्ने ।
३. समावेशी सहभागीतामूलक योजना तर्जुमा प्रक्रिया, सामाजिक उत्तरदायित्व तथा जवाफदेहीताका विधिहरुको कार्यान्वयनलाई संस्थागत गर्ने ।

### ७.१.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | गाउँपालिकामा आवश्यक नीति तथा कानून तर्जुमा | कानूनको निर्माण | ०८२/८३-०८४/८५ | ५०० | गाउँपालिकामा आवश्यक नीति तथा कानून तर्जुमा भएको हुने |
| २. | विद्युतीय शासन पद्धतिको प्रभावकारी कार्यान्वयन | सेवाको प्रभावकारिता वृद्धि | ०८२/८३-०८४/८५ | ८०० | विद्युतीय शासन पद्धतिको प्रभावकारी कार्यान्वयन भएको हुने |
| ३. | परिवर्तित अवस्थालाई वैज्ञानिक विश्लेषण गरि संगठन संरचना अध्ययनका आधारमा जनशक्ति व्यवस्थापन | प्रभावकारी सेवा | ०८२/८३-०८२/८३ | १००० | परिवर्तित अवस्थालाई वैज्ञानिक विश्लेषण गरि संगठन संरचना अध्ययनका आधारमा जनशक्ति व्यवस्थापन भएको हुने |
| ४. | नियमित नागरिक सन्तुष्टि सर्वेक्षण | सेवा प्रवाहको प्रभावकारीता मापन | ०८२/८३-०८४/८५ | ८०० | नियमित नागरिक सन्तकाुष्टि सर्वेक्षण भएको हुने |
| ५. | घुम्ती स्थानीय सरकार कार्यक्रम | सार्वजनिक सेवामा सहज पहुँच | साल बसाली | १५०० | घुम्ती स्थानीय सरकार कार्यक्रम संचालन भएको हुने |

### ७.१.६ जोखिम पक्ष तथा अनुमान

नैतिक मूल्य मान्यताको स्खलन, भ्रष्टाचार, वित्तीय विश्रृङखलता, अपारदर्शीता, दण्डहीनता, जनउत्तरदायी व्यवहार, जनगुनासोको सम्बोधन गर्ने संयन्त्रको अभावमा सार्वजनिक प्रशासनलाई क्षयीकरण गर्ने, विकृति मौलाउने, समाजमा धनी र गरीब बिचको असमानता अझ गहिरो हुँदै जाने जोखिम रहन्छ ।

## ७.२ मानव अधिकार तथा सामाजिक न्याय

### ७.२.१ पृष्ठभूमि

मानवियता, मानवहित र सामाजिक न्यायका नीम्ति आम नागरिकलाई मानव अधिकारको महत्व र आवश्यकता बारे ज्ञान हुनुपर्दछ । आधारभूत तहमा मौलिक हकको रुपमा नेपालको संविधानले प्रत्याभूत गरेका मानवअधिकार उपभोगको सुनिश्चितता गर्ने राज्य र राज्यद्वारा परिचालित राज्यका यन्त्रहरू जस्तै प्रशासन, प्रहरी र राज्यका संवैधानिक अंगहरू जस्तै न्यायालय, मानव अधिकार आयोग, स्थानीय न्यायिक समिति आदि हुन् । स्थानीय सरकारको प्रमुख दायित्व अन्तर्गत मानव अधिकार प्रत्याभूत गर्नु र सामाजिक न्याय कायम गर्नु पर्ने भएकोले स्थानीय विकास योजनाका यी विषयको सम्बोधन गरिएको छ ।

## ७.२.२ समस्या तथा चुनौती

अशिक्षा, अज्ञानता र पछौटेपन लगायतका सामाजिक कु-संस्कार, गरिबी, दण्डहिनता, राजनीतिक र नागरिक चेतनाको अभाव, न्यायमा पहुँच लगायतका विषय मानव अधिकार तथा सामाजिक न्यायको स्थापनाको क्षेत्रमा समस्या र चुनौतीका रुपमा रहेका छन् ।

## ७.२.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| सामाजिक न्यायपूर्ण समाजको निर्माण |
| **लक्ष्य** |
| मानव अधिकार उल्लङ्घनका घटनाहरुमा उल्लेख्य कमी ल्याई मौलिक हक प्रत्याभूत गर्ने । |
| **उद्देश्यहरू** |
| ✓ मानव अधिकारको प्रत्याभूति गरी न्यायपूर्ण समाजको निर्माण गर्नु । |

## ७.२.४ रणनीति

१. मानव बेचविखन तथा शोषणका दृष्टिकोणले संवेदनशील व्यक्ति तथा समूह पहिचान गरी व्यापक जनचेतना अभिवृद्धि र सशक्तिकरण गर्ने ।

## ७.२.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | जोखिम समूह र व्यक्तिको पहिचान | संरक्षणका उपाय अवलम्बन | ०८२/८३-०८२/८३ | ६०० | जोखिम समूह र व्यक्तिको पहिचान |
| २. | सामाजिक सञ्जाल तथा स्थानीय सञ्चार माध्यम मार्फत जनचेतनामूलक कार्यक्रम | मनवता विरोधी घटनाको न्यूनीकरण | साल बसाली | ५०० | सामाजिक सञ्जाल तथा स्थानीय सञ्चार माध्यम मार्फत जनचेतनामूलक कार्यक्रम |
| ३. | वडास्तरीय मानव अधिकार सेल गठन | मानव अधिकारको संरक्षण | ०८२/८३-०८३/८४ | ६०० | वडास्तरीय मानव अधिकार सेल गठन भएको हुने |
| ४. | आर्थिक तथा सामाजिक सशक्तिकरणका लागि लक्षित समूह आय आर्जन कार्यक्रम | आर्थिक सशक्तिकरण | साल बसाली | ६०० | आर्थिक तथा सामाजिक सशक्तिकरणका लागि लक्षित समूह आय आर्जन कार्यक्रम संचालन भएको हुने |
| ५. | न्यायिक समितिमा मानवअधिकार उल्लङ्घनका घटना दर्ता गर्न महिला सेल अभिमूखीकरण | मनवअधिकार हननका घटना प्रति संवेदनशिलता वृद्धि | ०८२/८३-०८२/८३ | ५०० | न्यायिक समितिमा मानवअधिकार उल्लङ्घनका घटना दर्ता गर्न अभिमूखीकरण भएको हुन |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ६. | निशुल्क कानूनी परामर्श सेवा सञ्चालन | सुलभ र प्रभावकारी कानूनी सेवा | ०८२/८३-०८२/८३ | ६०० | निशुल्क कानूनी परामर्श सेवा सञ्चालन भएको हुन |

### ७.२.६ जोखिम पक्ष तथा अनुमान

मानवअधिकार अभावमा विकासको कुनै पनि उपलब्धिको मुल्य र महत्व रहदैन् । सामाजिक वर्ग विभेद, जात व्यवस्था, लैङ्गिक असमानता, यौनिक र अल्पसंख्यक मानिसको पहिचानको अभाव, कानूनको व्यक्ति जनित व्याख्या र कार्यान्यवनले आधारभूत मानव अधिकारको उल्लङ्घनका हुने जोखिम रहन्छ । विकास योजना निर्माण, नीति तथा कार्यक्रम तर्जुमा, लक्षित वर्ग कार्यक्रम कार्यान्वयन जस्ता आधारभूत पक्षमा सरोकारवाला पक्षको आवाज, प्रतिनिधित्व र पहिचानको सम्बोधन हुन सकेमा मात्र मानव अधिकारको संरक्षण हुन्छ ।

## ७.३ तथ्याङ्क, व्यवस्थापन, राजश्व परिचालन, वित्तीय अनुशासन तथा लेखा व्यवस्थापन

### ७.३.१ पृष्ठभूमि

कुनै पनि विकास योजनालाई सफल रुपमा कार्यान्वयन गर्न वस्तुनिष्ठ सूचनाको अनिवार्यता हुन्छ । यसका लागि वस्तुनिष्ठ र विश्वसनीय सूचना तथा तथ्याङ्क प्रणालीको आवश्यकता रहन्छ । अर्कोतर्फ राजश्व परिचालन, वित्तीय अनुशासन र लेखा व्यवस्थापन नियमित र वैज्ञानिक नहुँदा राज्यको स्रोत र साधनको व्यापक दुरुपयोग हुन सक्ने जोखिम रहन्छ । यी पक्षहरुलाई ध्यानमा राखी तथ्याङ्क व्यवस्थापन, राजस्व परिचालन, वित्तीय अनुशासन र लेखा व्यवस्थालाई सुदृढ गर्नुपर्ने भएकोले यो खण्ड तयार पारिएको छ ।

### ७.३.२ समस्या तथा चुनौती

सार्वजनिक नीतिलाई तथ्य र प्रमाणमा आधारित बनाउन भरपर्दो तथ्याङ्क प्रणालीको आवश्यकता पर्दछ । विश्वसनीय तथ्याङ्क प्रणालीको विकासको लागि चाहिने नीतिगत, संस्थागत र मानवीय प्रबन्धका लागि पर्याप्त लगानी, राजस्वको क्षेत्र पहिचान, चुस्त र प्रविधिमा आधारित लेखा र लेखापरीक्षण प्रणाली, वित्तीय सुशासन कायम यो क्षेत्रको चुनौतीको रुपमा रहेको छ ।

### ७.३.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| दिगो सूचना अभिलेख तथा वित्तीय व्यवस्थापन |
| **लक्ष्य** |
| सूचना प्रविधिको प्रयोगमार्फत तथ्याङ्क र वित्तीय व्यवस्थापनलाई चुस्तर र दुरुस्त राख्ने । |
| **उद्देश्यहरू** |
| ✓ दिगो र फराकिलो वित्तीय स्रोत व्यवस्थापनका लागि नीतिगत व्यवस्थापन गर्नु ।<br>✓ प्रभावकारी, सहभागितामूलक तथा दिगो योजना व्यवस्थापन गर्नु । |

### ७.३.४ रणनीति

१. आन्तरिक राजश्व प्रणालीलाई पारदर्शी र सुदृढीकरण गर्दै सार्वजनिक, निजी तथा स्थानीय समुदायको सहभागितामूलक प्रक्रियाबाट स्रोत परिचालनको मोडालिटी बनाउने ।
२. सुदृढ अभिलेख प्रणालीको विकास गर्ने ।
३. आर्थिक प्रशासन सम्बन्धी संस्थागत संयन्त्र निर्माण गरी वित्तीय व्यवस्थापनलाई प्रभावकारी तुल्याउने ।

### ७.३.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | तथ्याङ्क तथा सूचना इकाई गठन | विश्वसनीय सूचना तथा तथ्याङ्कको उत्पादन | ०८२/८३-०८४/८५ | ३०० | तथ्याङ्क तथा सूचना इकाइ गठन भएको हुने |
| २. | सूचना अभिलेखाङ्कन सफ्टवेयर खरिद | प्रविधिमा आधारित अभिलेख | ०८२/८३-०८२/८३ | ५०० | सूचना अभिलेखाङ्कन सफ्टवेयर खरिद भएको हुने |
| ३ | गाउँपालिकाको राजश्व सुधार सम्भाव्यता अध्ययन | राजश्व संकलनमा सुधार | ०८२/८३-०८३/८४ | ५०० | गाउँपालिकाको राजश्व सुधार सम्भाव्यता अध्ययन भएको हुने |
| ४ | राजश्व अभिवृद्धि गर्न राजश्व अनुसन्धान अधिकृतको व्यवस्था | राजश्व सुधार | ०८२/८३-०८२/८३ | १००० | राजश्व अभिवृद्धि गर्न राजश्व अनुसन्धान अधिकृतको व्यवस्था भएको हुने |
| ५ | गाउँपालिकाको वित्तीय कारोबारलाई SUTRA प्रणालीमा आबद्ध | व्यवस्थित वित्तीय कारोबार | ०८२/८३-०८२/८३ | १२०० | गाउँपालिकाको वित्तीय कारोबारलाई SUTRA प्रणालीमा आबद्ध गरी व्यवस्थित गरिएको हुने |
| ६ | सार्वजनिक खर्चको मापदण्ड निर्माण | कानून बमोजिमको सार्वजनिक खर्च | ०८२/८३-०८३/८४ | ३०० | सार्वजनिक खर्चको मापदण्ड निर्माण भएको हुने |

### ७.३.६ जोखिम पक्ष तथा अनुमान

तथ्याङ्क प्रणाली र स्वस्थ सार्वजनिक वित्त व्यवस्थापन निर्माणका लागि समयमा पर्याप्त लगानी गर्न नसकिएमा कुनै पनि उत्कृष्ट योजना/आयोजना कार्यान्वयन नहुने जोखिम रहन्छ ।

#### नतिजा सूचकहरु

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| १. | **सुशासन तथा सेवा प्रवाह** | | | | |
| | प्रतिफल | सेवा प्रवाह सन्तुष्टि सर्वेक्षण | संख्या | | |
| | प्रतिफल | सार्वजनिक सुनुवाई | संख्या | | |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| | प्रतिफल | अनुगमन | संख्या | | |
| | असर | पूँजीगत बजेट खर्च | प्रतिशत | | |
| | असर | लक्षित आयोजना सम्पन्न | प्रतिशत | | |
| | प्रतिफल | न्यायिक समितिबाट फर्स्यौट मुद्दा संख्या (वार्षिक) | संख्या | | |
| | प्रतिफल | जनगुनासो संख्या | संख्या | | |
| | प्रतिफल | गुनासो सम्बोधन प्रणालीबाट सम्बोधन भएका गुनासा | संख्या | | |
| | प्रतिफल | कर्मचारी जनप्रतिनिधि तालिम अभिमुखीकरण | संख्या | | |
| | प्रतिफल | सूचना प्रविधिमा आबद्ध सूचना संख्या | संख्या | | |
| | प्रतिफल | स्थानीय रेडियो कार्यक्रम प्रसारण | संख्या | | |
| | प्रतिफल | निजी क्षेत्र अन्तरक्रिया | संख्या | | |
| २. | **मानव अधिकार तथा सामाजिक न्याय** | | संख्या | | |
| | प्रतिफल | जोखिममा परेका व्यक्तिको संख्या | संख्या | | |
| | प्रतिफल | मानव अधिकार सेल संख्या | संख्या | | |
| | प्रतिफल | लक्षित समूह आय आर्जन कार्यक्रम संख्या | संख्या | | |
| | प्रतिफल | न्यायिक समितिमा दर्ता भएका मानव अधिकार उल्लङ्घनका | संख्या | | |
| | प्रतिफल | मानव अधिकार घुम्ती कक्षा संख्या | संख्या | | |
| | प्रतिफल | निशुल्क कानूनी परामर्शबाट दर्ता भएका मुद्धा संख्या | संख्या | | |
| | प्रतिफल | यौन हिंसाका घटना (दर्ता संख्या) | संख्या | | |
| | प्रतिफल | मानव बेचविखनमा परेका संख्या | संख्या | | |
| ३. | **तथ्याङ्क व्यवस्थापन राजश्व परिचालन** | | | | |
| | प्रतिफल | तथ्याङ्क व्यवस्थापन प्रणालीमा आबद्ध सूचना प्रणाली संख्या | संख्या | | |
| | प्रतिफल | करदाता शिक्षा कार्यक्रम संख्या | संख्या | | |
| | असर | कूल बजेटमा आन्तरिक राजश्व वा करको हिस्सा | प्रतिशत | | |
| | असर | कूल स्वीकृत बजेटको खर्च प्रतिशत (वार्षिक) | प्रतिशत | | |
| | प्रतिफल | दर्ता भएका व्यवसाय संख्या | संख्या | | |
| | प्रतिफल | राजश्व संकलन हुने शिर्षक संख्या | संख्या | | |